CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली १५४२०

नेपाली

संक्षिप्त रामायण

पं. चक्रपाणि चालीसे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली

संक्षिप्त रामायण

पं. चक्रपाणि चालिसे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

* प्रकाशक:

* साझा प्रकाशन,

* काठमाडौं, नेपाल ।

R

294.592
C497

तेह्रौं संस्करण

[साझा प्रकाशनबाट छैटौं पटक २१००]

२०३९ साल

मूल्य: ७।६५

१४४८३

मुद्रक:–

बागबजार छापाखाना

काठमाडौं, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

संवत १९७२ मा गो० भा० प्र० समितिले प्रकाशन गरेको यस पुस्तकले गत २०१९ सालसम्ममा ने० भा० प्र० समिति मार्फत अरू छः भोटो फेऱ्यो । अब आज नवौं भोटो फेराउन हामी आइपुग्यौं । यस्ता भोटा अव चाहिएजति फेराउँदै जानेछौं हामी–केवल पाठकहरूले यसमाथिको प्रेम कम गरिदिनु भएन ।

यस पुस्तकका जन्मदातालाई यहाँ सम्पादक लेख्ने गरिएको हामीलाई ठीक लागेन र लेखक भनी यहाँ चिनाएका छौं, किनभने वस्तुतः उहाँ यसका लेखक नै हुनुहुन्थ्यो ।

२०२७ क. द्वी.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुखबन्ध

रामायणको संक्षिप्त परिचय

"ज्येष्ठो जयति वाल्मीकिः सर्गबन्धे प्रजापतिः
यः सर्वहृदयालीनं काव्यं रामायणं व्यधात् ।"

काव्यरूप अपार संसारको सृष्टिचक्र चलाउने आदिकवि महर्षि वाल्मीकिलाई सहस्रशः नमस्कार छ, जसको परिपूर्ण कृपाकटाक्षदेखि जगत्पूज्य भगवान् रामचन्द्रको चरित्र रामायणात्मक आदिकाव्यको प्रादुर्भाव भयो, जुन रामायणात्मक काव्यको पठनपाठनले हामीहरू आफूलाई पवित्र सम्झन्छौं ।

महात्मा मुनिवर उनै वाल्मीकि एक दिन आफ्ना आश्रममा आनन्दपूर्वक बसेका थिए । त्यस वेला अव्याहतगति देवर्षि नारदजी त्यहाँ आए । अकस्मात् आएका ती नारदजीलाई देखी नमस्कारका अनन्तर अत्यन्त प्रसन्नताका साथ वाल्मीकिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आसनादिद्वारा उनको सत्कार गरे । यही अवसरमा प्रसंगवशात् वाल्मीकिले नारदसँग प्रेमपूर्वक सोधे "हे ऋषीश्वर ! यस लोकमा सर्वैश्वर्यसंपन्न पुण्यात्मा, आत्मज्ञानी, क्षमी, तेजस्वी र महापराक्रमी पुरुष को छ ? कसको कीर्ति चन्द्रमाका किरण झैं सारा जगत्‌मा प्रकाशमान छ ? भूषणादिले सुन्दरी स्त्रीलाई झैं राज्यलक्ष्मीले कसलाई भूषित गराएका छन् ? लताहरूको वसन्त ऋतु झैं प्रजाहरूको जीवनाधार भएर रहेको को छ ? रत्नको समुद्र झैं गुणको खानि बनेर बसेको को छ ?

वाल्मीकिका इत्यादि प्रश्न सुनेर नारदले भने–"मुनीश्वर! तपाईंले बढिया कुरा सोध्नुभयो, तर तपाईंले सोधे जस्ता मानिस श्रीरामचन्द्रबाहेक अरू पाउनु कठिन छ । यस लोकमा रामचन्द्रजत्तिको गुणी, पुण्यात्मा, सत्यसन्ध, जितेन्द्रिय, कीर्तिमान्, ज्ञानी र पवित्र पुरुष अरू छैन । रामचन्द्रको महिमा अपार छ । यस त्रिभुवनमा राम जस्तो राजा भएन । राजाहरूका मध्यमा रामचन्द्र शिरोमणि हुन् । यसरी रामचन्द्रको ठूलो प्रशंसा गरी नारदजी आफ्ना धाममा गए । महर्षि वाल्मीकि पनि यिनका वचनामृतपानले प्रसन्न चित्त भई रामचन्द्रको प्रशंसा गर्न लागे । एकदिन वाल्मीकि तमसा नदीमा स्नान गरेर आफ्ना शिष्यका साथ वनमा घुम्न लागेका थिए । त्यसै वेला अकस्मात् आफ्ना अगाडि कामातुर क्रौञ्च पक्षी (कऱ्याङ्कुरुङ) लाई कोही व्याधाले वाण हानी मारेको देखे । सो देख्ता वाल्मीकिका मनमा करुणरसको प्रवाह चल्न लाग्यो । त्यही शोकले विह्वल भएर मनमा विचार गर्न लागे कि अहो ! यस निर्दयी व्याधाले बडो मर्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदारक कर्म गऱ्यो । यसले निरपराध यस पक्षीको व्यर्थ ज्यान लियो (हाय !) आज मैले यस्तो के देख्नुपऱ्यो ? यस्तो विचार गर्दागर्दै वाल्मीकिका मुखबाट अकस्मात् श्लोकरूप भएर यो वचन निस्क्यो:-

"मा निषाद ! प्रतिष्ठा त्वमगम: शाश्वती: समा:
यत्क्रौञ्चमिथुनादेकमवधी: काममोहितम् ।।"

यसरी आफ्ना मुखबाट अकस्मात् श्लोक निस्कँदा वाल्मीकिलाई आफैं आश्चर्य लाग्यो । उनी उही श्लोक पढेर शिष्यहरूलाई सुनाउँदै वनमा घुम्न थाले । त्यस वेला श्लोकबाट प्रसन्न भएका ब्रह्माजी त्यहीं आउनुभयो । वाल्मीकिले पनि पाद्यार्घ्यादि पूजाले उहाँलाई प्रसन्न गराए ।

यति भएपछि, ब्रह्माजीले वाल्मीकिसँग प्रसन्नताका साथ भन्नुभयो, "मुनीश्वर ! व्याधाले मारेको क्रौञ्चपक्षीलाई देख्ता करुणापूर्ण भएका तिम्रो मुखबाट जुन श्लोक निस्क्यो त्यो सरस्वतीको प्रसाद हो । त्यसै श्लोकका प्रभावले तिमी बडा कवि हुनेछौ । अब तिमी श्रीरामचन्द्रको चरित्रलाई सर्गबद्ध काव्य बनाऊ । तिमीसँग सरस्वती कृतार्थ होऊन्, तिम्रो वचन कुनै पनि बेसरोकार बेकामको नहोओस् । तिमीले बनाएको काव्य सबैले पढ्नेछन् । उसले सबैको मनलाई आनन्दित गराउनेछ । त्यो काव्यरूप तिम्रो कीर्ति आकल्प स्थिर रहनेछ । अब ढीलो नगरी चाँडै नै रामायणात्मक आदिकाव्यको तिमी प्रारम्भ गर । रामचन्द्रका सारा चरित्र आँखाले देखे झैं गरेर वर्णन गर्ने शक्ति तिमीलाई हुनेछ । सो काव्यरचनामा तिमीलाई केही पनि परिश्रम पर्नेछैन, सजिलैसँग समाप्त गर्नौला ।" यति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनी ब्रह्माजी अन्तर्ध्यान हुनुभयो । ब्रह्माजीको यस्तो वरदान पाएर बाल्मीकि अत्यन्त गद्‌गद भए । उनले रामचन्द्रका सारा चरित्र झलझली देख्न थाले । त्यसरी स्वयं रामचन्द्रको चरित्र ज्ञान हुँदा, उनी ब्रह्माजीका आज्ञाअनुसार रामायणात्मक आदि-काव्यको निर्माण गर्न लागे । केही कालमा सो काव्य समाप्त पनि भयो ।

आफूले बनाएको आदिकाव्य बाल्मीकिले आफ्ना आश्रम-मा बसेका रामचन्द्रका पुत्र लव र कुशलाई लय र तालका साथ सिकाए । उनीहरूले पनि आफूले पढेको सो काव्य ऋषि-मुनिहरूका आश्रममा गई गाउन थाले । एवंरीतमा राजसभा-हरूमा पनि उनीहरूले गाए । केही दिनमा तिनीहरू आफ्ना पिताजी रामचन्द्रका यज्ञमा पनि गुप्तवेषले गुरुका साथ पुगे । उहाँपछि रामचन्द्रका आज्ञाअनुसार दुवै भाइले सारा ऋषि-मण्डल र राजवर्गका अगाडि रामायण गाउन थाले । रामायणको प्रारम्भ यही हो ।

श्री रामः शरणं समस्तजगतां रामं विना का गति ।
रामेण प्रतिहन्यते कलिमलं रामाय कार्यं नमः ।
रामात्त्रस्यति कालभीमभुजगो रामस्य सर्वं वशे
रामे भक्तिरखण्डिता भवतु मे राम ! त्वमेवाश्रय ।।

---

१ सो रामायण अत्यन्त ठूलो छ । उसको संख्या शय कोटी छ भन्दछन्, 'शतकोटि सुविस्तरम्' तर सब रामायण कहीं पनि पाइंदैन । खालि लव कुशले गाएको रामायण २४००० मात्र पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(नेपाली संक्षिप्त रामायण)
— चक्रपाणि चालीसे

नेपाली संक्षिप्त रामायण

बालकाण्ड

गद्दीमाथि विराजमान, दयिता सीता लिई काखमा ।
भाई तीनसमेत वीर हनुमान्‌लाई लिई साथमा ।।
केले हुन्छ सुखी प्रजागण भनी सल्लाहमा सुस्थिर ।
पुण्यात्मा रघुनाथका भजनमा होऊँ सदा तत्पर ।।

अवधप्रान्तमा सरयू-नदीका किनारमा अघि अत्यन्त राम्रो र ठूलो अयोध्या नामक शहर थियो । जहाँका ठूला ठूला रमणीय र विचित्र महलहरूले अपूर्व कालिकढीको दृष्टान्त दिइरहेका थिए । अयोध्यावासी प्रजाहरू पनि एक एक बुद्धिमान्, विद्यावान् परिश्रमी र उत्साही थिए ।

त्यस बेला अयोध्या शहर शिल्प, वाणिज्य र विज्ञानहरूको वासस्थान भइरहेको थियो । उहाँका ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र- यी चारै वर्ण आफ्ना आफ्ना काममा प्रवृत्त थिए । उनीहरूलाई विधर्मीहरूले दबाउन पाउँदैनथे । प्रजाहरूमा विद्वेषको चिह्न पनि देखिदैनथ्यो । उनीहरू सधैं शान्ति-देवीका काखमा आनन्दपूर्वक रहेका थिए ।

हुन ता आजकल पनि अयोध्या नगर छँदैछ, तर उस्तो राम्रो र ठूलो छैन जस्तो पहिले थियो । यसैले इक्ष्वाकु-वंशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरूको मुख्य राजधानी यही शहर भएको थियो ।

इक्ष्वाकु-वंशमा ठूला प्रतापी शूर वीर अनेक राजाहरू उत्पन्न भए। राजा रघु पनि यसै वंशका हुन् । तिनका छोरा अज र इन्दुमतीबाट महाराज दशरथ पैदा भए । उनले राज्य गर्दा पृथ्वीभर उनीभन्दा ठूलो अर्को कोही राजा थिएन ।

दशरथ महाराजका कौशल्या, कैकेयी, सुमित्रा नामक तीन रानी थिए ।

आफू त्यस्ता ठूला राजा, उस्तै ठूलो राज्य, तीन तीन महारानी इत्यादि सब भोगको सामग्री पूरा पूरा थियो तापनि सन्तान नहुनाले महाराज दशरथलाई ठूलो ताप परेको थियो । यसै कारणले उनी रातदिन सन्तान कसरी होला भन्ने यही एक चिन्तामा मग्न थिए ।

एक दिन सन्तानका तापले ग्रस्त भएका महाराज दशरथले मन्त्री र अरू बुद्धिमान् भारादारसँग "वंश-रक्षाको उपाय के छ ?" भनी सल्लाह गरे । उसमा ऋष्यश्रृङ्ग ऋषिलाई ल्याएर पुत्रेष्टि गरेदेखि सन्तान अवश्य हुन्छन् भन्ने वसिष्टबाट उपदेश मिल्यो। यही सल्लाहअनुसार राजाले ऋष्यश्रृङ्गलाई बोलाउन पठाए ।

राज–सभामा आएर आसन–पाद्यादिले सुसत्कृत भएका ऋष्यश्रृङ्गले भने– "महाराज ! पुत्रेष्टि यज्ञ गरिबक्सियोस् त्यसबाट ईश्वरको अनुग्रहले हजूरलाई सन्तान अवश्य हुनेछन्; यही सन्तान-प्रद मुख्य उपाय हो ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋष्यशृङ्गको यस्तो शुभ सूचना पाई महाराज दशरथ पनि खुशी भए। उस दिनदेखि उनले मन्त्रीद्वारा पुत्रेष्टिको सामग्री पनि ठीक गर्न लगाए। सो तयार भएपछि अनेक ऋषिहरूलाई निमन्त्रणा भयो। उनीहरूले आएर राजाको पुत्रेष्टि नामक यज्ञको प्रारम्भ पनि गरे, त्यसमा ऋष्यशृङ्ग आचार्य भए।

अग्निकुण्डका वरिपरि विद्वान् ऋषिहरूले गरेको वेद-ध्वनिले सारा यज्ञ-भूमि गुञ्जायमान हुनलाग्यो। अग्निमा हवन गरेका उत्तम उत्तम वस्तुका सुगन्धले दशै दिशा व्याप्त गऱ्यो। यसरी ठूला उत्सवका साथ बराबर यज्ञ हुनलाग्यो।

अघि पुलस्त्य ऋषिको नाति रावणले सारा संसारलाई साह्रै दुःख दिंदा, त्यसका अत्याचारदेखि डराएकी पृथ्वी र देवताहरूले क्षीरसमुद्रमा गई भगवान्का शरणमा परेर स्तुति गर्दा स्तुतिबाट प्रसन्न भएका भगवान् विष्णुले भन्नुभएको थियो कि– "तिमीहरूले दुःख पाएको कारण मैले थाहा पाएको छु। त्यसको बन्दोबस्त पनि गरिसकेको छु। तिमी-हरूको दुःख र पृथ्वीको भार हरण गर्नका निमित्त मेरो चार अंश अयोध्याका महाराज दशरथका चार पुत्ररूप भई प्रकट हुनेछन्। तिमीहरूले पनि वानररूपले अवतार लिनू।" यस्तो भगवान्को आज्ञा पाएर देवताहरू खुशी हुँदै आफ्ना स्थानमा गएर बसेका थिए। यसैका केही कालपछि महाराज दशरथले यस यज्ञको प्रारम्भ गरेको हो।

यज्ञ-समाप्तिका बेला अकस्मात् अग्निकुण्डबाट प्रकट भएर अग्नि-देवताले महाराज दशरथलाई पायसले पूर्ण भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक पात्र दिए। त्यस पात्रमा रहेको सन्ततिप्रद पायस पाउँदा समुद्रबाट निस्केका धन्वन्तरीले दिएको अमृत पाउँदा इन्द्र-लाई झैं महाराजलाई बडो हर्ष भयो। यसै बेला उनले श्रद्धा-पूर्वक आफ्ना रानीहरूलाई सो पायस बाँडिदिए। रानीहरूले पनि प्रसन्नतासाथ सो पायस खाए। यति भएपछि विधिपूर्वक यज्ञ पनि समाप्त भयो।

पायस खाएका केही दिनपछि, यज्ञका प्रभावले महाराजका तीनै रानीमा विष्णुको अंश रहेको गर्भचिह्न देखियो। तीनै जनाले स्वप्नमा शंख, चक्र, गदा, पद्म लिएका तेजोमूर्ति कोही पुरुषले बराबर आफ्नो रक्षा गरेको देख्न लागे। दश महीना पुगेपछि कौशल्यामा एक, कैकेयीमा एक, सुमित्रामा दुई गरी जम्मा चार छोरा पैदा भए। गुरुको आज्ञानुसार राजाले जेठाको राम, माहिलाको भरत, साहिलाको लक्ष्मण र कान्छाको शत्रुघ्न भन्ने नाम राखे।

भगवान्को अंश लिएका यी चार भाइको जन्म भएपछि सारा संसारका अमंगलहरूको नाश र मङ्गलको प्रादुर्भाव भयो। दुर्भिक्ष र अकालमृत्यु आदि आपत्ति पनि सब हराए। सर्वत्र सम्पत्तिको राज्य भयो। साक्षात् विष्णुले पृथिवीमा अवतार लिनुभएपछि स्वर्ग पनि पृथिमीमा आएजस्तै भयो। जुन रावणको डरले दिक्पालहरू थरथराएका थिए, उनीहरूमा पनि धैर्यले वास गर्‍यो। जुन बेला जगत्लाई दुःख दिने राव-णलाई मार्नाका निमित्त भगवान् विष्णुले राम, भरत आदि चार रूप लिनुभयो भन्ने सुनेथे, त्यसै बेला तिनीहरूका हर्षको पारावार भएन। सब देव-देवताले अनेक तरहबाट ठूलो खुशी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मनाए । उता रावणका मुकुटबाट अनेक रत्न पनि बराबर खस्न थाले । यसले राक्षसकुलको सौभाग्यलक्ष्मी पनि रुन लागिन् भन्ने सम्झियो ।

यी चार भाइहरू सौन्दर्य, धैर्य, शौर्य आदि सम्पूर्ण गुणले सम्पन्न थिए । जतिजति यी राजकुमार बढ्दै गए, उति उति वद्यामा पनि प्रवीण हुँदै गए । लेख्नु, पढ्नु, वाण हान्नु, घोडा चढ्नु, शिकार खेल्नु इत्यादि सबै काममा चारै भाइ चांडै नै पार भए ।

गुणको चाह गर्ने, परस्परमा रिस नगर्ने, गुरुजनको आदर गर्ने, नम्रतासँग व्यवहार राख्ने र परस्परमा प्रेमसाथ रहने यी चारै भाइहरू एक क्षण पनि कतै अलग्ग रहँदैनथे ।

साधारणतया परस्परमा एक तरहको प्रेम थियो तापनि आगाको वायुसंगजस्तै, रामको लक्ष्मणसँग र समुद्रको चन्द्रमासँगजस्तै भरतको शत्रुघ्नसंग विशेष प्रेम देखिन्थ्यो । यस्ता उत्तम उत्तम पुत्र पाउनाले राजा र रानीहरू पनि अत्यन्त प्रसन्न भई पुत्रसुखको अनुभव गर्दथे ।

राजाहरूमा अधिराज दशरथका भाग्यको प्रशंसा गरिनसक्नु छ । जस्तै चार दाँत हुनाले ऐरावत हात्तीको शोभा हुन्छ उस्तै भगवान्‌का अंशबाट उत्पन्न भएका चार पुत्र हुनाले महाराज दशरथको शोभा भयो । यसै गरी अनेक आनन्द-मङ्गलका साथ भाग्यशाली महाराज दशरथका दिन बित्न लागे ।

यस्तैमा एक दिन तपस्वी महात्मा विश्वामित्र ऋषि महाराज दशरथका राजसभामा आए । राजाले पनि अकस्मात् आएका ऋषिलाई देखेर आसन, पाद्य, आर्घ्य, भोजनादिले सम्मान गरी हात जोरेर सोधे– "ऋषीश्वर ! हजूर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता महानुभावको दर्शन हामीजस्ता व्यवहारीले पाउनु पूर्व-जन्मको ठूलो पुण्यको फल हो। यस्तो अनुग्रह गरी पाल्नुभएको हुनाले बहुतै नम्रतासँग म विनति गर्दछु, कृपापूर्वक आफ्नो शुभागमनको कारण आज्ञा होस्। भक्त यथाशक्ति टहल गरी सो कार्य पूर्ण गराउनमा उद्यत रहनेछ।"

राजाको यस्तो निवेदन सुनी विश्वामित्रले भने-"महाराज ! म जुन वनमा बसी ईश्वरको भजन गर्दछु, त्यस वनमा दुइटा राक्षस आई मेरो भजन र होममा सधैं विघ्न गर्दछन्। यसैले साह्रै दुःख पाएको छु। मेरो यज्ञमा विघ्न गर्ने प्रतापी राजा रावणका अनुचर महाबली मारीच र सुबाहु भन्ने राक्षसहरू हुन्। ती दुईबाट मलाई बडो पीडा भएको छ। तसर्थ केही दिनका निमित्त श्रीरामचन्द्रलाई लैजान पाए यज्ञको रक्षा होला भन्ने आशाले आएको हुँ। यसमा महाराज-को अनुमति भए रामद्वारा ती राक्षसहरूको नाश गराई निर्विघ्नपूर्वक यज्ञ गर्ने थिएँ। बालक रामबाट यो कसरी होला भनी शङ्का लिनुपर्दैन। रामचन्द्रको प्रताप मलाई र तपाईंका गुरु वसिष्टलाई पनि यथार्थ थाहा छ। अवश्य रामले ती राक्षसको संहार गरिदिनेछन्। फेरि मेरा साथमा जानाले रामचन्द्रको धेरै कल्याण पनि हुनेछ। यस विषयमा वसिष्ट-जीसँग सल्लाह गरी मलाई उत्तर दिनुहोस्।"

विश्वामित्रको यस्तो असह्य वचन सुन्नाका साथ राजा बडो व्यग्र भए। उनलाई सहसा कर्तव्यको निर्णय हुन सकेन। एकछिनसम्म उनी छाँगाबाट खसेजस्ता भए। केही बेरपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनले आफ्नो आकुलित मन सह्मालेर हात जोरी विनति गरे -"हे ऋषिश्वर ! तपाईंको पाउमा मेरो यो प्रार्थना छ, रामचन्द्रले तपाईंको त्यस्तो ठूलो कार्य कसरी सम्पन्न गराउलान् ? किनभने रामको अवस्था अहिले बालकै छ । उनी त्यस्ता ठूला राक्षससँग कसरी लड्लान् ? बरु राक्षससँग लड्नाका निमित्त हात्ती, घोडा, रथ र पैदल फौजहरू लिई मै अग्रसर हुन्छु । ती राक्षसको म स्वय संहार गरूँला, रामचन्द्रलाई नलैजानुहोस् । नाबालक रामबाट राक्षसको नाश गराउने कुरा असभवजस्तो लाग्दछ । बरु यो पृथ्वी, गाई, धन अथवा सर्वस्व दे भने पनि खुशीसाथ दिन सक्छु, परन्तु यस बुढेसकालमा पाएको छोरा रामलाई दिनमा असमर्थ छु ।"

राजाले व्याकुल भएर भनेका यस्ता वचन सुनी विश्वामित्रजी हाँसे । सो हाँस्नको कारण राजाले केही बुझ्न सकेनन् । उनका गुरु वसिष्टले सो कारण बुझेका थिए । उनलाई यस कुराको यथार्थ ज्ञान थियो कि--"रामचन्द्र कोही साधारण पुरुष होइनन् । उनी साक्षात् परमेश्वरका अंश हुन् । उनलाई राक्षसादि जीव-जन्तुले केही हानि गराउन सक्नेछैनन् ।" त्यसैले वसिष्टलाई त्यस विषयको केही मात्र पनि चिन्ता थिएन । यसकारण उनले रामलाई विश्वामित्रका साथ पठाउनाले बढिया हुन्छ भन्ने निश्चय गरी राजालाई भने–"महाराज ! यसमा विचार गर्नुपर्दैन । विश्वामित्रका साथ रामलाई पठाइदिनाले ऋषिको यज्ञरक्षा मात्र होइन कि रामको समेत कल्याण हुनेछ । हजूरले कत्ति पनि सन्देह मान्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दैन । म ता सर्वथा विश्वामित्रका जिम्मा रामलाई पठाउनु नै उचित संझन्छु ।"

वसिष्टजीको पनि यस्तो बिचार बुझेर राजालाई फेरि मनमा ठूलो ताप पऱ्यो । विश्वामित्रको प्रार्थनालाई वसिष्टजीले युक्तिपूर्वक खण्डन गरिदिउन् भन्ने राजाको इच्छा थियो; परन्तु त्यसमा उल्टै वसिष्टजीले पनि सोही कुराको समर्थन गर्दा राजा बहुतै खिन्न भएर यो विचार गर्न थाले, अब रामलाई नदिनामा मेरो कल्याण छैन, बरु विश्वामित्र रिसाए-भने साह्रै अनिष्ट हुनेछ । यस्ता तेजस्वी महात्मा ऋषिका साथ रामचन्द्रलाई पठाइदिनामा के हानि होला ? कुलगुरु वसिष्टको पनि रामलाई विश्वामित्रका जिम्मामा पठाउने संमति छ भने म व्यर्थै किन शोक गरूँ ! जे भए पनि रामलाई पठाइदिन्छु ।

राजाले यो निश्चय गरेर रामलाई आफ्ना समीपमा बोलाई भने– "बाबु ! तिमी महात्मा विश्वामित्रका साथ जाऊ । ऋषिको जो आज्ञा हुन्छ सो काम गरेर आऊ । तिम्रा हिसाबमा जस्ता वसिष्ट गुरु हुनुहुन्छ उस्तै विश्वामित्र हुनुहुन्छ । यसमा भेदबुद्धि नराख ।" यति भनेर राजाले विश्वामित्रजस्ता महात्माका साथ रामलाई पठाउँदा खालि आशीर्वाद मात्र साथ लगाइदिए पनि पुग्छ भन्ने निश्चय गरी उनका साथ कोही सेना नपठाई खालि जाने आज्ञा मात्र दिए ।

पिताजीको आज्ञालाई शिरोपर गरी झटपट रामचन्द्र सरासर मुनिका साथ लागी जानुभयो । आफ्नो अभीष्टसिद्धि भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले विश्वामित्र पनि बडो खुशीसाथ तपोवनतिर जान लागे । लक्ष्मणको रामसँग विशेष प्रेम हुनाले दाज्यूलाई छोड्न सकेनन्, उनी पनि महाराज दशरथसँग बिदा भई रामका पछि लागे ।

बाटामा विश्वामित्रले रामलक्ष्मणलाई अनेक उपदेश दिँदै बला र अतिबला अर्थात् भोक, प्यास र थकाइ नलाग्ने विद्या र अरू अप्राप्य शस्त्रविद्या पनि पढाउँदै गए । ती दुई विद्याका प्रभावले रामलक्ष्मणलाई कहीं भोक,प्यास, श्रम आदिले बाधा गर्न सकेन । यसरी जाँदा जाँदा धेरै दिनपछि ती तीन जना ठूलो जङ्गलमा पुगे । त्यस जङ्गलमा अत्यन्त बलिया बडा-बडा हात्तीलाईसमेत उचाली पर्याँक्न सक्ने बल भएकी ताडका नाउँ गरेकी एक राक्षसी बस्तथी । सो जङ्गल भएको ठाउँमा अघि ठूलो एक शहर थियो । उसमा धेरै मानिसहरू बस्तथे । राक्षसीले त्यो शहरका मनुष्यलाई खाँदा खाँदैमा शून्य गराएकी हुनाले त्यस ठाउँमा ठूलो जङ्गल जमेको हो ।

जङ्गलमा पुगी विश्वामित्रले रामलाई भने– "बाबु ! अब पहिले यस राक्षसीलाई नै मार्नुपर्दछ । यसले धेरै निरपराध ब्रह्मज्ञानी ऋषिहरूलाई अकालमा कालका जाल हाली आफ्नो पेट भरी बसेकी छ । यसलाई नमारे अब पनि धेरै ऋषिहरूको नाश हुने सम्भावना छ । तसर्थ तिमी यसलाई मार्ने उद्योग गर । स्त्री बध शास्त्रमा निषिद्ध छ तापनि हामी ऋषिका उपकारका निमित्त यस आततायिनीलाई मार्नामा केही दोष छैन । यसमा अरू केही विचार गर्नुपर्दैन ।" विश्वामित्रको यस्तो आज्ञा पाई रामचन्द्रले त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राक्षसीलाई मार्नाका निमित्त उठिखेरे धनुको टंकार गर्नुभयो ।

रामचन्द्रले गरेको धनुको टंकारले दशै दिशा व्याप्त गऱ्यो । यस टंकारले जङ्गलका जन्तुहरू पनि कस्के । राक्षसी पनि पहिले ता केही डराई, तर नजीचमा मानिसको गन्ध पाउनाले त्यो राक्षसी निर्धक्क भएर राम र लक्ष्मणलाई खान भनी हात-मुख फैलाउँदै दौडी । उसलाई आफूमाथि आइ-लागेको देखी श्रीरामले पनि तुरुन्तै धनुको सन्धान गरी एक वाणले त्यसका हात काटिदिनुभयो । लक्ष्मणले पनि एक वाण थपी उसको नाक काटिदिए । त्यसरी हात र नाक काटिए-पछि त्यहाँबाट भागेर जङ्गलका झारभित्र लुकी । उहींबाट ती दुई भाइका उपर ठूला ठूला ढुंगाको वर्षा गर्न लागी ।

त्यसले हानेका ढुंगा यताबाट आउँछन् भनी पत्ता पाइँदैनथ्यो । चारैतिरबाट ढुंगाको वृष्टि हुन्थ्यो तापनि ती दुई भाइले पनि चारैतर्फ वाणको वर्षा गरी दशै दिशालाई व्याप्त गरे । राक्षसीका उपर पनि वाण गिरे । त्यस्ता तीखा तीखा वाणको चोट कहिल्यै पनि त्यसले खाएकी थिइन । त्यसैले रामचन्द्रका वाणको पीडा सहन नसकी व्याकुल भएर छटपटा-उँदै लुकेका ठाउँबाट त्यो राक्षसी निस्की र रामलक्ष्मणलाई खान भनी दौडन थाली । त्यसैबीचमा रामचन्द्रले एक वाण त्यसको छातीमा हान्नुभयो । त्यो वाण त्यसको बज्रजस्तो छाती छेडी प्राणसमेत लिएर पार गयो ।

वाणले छाती छेडिनाका साथ ताडका धडाम्म जमीनमा गिरी । त्यो गिर्नाले त्यहाँको भूमि ता थर्कने पर्थ्यो तर रावणकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अतिस्थिर राज्यलक्ष्मी पनि पर्किन् । त्यो पछारिनु नै रावणको भावी पतनको सूत्रपात पनि भयो । ताडका जमीनमा पर्नाका साथ प्राण छोडी परमधाममा गई ।

रामलक्ष्मणको अपूर्व पराक्रम देखी विश्वामित्र पनि अत्यन्त प्रसन्न भए । यही आनन्दको समयमा ती दुवै भाइलाई मुनिले उत्तम उत्तम कसैले रोक्न नसक्ने अस्त्रशस्त्रहरू पुरस्कार दिए । ती अस्त्रशस्त्रको प्रभाव थियो कि जसका उपर तिनको प्रहार गऱ्यो उसको नामतक पनि रहँदैनथ्यो । यस्ता अस्त्र र शस्त्र पाउनाले अत्यन्त तेज बढेका ती दुई भाइ विश्वामित्रका आश्रममा पुगे ।

त्यहाँपछि त्यस आश्रममा यज्ञको प्रारम्भ गर्नुहोस् भनी रामले विन्ति गर्दा विश्वामित्रले यज्ञको प्रारम्भ गरे । महर्षिका आज्ञानुसार सबै ऋषिहरू हवन गर्न लागे । रामलक्ष्मण पनि यज्ञका विघ्न हटाउनाका निमित्त धनुर्वाण लिई आश्रमका वरिपरि जङ्गलमा घुम्न थाले । जसरी सूर्य र चन्द्रमाले क्रमैसंग संसारलाई आफ्ना किरणद्वारा बचाउँछन्, उसै गरी धनुर्धारी ती दुई भाइले यज्ञभूमिको रक्षा गरे ।

जब त्यस यज्ञको धूवाँ टाढासम्म फैलियो, त्यो धूवाँ देखी मरीच र सुबाहु भन्ने दुई राक्षस विघ्न पार्नाका निमित्त आए । तिनीहरूलाई देखी रामले पनि वाणको वर्षा गरी सुबाहुलाई त्यसै ठाउँमा मारिदिनुभयो । मारीचलाई पनि एउटा अत्यन्त वेगी वाणले त्यहाँबाट उठाई समुद्रका किनारमा पुऱ्याएर गिराइदिनुभयो । यसरी ती बलिया र पराक्रमी राक्षसहरूको संहार गरेको देखेर सम्पूर्ण मुनिहरूले श्रीरामको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठूलो प्रशंसा गरे। त्यस दिनदेखि त्यस वनमा रहने ऋषि-मुनिलाई धेरै सुविस्ता भयो। राक्षसादिको डर कहिल्यै भएन। केही दिनसम्म राम र लक्ष्मण पनि त्यहीँ बसे।

एक दिन त्यहाँका सबै मुनिहरूले परस्परमा सल्लाह गरी महाराज जनकको यज्ञ हेर्न जाने निश्चय गरे। उसमा राम र लक्ष्मणलाई समेत लैजानुपर्छ भन्ने सबैको सम्मति भयो। त्यहाँबाट यथासमयमा राम र लक्ष्मणसहित ऋषिमुनिले मिथिलातिर प्रस्थान गरे। बाटामा पनि गौतम ऋषिका सरापले शिला भई पडिरहेकी अहल्यालाई श्रीरामले मुक्त गराउनुभयो। तदनन्तर विश्वामित्रसहित सबै जना आनन्द-साथ महाराज जनकको यज्ञशालामा पुगे।

मिथिलाका जनक ठूला नामी र ब्रह्मज्ञानी थिए। यस उसले बडा–बडा ऋषिहरू पनि उनीसग ज्ञान सिक्न भनी आउँदथे। ती राजले प्रजालाई बडो आनन्दका साथ नीति-पूर्वक पालन गरेका थिए। उनकी सीता नामकी एक कन्या थिइन्। तिनको विवाह गर्नालाई स्वयम्वरका निम्ति त्यहाँ एक सभाको समारोह भएको थियो। देश-देशका राजाहरू पनि निमन्त्रित थिए। मुनिवेषधारी तेजस्वी राम र लक्ष्मण-लाई साथमा लिएका विश्वामित्र पनि काम र अर्थलाई साथमा लिएका मूर्तिमान् धैर्य झैं त्यस सभामा पुगे। मुनिवेषमा रहेका ती दुई भाइलाई क्षत्रिय कुमारजस्ता देखेर बडो आश्चर्यका साथ त्यहाँका मानिसहरू मनमा अनेक विचार गर्न लागे। त्यसै बेलामा विश्वामित्रले सबैका अगाडि यी राम र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लक्ष्मण अयोध्याधिपति महाराज दशरथका कुमार हुन् भन्ने कुरा र रामचन्द्रले गरेका सुबाहुवधादि पराक्रमका सारा वृत्तान्त सुनाए । सो कुरा सुन्नाले प्रसन्न भएका सबै सभासद्हरू पनि परस्परमा खुशी हुँदै यी कुरा गर्न थाले– "अहा ! यी श्यामवर्ण भएका राजकुमार (रामचन्द्र) सीताजीलाई अत्यन्त योग्य रहेछन् । यिनसंग सीताजीको विवाह भए सुवर्णमा रत्न जडेजस्तो योग्य हुने थियो ।"

यस्तैमा एक अत्यन्त पुरानो कसैले उचालिनसक्नु ठूलो धनु हजारौं मानिसद्वारा बोकाई त्यस सभामा उपस्थित गराइयो । महाराज जनकले त्यस धनुलाई देखाएर भने– "जसले यस धनुलाई उठाई यसमा ताँदो चढाउला उसैलाई म आफ्नी छोरी सवगुणसम्पन्ना सीता समर्पण गरूँला ।"

जनकको यस्तो भयङ्कर प्रतिज्ञा सुनी रामसंग सीताको विवाह भए हुँदो हो भन्ने मानिसहरूको मनमा फेरि यो तर्क उठ्यो "अहो ! औसर चुक्न आँट्यो, किनभने यो धनु ठूलो छ, यी राजकुमार साह्रै बालक छन्, विचार गर्दा यिनमा यो धनु उठाउने शक्ति देखिदैन, सो धनु नउठाई सीताजीसंग यिनको विवाह हुनु असम्भव भयो । अहा ! यस्ता योग्य वरसँग सीताजीको सम्बन्ध हुन आँटेन ।" यस्तो तर्क-वितर्क गर्ने ती बिचराहरूलाई रामचन्द्रका पुरुषार्थको केही ज्ञान थिएन । यसैले तिनीहरूलाई त्यस विषयमा खेद पर्न लागेको थियो ।

यस्तैमा त्यहाँ आएका अनेक राजकुमारहरू यथाशक्ति त्यो धनु उठाउनामा उद्यत भए । परन्तु कसैको पनि केही चलेन । कसैले अलिकति पनि धनुलाई डगाउन सकेनन् । सारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रयत्न निष्फल भएका ती राजा र राजकुमारहरू लज्जित भएर आफ्ना-आफ्ना आसनमा आई बसे ।

यसरी हतोत्साह भएका सारा राजा र राजकुमारहरूलाई देखी महाराज जनक अत्यन्त दुःखित भएर सभाका बीचमा भन्न लागे-- "वडो खेदका साथ आज मलाई ज्ञान भयो कि दुनियाँमा कोही वीर पुरुष रहेनछ । मैले नबुझीकन यस्तो उग्र प्रतिज्ञा गरेछु । यसले अहिले मलाई ठूलो ताप पर्न आयो । कसैको प्रारब्धमा सीतासंगको विवाह लेखेको रहेनछ । अब मेरो प्राण जावस् वा छोरी सीता जन्मभर कुमारी नै रहुन् तथापि म आफ्नो प्रतिज्ञालाई भंग गर्न सक्तिनँ । प्रतिज्ञा गर्नु साह्रै अयोग्य कुरा हो । के गरूँ, यो प्रतिज्ञा पूरा गराइदिने वीर कोही पृथिवीमा रहेनछ ! मैले यो प्राण राख्नु खालि हास्यको कारण मात्र भयो ।"

राजा जनकले यसरी खेद प्रकाश गरेको सुनी लक्ष्मणको मुख एकदम लाल भयो, उनी क्रोधले थरथर काँप्दै उठेर भन्न लागे,-"महाराज ! के यहाँ सूर्यवंशी राजकुमारहरू आएको देख्नुभएन ? यो कत्रो कुरा हो र, यस्तो जाबो कुरामा सारा क्षत्रियलाई ऊँच नीच भन्नु ठीक पर्दैन, दाज्यैज्यूका कुरा परै रहुन्, म पनि यस जीर्ण धनुलाई अहिल्यै टुक्राटुक्रा गरी फ्याँकिदिन सक्तछु ।"

लक्ष्मणलाई सारै क्रोध चढेको देखी श्रीरामले एक पटक उनका पीठमा धाप मारेर भन्नुभयो--"भाइ ! यसरी रिसाउनु हुँदैन । आऊ, यहाँ बस । चित्तको वेग रोक ।" दाज्यूको यस्तो आज्ञा सुने तापनि लक्ष्मणको रिस केही कम भएन । उनी फन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्जेर बोल्न थाले, "दाज्यै ! के जनकले हाम्रो यस्तो तिरस्कार गर्नु योग्य हो ? आगोको सानो फिलिंगाले पनि ठूलो जंगल भस्म गराउन सक्छ भने हामीलाई केटाकेटी सम्झेर जनकले यसो भन्नु हाम्रो महान् तिरस्कार हो । उहाँले यो धारणा गरिसक्नुभएछ कि सूर्यवंशी राजपूतहरूमा पनि विद्यार्थी वीर कोही रहेनछन् । यो कत्रो लज्जाको कुरा हो ? यस्तो अवहेलना को सहन गर्नसक्ला ?" यति भनेर रिसले जाज्वल्यमान भएका लक्ष्मण यताउति हेर्दै रामका नगीचमा घुम्न लागे । यही अवसरमा विश्वामित्रले अघि सरेर रामसँग भने– "बाबु राम ! यस बेला महाराज जनकलाई ठूलो ताप परेको छ । सो सन्ताप छुटाउने मौका यही हो, लौ यत्न गर, बखतमा देखाएको पुरुषार्थ नै प्रशंसनीय हुन्छ ।"

ऋषिको आज्ञा सुन्नासाथ रामचन्द्र धनु उठाउने तजबीज गर्न लाग्नुभयो । त्यति साना रामचन्द्रको त्यस्तो साहस देख्ता त्यहाँ बसेका सबैलाई ठूलो आश्चर्य भयो । यस्तैमा सीताजी पनि सखीहरूका साथ वरमाला लिएर त्यहाँ आउनुभयो । अगाडि उत्साह, धैर्य, गाम्भीर्य र वीररसले पूर्ण भएका रामचन्द्रको मोहिनी मूर्ति देख्ता उहाँका मनमा अनुरागको अंकुर पैदा भयो । यसैले सीताजी ईश्वरसँग मनमनैमा यस्तो प्रार्थना गर्न लाग्नुभयो–'हे परमात्मन् ! यस धनुलाई हलका गरिदिनुहोस् । यो धनु उठाउँदा श्री रामचन्द्रलाई कत्ति पनि परिश्रम नपरोस् ।"

यता सीताजी यस्तै विचारमा मग्न हुनुहुन्थ्यो, उता श्रीरामचन्द्रले सहजैसित धनु उठाउनुभयो । ताँदो चढाउनाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त उहाँले अलिकति खिच्तैमा बडो भयंकर शब्दका साथ भाँचिएर एकदम त्यो धनु दुई टुक्रा भयो । त्यो शब्द सुन्दा विश्वामित्र र रामलक्ष्मणबाहेक त्यस सभामा बसेका राजा जनकसमेत सारा सभासद्हरू कस्के । एक छिनपछि सबै एक स्वरले आश्चर्यपूर्वक भन्न लागे– "ओहो ! रामचन्द्रको कस्तो पराक्रम रहेछ । अघिसम्म यो बालक राजकुमार रामले यो धनु तोड्नुहोला भन्ने कसैको मनमा थियो ?"

धनु भाँचिनाका साथ महाराज जनकले सीताजीलाई बोलाएर भने– "पुत्रि ! धन्य तिम्रो भाग्य, वीर पति पाएर तिमी विरवधू हुने भयौ । अब रामचन्द्रलाई माला पहिराऊ, ढीलो नगर । स्त्रीजातिले वीर र गुणी पति पाउनु यो ठूलो भाग्य हो । तिमी साह्रै भाग्यवती रहिछौ । यस्ता वीर, गुणी र सुन्दर वर पायौ । मेरो मन साह्रै खुशी भयो ।" यति भन्दै गद्गद भएर महाराज जनक रामचन्द्रको प्रशंसा गर्न लागे । त्यसै बेला श्री सीताजीले पनि मंगलवाद्यका साथ रामचन्द्रलाई वरमाला पहिराइदिनुभयो । त्यो देखी चारैतिरबाट सारा दुनियाँले रामचन्द्रको जयध्वनि गरे । त्यस सभामा हर्षको सीमा रहेन ।

विवाहको दिन नगीचै नियत भएको हुनाले, उसै दिन-देखि सरजामको तयारी हुन लाग्यो । अयोध्यामा महाराज दशरथलाई समाचार दिन भनी रिसल्ला दौडे । उहाँ पुगी तिनीहरूले खुशीसाथ सो सबै शुभ समाचार सुनाए । यस्तो हर्षको कुरा सुन्दा राजा दशरथले पनि मन्त्रीद्वारा विवाहको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सामग्री, रथ, हात्ती, ऊँट र गाडाहरू सब तयार गराए । सो ठीक भएपछि आफ्ना कुल-कुटुम्ब र मन्त्रीहरूका साथ गुरु वसिष्ठलाईसमेत लिई उनले मिथिलातिर प्रस्थान गरे । बाटामा ठूलो उत्सव मनाउँदै घेरै लश्कर चल्न लाग्यो । मानिसका पाउ र घोडाका टापले बाटाका पत्थरहरू पनि चूना हुन थाले ।

राजा जनकले पनि वास-वासमा उत्तम-उत्तम अन्नपानादिको ठीक प्रबन्ध मिलाएका थिए । नदीहरू तर्नुपर्ने ठाउँमा पुल पनि बँधाएका थिए । बाटामा कुनै कुराको कमी थिएन । यस्तो सबै प्रकारबाट आफ्नो पूरा सत्कार गरेको देखी महाराज दशरथलाई पनि अत्यन्त हर्ष भयो । चारै दिनका दिन सारा फौजसमेत उनी मिथिलामा पुगे ।

राजा जनककी 'उर्मिला' भन्ने अर्की छोरी र उनका भाइ कुशध्वजकी 'माण्डवी' र 'श्रुतकीर्ति' भन्ने दुई छोरी गरी सीताजीसमेत जम्मा चार कन्या थिए । दशरथ महाराजका पनि राम, भरत, लक्ष्मण र शत्रुघ्न यी चार कुमार थिए । यिनै चार भाइको सीता, उर्मिला, माण्डवी र श्रुतकीर्ति यी चार कन्यासँग यथाक्रमैले विधिपूर्वक विवाह भयो । त्यस विवाहद्वारा अनेक उत्सवका साथ परस्परमा उचित सम्बन्ध हुनाले दुवै पक्षका राजाका मनमा ठूलो आनन्द भयो ।

वैदिक विधिअनुसार कन्यादान आदि कर्म सकिएका केही दिनपछि महाराज जनकले हात्ती, घोडा, रथ, वस्त्र, आभूषण, दाम, दासी आदि असंख्य दाइजो दिएर कुलाचारअनुसार छोरीहरूलाई विदा गरे । महाराज दशरथ आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुटुम्बहरूलाई पनि विनयपूर्वक अनेक शिष्टाचारले सन्तुष्ट गराई अयोध्यातिर पठाउने प्रबन्ध गरे । उनका यथोचित सम्मानबाट प्रसन्न भएका राजा दशरथ पनि चार छोरा, चार बुहारीलाई लिई सबै सैन्यका साथ ठूलो उत्सव मनाउँदै अयोध्यातिर फर्के ।

बीच बाटामा आइपुगेपछि आगाले बल्न लागेको पर्वत-जस्तो देदीप्यमान शरीर भएका, एक हातमा धनु र अर्को हातले भीषण बञ्चरो काँधमा राखेका क्षत्रियकुलको संहार गर्ने जमदग्निका पुत्र परशुराम अकस्मात् आउन लागेका देखिए ।

अघि यिनका बाबु जमदग्निलाई क्षत्रियहरूले विनाअप-राधमा मारेका थिए । यसैले आफ्ना बाबुका वैरशुद्धिका निमित्त क्रुद्ध भएर यी परशुरामले पनि एक्काईस पटकसम्म पृथिवीमा घुमीघुमी पाएजति क्षत्रियको संहार गरिसकेका थिए । पछि पृथिवीतलमा क्षत्रियहरू नपाउँदा क्रोधको वेग घट्नाले केही शान्त भई यिनी कोही एकान्त वनमा तपस्या गरेर बसेका थिए । यस्तैमा धनु भाँच्नु आदि रामको पुरुषार्थ सुनी, राम-चन्द्र पनि क्षत्रिय हुन् भन्ने बुझेर फेरि यसलाई पनि दण्ड दिन्छु भनी उहाँकै खोजमा हिंडेका थिए । संयोगवश बाटामा उत्सवसाथ आउन लागेका रामलाई देखी उनले अगाडि गएर भने– "बच्चा ! के जनकको धनु भाँचेको तैंले नै हो ? बडो वीर हुँ भन्ने घमण्ड छ कि ? हेरूँ अब कत्तिको पुरुषार्थ देखाउँदो रहिछस्, यो ब्रह्माण्डमा पनि ताँदो चढाउन सक्छस् कि?" परशुरामको यस्तो क्रोधपूर्ण वचन सुनी महात्मा रामभने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केही बोल्नुभएन, तर लक्ष्मणजीलाई साह्रै असह्य हुँदा उपहासको हाँसो हाँस्न लागे। तिनले हाँसेको देख्ता परशुरामको क्रोधाग्नि झन् दन्दनायो, उनी बञ्चरो घुमाउँदै घुम्न लागे।

तिनको यो अवस्था देखी लक्ष्मणले केही हाँसेर भने— "तपाईं यस बञ्चरोलाई यति अग्लो गरेर किन उठाउनुहुन्छ? तपाईं ब्राह्मण भए शान्त भई बोल्नुहोस्, तपाईंलाई मेरो नमस्कार छ। बञ्चरो कोदालो देखाउने हो भने हामी पनि क्षत्रियके बच्चा ह्वौं, यो कुरा सहन सक्नेछैनौं।"

लक्ष्मणको यस्तो प्रत्युत्तर पाउँदा रिसले चूर भई परशुरामले बञ्चरो उठाएर तिनकाउपर प्रहार गर्न जाइलागे। तिनको त्यो साहस देख्ता, अब बिगार हुन आँट्यो भन्ने संकाले, झट अघि सरेर ऊनको बञ्चरोलाई रोकी रामले भन्नुभयो—"ऋषीश्वर! तपाईंको जे भन्नु छ मसंग भन्नुहोस्, यिनी केटाकेटी नै छन्, यिनीसंगको के कुरा ?"

रामले यसो भनेको सुनी परशुराम झन् चर्केर बोले-"हो, थाहा छ, यो सब तेरै काम हो। बडो बहादुर छु भन्दोहोस्। जनकका घरमा रहेको थोत्रो धनु भाँच्तैमा तँ आफूलाई पुरुषार्थी ठहराउँछस् ? हुन्छ मेरो यस धनुमा ताँदो चढाइस् भने तँ वीर रहिछस् भनी जानुंला। अनि जो गर्नुपर्ने गरूंला।"

परशुरामले यसरी दाज्यूसँग भनेका कुरा सुनी लक्ष्मणले फेरि बीचैमा कुरा काटेर भने—"बाहुन बाजे! रहन दिनुहोस्। तपाईं जुन धनुको प्रशंसा गर्नुहुन्छ त्यो पनि हाम्रो दाज्यूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भाँचेको पुरानो धनुजस्तै हो, त्यस धनुमा पनि केही प्रभाव छैन । के त्यसलाई पनि भँचाउने इच्छा छ र यो घमण्ड देखाउनुहुन्छ ?"

लक्ष्मणका मर्मभेदी वचन सुनेर परशुराम झन् रिसाउँदै फेरि भन्नलागे–"हे नालायक ! हेर्, तँ सानो मुखले ठूलो जवाब दिन लागिस् । अब म सहन सक्तिनँ । म बालक भनेर मात्र यतिबेर चूप लागेको हुँ नत्र यतिन्जेल तँलाई नाममात्र शेष गरेर छाडिदिने थिएँ ।"

परशुरामका यस्ता सेखीले भरिएका वचन सुनेर लक्ष्मणले पनि कत्ति नडराई फेरि धृष्टताका साथ भने– "जाऊ, बाजे ! मैले पनि तिमीजस्ता बाहुनहरू घेरै नै देखेको छु । तिमीलाई बाहुन भनी छोडिदिएको हुँ, अरू कोही भए अघि नै काम पुऱ्याइदिने थिएँ ।"

यसरी यी दुई जनामा विवाद हुँदै थियो; उता रामचन्द्र पनि बीचमा परशुरामलाई सम्झाउँदै गर्नुहुन्थ्यो, तर सब व्यर्थ भयो । रिसको अन्तिम समय नगीचै आएको हुनाले उनी निभ्ने वेलामा बत्ती झैं झन् चर्कैर बारंबार "वीर होस् भने यस धनुमा ताँदो चडाइदे" भन्दै दाँत कटकटाएर गर्जन लागे ।

त्यसरी परशुरामलाई गर्जन लागेको देखी अब यहाँ के उत्पात हुन आँट्यो भनी अरू दशरथ आदि त्यहाँका जनहरू डरले काँप्न लागे । श्रीरामले ती सबैलाई आश्वासन दिई परशुरामको त्यो धनुमा ताँदो चढाउनुभयो । त्यो देख्ता परशुरामको मुखको कान्ति एकाएक मलीन हुन लाग्यो । रामचन्द्रले क्यै गरी त्यस बाणको प्रहार परशुराममाथि गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भए उनी कदापि जीवित रहने थिएनन्, तर धर्मज्ञ रामचन्द्रले अन्यत्रै त्यो बाण छाडिदिनुभयो ।

त्यसपछि परशुराम रामचन्द्रको यस्तो अजेय सामर्थ्य देख्तैमा आफैं निस्तेज भएर आफूले भनेका दुर्वाक्यको क्षमा मागी रामको गुण गाउँदै आफ्नो आश्रमतिर गए। यता महाराज दशरथ पनि आफ्ना पुत्रको अद्‌भुत पराक्रम देखी आश्चर्य हुँदै सारा सैन्यलाई जयध्वनि गराउँदै कुटुम्बसहित आयोध्यामा आइपुगे ।

केही दिनपछि केकय देशबाट कैकेयीका भाइ आएर राजा दशरथसँग भेट गरी फर्कने बेलामा उनले आफ्ना भानिज भरत र शत्रुघ्नलाई पनि लिएर गए ।

यस्ता प्रकारले रामलक्ष्मण अयोध्यामा र भरतशत्रुघ्न मामाका घर (केकय देश) मा आरामसाथ सुख भोग गरी बस्न लागे ।

बालकाण्ड समाप्त

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्याकाण्ड

एक दिन महाराज दशरथले आफू बूढो भएको र छोराहरू समर्थ भएको देखी, राजपाट सब रामचन्द्रलाई दिएर आफू वानप्रस्थाश्रममा जाने अभिप्रायले मन्त्रीहरूसँग सल्लाह गरे। मन्त्रीहरूले पनि "महाराजको विचार ठीक हो, यसमा हामी सबैको सम्मति छ, अब राजगद्दी श्रीरामचन्द्रलाई नै बक्सनु बेश हो" भन्ने सम्मति दिए। यही सबको इच्छानुसार भोलि-पल्ट रामचन्द्रलाई राजतिलक दिने निश्चय भयो।

राम राजा हुन्छन् भन्ने कुरा सारा राज्यमा फैलियो। यो शुभ-सन्देश सुन्दा दुनियाँहरू बडो खुशी भएर अयोध्याभर नाच, गान आदि उत्सव गर्न लागे। तिनीहरू आफ्ना-आफ्ना घर र बजारहरू सजाई सडकहरूमा पानी छिड्कन थाले। ठाउँठाउँमा ध्वजा टाँगिए। दरबारका मानिस पनि सारा खुशी भई आफ्ना-आफ्ना श्रृंगारमा लागे। महारानीहरू पनि सब सानन्द भए।

परन्तु बडो खेद छ "श्रेयांसि बहुविघ्नानि"– यो शिष्टो-क्तिको प्रभाव त्यसबेला स्पष्टै देखिन थाल्यो। त्यस आनन्दका समयमा अनेक अनर्थले बाधा गर्न थाले। यस अनर्थको मूल महारानी कैकेयी नै भइन्। उनकी अर्काको उत्कर्ष कत्ति देख्न नसक्ने मन्थरा भन्ने एक दासी थिई। त्यो रामको राज्या-भिषेकसम्बन्धी कुरा सुनी बडो छटपटाउँदै महारानी कैकेयीसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गएर भन्नलागी-"महारानी ! के हजूरलाई थाहा छैन ? म खूब राम्री र राजाकी प्यारी छु, मजस्ती कोही छैन भन्ने यस घमण्डमा परिरहनुहुन्छ कि केही यता उति पनि विचार गर्नुहुन्छ ? नजर होस्, कत्रो दुःखको पहाड हजूरका शिरमा खस्न आँटचो ! अब हजूरको टेक एक रहन्छैन । हजूरका अंशमा पनि नोक्सान परिसक्यो । महाराजले हजूरका सौताने छोरा रामलाई राज्य दिन आँटनुभयो, त्यस बारेमा हजूरसग एक कुराको पनि सल्लाह लिनुभएन । यसबाट बुझिन्छ कि हजूरसग महाराजबाट फोस्रो प्रेममात्र हुँदो रहेछ । यही कारणले नै हाम्रा राजकुमार भरतजीलाई मामाका घर पठाएको रहेछ । अब आफ्नो र छोराको हित होस् भन्ने इच्छा छ भन हजूरले चूप लागी बस्ने बेला छैन, एक रातको समय मात्र बाँकी छ । भोलि रामले गद्दी अवश्य पाउनेछन् । राजतिलक भइसकेपछि हजूरलाई पश्चात्तापसिवाय अरू केही हात लाग्नेछैन ।

अब यसनिमित्त चाँडै नै उपाय गर्नुपर्दछ । उपाय पनि हजूरलाई बताउँछु । सुन्नुहोस्-अघि हजूरलाई महाराजले दुइटा वर दिनुभएको थियो । उस बेला हजूरले ती वर नलिई महाराजसँग नासो राखेको हो, उनै वर अहिले माग्नुपर्दछ । जसमा एक वरले 'रामलाई चौध वर्षसम्म वनवास' र दोस्रोले 'भरतलाई यही सामग्रीले राजगद्दी मिलोस् ।"

मन्थराको यो कुरा सुनी पहिले ता कैकेयी बडो खुशी भइन्, राम राजा हुन्छन् भन्ने सुन्दा सो खुशीका वेलामा मन्थरालाई पुरस्कारसमेत दिन लागेकी थिइन्, तर पछिबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्थराले भनेका अनेक युक्तिसंगत कुराले गर्दा कैकेयीको विचार एक्कदम बदलियो। उनले त्यसको अत्यन्त प्रशंसा गर्दै भनिन्-'श्याबास मन्थरा! निमकको सोझो चिताउने चाकर तं रहिछस्। यति तैंले नसम्झाएकी भए मेरो ठूलो बिगार हुनेरहेछ। सेतकले अवसरमा मालिकको बिगार हुने कुरामा यसै गरी सम्झाउनुपर्दछ, खूब गरिस्।" यसरी कैकेयीले आफ्नो प्रशंशा गरेको सुनी मन्थराका परामर्शानुसार गहना-पोशाकहरू सब फ्याँको चेतजस्ती भएर क्रोधभवनमा पसिन्।

रात परेपछि नित्यनियमानुसार महाराज दशरथ महारानी कैकेयीका खोपीमा गए; तर उहाँ कान्छी रानीको विचित्र अवस्था भइरहेको थियो। अकस्मात् उनको त्यस्तो हालत भएको देखेर राजाको चित्त हडबडाउन थाल्यो। उनी अत्यन्त आश्चर्ययुक्त र स्तभित भए। एक छिनपछि चित्त सह्मालेर धेरै आश्वासन दिंदै उनले कैकेयीलाई भने-"प्रिये! यो के चाला हो? आज बडो खुशीको दिन हुनुपर्दछ, तिमीलाई के भयो? भन, जो तिमीले भनौली म उसै गरिदिउँला।" यस्ता प्रकारसँग राजाले आँखाको आँसु पुछिदिंदै धेरै सम्झाएर सोध्दा रानी कंकेयीले बिस्तारै उठेर दीन वचनले भन्न लागिन्-"महाराज! हजूर सत्यवादी हुनुहुन्छ, हजूरले कूटो बोलेको मलाई कहिल्यै थाहा छैन; हजूरबाट अघि मैले दुई वर पाएकी थिएँ। ती हजूरमा नासो रहून् पछि मागुँला भनी मैले हजूरैमा नासो राखेकी हुं। सो कुराको संझना रहेकै होला। आज म उनै वर माग्दछु, नयाँ कुरा केही माग्दिनं' ती दुई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर पाइनँ भने हजूरका अगाडि अहिल्यै प्राणत्याग गरी मर्नेछु । पाउँछु भने दुई वरमा एक वरले भरतलाई राज्य मिलोस् दोस्रोले राम चौध वर्षसम्म वनवास गर्न भोलि नै जाऊन् अर्थात् रामले भोलि पाउने राज्य भरतले पाऊन्, राम भोलिदेखि नै चौध वर्षसम्मको बिदा लिई वनमा जाऊन् ।"

कैकेयीको यो वज्रकठोर वाक्य सुन्दा वृद्ध महाराज दशरथको कलेजा काँप्न थाल्यो । उनी एकाएक केराको खंबा गिरेझैं जमीनमा गिरी मूर्छा परे । धेरै बेरपछि सचेत भएर कैकेयीलाई फेरि अनेक उपायले संझाउन लागे । संझाउँदा-संझाउँदैमा रातभर बित्यो । तैपनि कैकेयीले आफ्नो ढिपी छोडिनन् । तिनको यो हठ देख्ता राजालाई साह्रै असजिलो पऱ्यो । उनी किंकर्तव्यविमूढ भए । सहसा उनको मुखबाट एक वचन पनि निस्कन सकेन, अन्त्यमा धेरै विचार गरेर उनले कैकेयीलाई भने–"प्रिये ! मैले यसरी संझाउँदा पनि संझिनौ, तिम्रो यस हठी स्वभावले ठूलो अनिष्ट गर्न आँट्यो । यसमा तिमी खूब विचार गरी जे गर्नाले आफ्नो कल्याण हुन्छ उसै गर ।"

धन्य महाराजको सत्यवादिता ! जसले आफ्नो सत्य प्रतिज्ञा पालन गर्नाका निमित्त प्राणभन्दा पनि प्यारा रामजस्ता पुत्रलाई त्याग गर्न कठिन संझेनन्, तर प्रतिज्ञा भंग होला भन्ने भयले त्यस्तो कठिन काम गर्न स्वीकार गरे तापनि शोक कसैले दबाउन नसकिने हुनाले महाराज फेरि शोकवश मूर्छित भई जमीनमा गिरे । यस्तै तरहले त्यो रात बित्यो ।

प्रातःकाल भएपछि गत रात्रिको यो घटना थाहा नपाउने

१८५८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दुनियाँमा आज रामको राज्याभिषेक हुन्छ भन्ने हर्षले ठाउँ ठाउँमा बाजा, नाच र गाना भइसकेको थियो । रामलाई गद्दीमा बसेको कहिले देखौंला भनी सबै जना यता र उता हडबडसाथ हिंड्न लागेका थिए । रामचन्द्र पनि बिहानको कर्म समाप्त गरेर उत्तम वस्त्र र अलङ्कार पहिरी राजतिलक लिने अपेक्षामा बस्नुभएको थियो । सीताजी पनि आज म बडामहारानी हुन्छु भनी खुशीसाथ रामचन्द्रको सेवामा तत्पर हुनुभएको थियो । उता कौशल्या महारानी पनि आज मेरा प्राणप्यारा पुत्र रामले राजगद्दी पाउन आँटे, धन्य मेरो भाग्य ! भनी आफ्नो प्रशंसा गर्न लागेकी थिइन् । मेरा प्यारा दाज्यू राजा भए भने आनन्दपूर्वक उनैको सेवा गरी वस्न पाउँला भनी लक्ष्मण पनि खुशी थिए । परन्तु त्यसबेला खुशीको बदलामा रुनु-पर्ला,घोडा, रथ, हात्तीको बदलामा पत्थरले खडवड परेका जमी-नमा हिड्नुपर्ला, सुखको बदलामा दुःखैदुःखको भोग गर्नुपर्ला, बहुमूल्य कपडाको बदलामा रूखको बोक्रा लाउनुपर्ला भन्ने कसैलाई स्वप्नामा पनि थिएन ।

यसो हुंदाहुंदै राज्याभिषेकको मुहूर्त पनि हुन लाग्यो । सुमन्त्र मन्त्री राजालाई सब समान ठीक भयो भन्ने सन्देश दिनाका निति दरबारभित्र गए, परन्तु उहाँ बेग्लै अवस्था भइसकेको हुनाले राजा बिचेत भई जमीनमा गिरेका थिए । त्यो देखेर सुमन्त्रका ओठमुख सुके । उनी आश्चर्यको साथ कैकेयीसंग "महारानी ! यो के भयो ?" भन्दै सोध्न लागे । त्यसको जवावमा निर्लज्जा कैकेयीले भनिन्– "सुमन्त्र ! आज अहिले निद्रा परेछ, महाराजलाई जागा गराउनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त रामलाई लिएर चाँडै आऊ।"

कैकेयीका यस्ता कुरा सुनी शुभ-समयको मुहूर्त टर्ला भनी सुमन्त्रले पनि झटपट गएर रामचन्द्रलाई त्यहाँ ल्याए। त्यस बेलासम्म पनि महाराज दशरथ मूर्छामा थिए। पिताजीको त्यो अवस्था देखी रामचन्द्रको दिल घबराउन थाल्यो। उहाँले विनीत भावसित माता कैकेयीसँग सोध्नुभयो- "माताजी ! हामीले पिताजीलाई यस्तो ताप दिलाउने अपराध केही गरेका थिएनौं, यदि भूलचूकबाट केही हुन गएको भए सो अपराधमा क्षमा दिलाई पिताजीलाई उठाउनुहोस्। पिताजीलाई के भयो ? अघिपछि मलाई देख्नासाथ बडो प्यारो गरी बोलाइ-बक्सिन्थ्यो। आज उहाँका मुखारविन्दबाट एक वचन पनि निस्केन, पिताजीको यो दुःख म कसरी हेरूँ ? यसको कारण पनि मैले केही बुझ्न सकिनँ, आज्ञा होस्।"

रामले यसरी शोक गरेको देखी कैकेयीले भनिन् "बाबु ! महाराजलाई केही दुःख परेको छैन। कसैसंग रिस उठेको पनि छैन। खालि एउटा कुराको चिन्ताले महाराजलाई ग्रस्त गरेको छ, त्यसैले अहिले यस अवस्थामा पर्नुभएको हो। सो कुरा तिम्रो स्नेहले मुखबाट उच्चारण गर्न सक्नुहुन्न, तिमी पिताजीका अत्यन्त प्यारा छौ, यसनिमित्त जसरी हुन्छ उहाँको कष्ट हटाउने उपाय तिमीले नै गर्नपर्दछ। तिमी धर्मात्मा, सत्यप्रतिज्ञ, पितृभक्त र मर्मवेदी छौ; तस्मात् पिताजीको कष्ट तिमी अवश्य हटाउलाऊ भन्ने मलाई पूरा भरोसा छ। यो कुरा तिमी स्वीकार गर्छौ भने तिम्रो पिताको मनमा लागेको कुरा भन्दछु, सुन।" कैकेयीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो साभिप्राय कुरा सुनी रामचन्द्रले भन्नुभयो– "माताजी ! आज्ञा होस्, म पिताजीका निमित्त आगामा फाल हाल्न पनि प्रस्तुत छु, विष पिउन पनि उद्यत छु, समुद्रमा पस्न पनि तत्पर छु, सर्वस्व त्याग गर्न पनि प्रवृत्त छु । मैले जे गर्नुपर्दछ सो कुरा चाँडै आज्ञा होस् ।" रामचन्द्रको यस्तो भीष्मप्रतिज्ञा सुनी कैकेयीको चित्त प्रसन्न भयो । उनले आन्तरिक हर्षका साथ भनिन्–"बाबु ! तिम्रा पिताजीले अघि कोही कालमा मलाई दुई वर दिनुभएको थियो । उस बेला सो दुई वरको केही प्रयोजन नहुनाले अहिले दुवै हजूरमा नासो रहून्, पछि चाहिएको बेलामा माग्नेछु भनी मैले विन्ति चढाएकी थिएँ । आज उनै दुई वरमा एक वरले तिमीलाई चौध वर्षसम्मको वनवास र अर्को वरले भरतलाई यही सब सामग्रीले अयोध्याको राज्य मिलोस् भनी महाराजसंग मैले मागें । अब यस अवस्थामा महाराजको सत्यवादिता तिमीले पूरा गराउनुपर्‍यो, नत्र महाराजको सत्यवादितामा कलङ्क लाग्नेछ । अब यसमा आफै विचार गरी जे गर्न उचित सम्झन्छौ उस्तै गर ।"

कैकेयीको त्यो स्वार्थपूर्ण वचन सुन्दा अलिकति पनि खेद नमानी प्रसन्नतासंग रामचन्द्रले भन्नुभयो–"माताजी ! यसमा हजूरले कत्ति धंदा मान्नुपर्दैन । पिताजीको आज्ञा पालन गर्नु नै मेरो मुख्य कर्त्तव्य र धर्म हो, म खुशीसाथ वनमा जान्छु । भरतलाई चाँडै झिकाएर राजतिलक दिने प्रबन्ध मिलाइबक्सियोस् । पिताजीलाई पनि उठाइबक्सियोस् ।"

अहा, धन्य ! श्री रामचन्द्रको पितृभक्ति ! पुत्रले यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनुपर्दछ। हेर, जुन श्रीरामलाई राजगद्दी पाउने सन्देश सुन्दा हर्षले उन्माद पनि चढेन, तत्कालमा वनवास गर्न जाने समाचार सुन्दा खेद पनि कत्ति लागेन । यो कत्रो धैर्यको कुरा छ? यसबाट हामी सारा लोकले पितृभक्ति र धैर्यका विषयमा ठूलो शिक्षा लिनुपर्दछ ।

यस्ता प्रकारले कैकेयीको इच्छा पूर्ण गराएर पिताजीको मनको कष्ट छुटाई श्रीरामचन्द्र आफ्नी माता कौशल्यासँग विदा हुन जानुभयो । उनले पनि छोरा आएको देखी हर्षपूर्वक काखमा राखेर भनिन्- "बाबु ! गद्दीमा बस्ने साइत कुन बेला छ? के शुभ-मुहूर्त्त आइपुगेको छैन ?" माताजीको प्रेमपूर्ण यस्तो प्रश्न सुनेर श्रीरामले भन्नुभयो-"मुमा ? अब मैले गद्दीमा बस्ने संकल्पलाई छोडिदिएँ । उत्तम कपडाहरू पहिरनु, मखमलका गद्दीमा बस्नु र मिष्टान्नहरूको भोजन इत्यादि राजोपचारहरू मैले पिताजीका अगाडि चौध वर्षसम्म-लाई छोडेर आएँ, पिताजीबाट भरतलाई राज्य र मलाई चौध वर्षसम्मको वनवास बक्सियो । अब मैले गद्दीमा बस्ने समय छैन, यसकारणले म हजूरसँग बिदा भई दर्शन गरेर वनतिर जाऊँ भनी आएको हुँ; प्रसन्नतापूर्वक चाँडै बिदा पाऊँ ।" रामचन्द्रको यस्तो वचन सुनी कौशल्या महारानी एकदम मूर्छा परिन् । आफ्नो एकमात्र पुत्र राम थिए । उन-लाई पनि वनमा एक्लै पठाउनुपऱ्यो । यसमा मूर्छासिवाय अरू उनको शरण के हुन्थ्यो ?

बिचरी कौशल्या आफ्ना प्राणप्रिय पुत्र रामको राज-गद्दीका बदलामा भीषण वनवास सुन्दा किन विह्वल नहोउन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उनका शोकको सीमा नै रहेन । लक्ष्मणलाई पनि यो समाचार पाउँदा पिताजीको अविचारमा साह्रै क्रोध उठेर आयो। उनी पनि उहीं आएर कौशल्यासँग भन्नलागे—"मुमा! कैकेयीले भन्दैमा र स्त्रीका वशमा रहने अविवेकी विपरीत बुद्धि भएका पिताजीको आज्ञा भयो भन्दैमा उसै दाज्यैज्यूको वनवास हुन सक्छ? म यो कुरा कदापि मान्न सक्तिनँ । सारा दुनियाँमा आजसम्म दाज्यैज्यूको दोष कसैले देखेको र कसैको मुखबाट सुनेको पनि छैन, त्यस्तो निरपराधी पुत्रलाई स्त्रीका वशमा परेर वन जा भन्ने पिताजीको अविचारसिवाय अरू के हुन सक्छ? अब यस्ता अविवेकी पिताजीको हुकूम मान्नमा म असमर्थ छु । दाज्यैज्यूले वनमा गई कष्ट सहनु पर्दैन । यसमा जे परिआउँछ त्यस कुरालाई म टार्दछु।"

यसरी कौशल्यालाई आश्वासन दिएर उनले फेरि रामचन्द्रसँग भने—"दाज्यैज्यू! म पिताजीलाई वशमा लिन्छु। हजूर आफ्नो बन्दोबस्तमा रहनुहोस् । कैकेयीको पक्ष गरी जो आउँछन् उनीहरूसँग संग्राम गर्नलाई म प्रस्तुत हुन्छु । हजूरले यस बेलामा शान्तिको अवलम्बन गर्नु सर्वथा उचित छैन । राजकाजमा शान्त भएर कदापि काम चल्दैन । शान्ति भनेको तपस्वी ब्राह्मणका निमित्त हो, राजाले शान्त हुनु हुँदैन, यस राज्यमा अहिल्यै कैकेयीको हक कसरी पुग्न सक्तछ? एक ता हजूर ज्येठी पटरानीका छोरा, दोस्रो सबै भाइभन्दा ज्येठा हुनुहुन्छ । फेरि हाम्रो कुलपरम्पराले पनि ज्येठाले राज्य पाइआएका छन्, यस उसले पिताजीबाट भरतलाई राज्य मिल्यो भन्दैमा आफूले पनि उही कुराको अनुमोदन गरेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चूपचाप वनमा जानु सर्वथा अयोग्य छ। जसरी हुन्छ राजगद्दी लिनैपर्दछ।"

रामचन्द्रसँग यति भनी कौशल्यातिर फर्केर लक्ष्मणले भने–"मुमा ! धन्धा नमान्नुहोस्। यस जगतमा दाज्यैज्यूसिवाय अरू मेरो प्रिय कोही छैन। यस निमित्त म अहिले अनेक उपद्रव मच्चाई कैकेयीको आशालाई माटामा मिलाएर दाज्यैज्यूलाई नै राजगद्दी दिलाउँछु। मेरो अगाडि कोही पनि पर्न सक्नेछैनन्।"

लक्ष्मणका क्रोधयुक्त र वीररसले पूर्ण भएका यी वचन सुनी श्रीरामले भन्नुभयो–"भाइ ! तिम्रो विचार ठीक हो, ममा तिम्रो ठूलो प्रेम छ, त्यो पनि म जान्दछु। तिमी जे भन्दछौ त्यो गर्न पनि सक्तछौ, तर धर्माधर्म जान्नेले यस्तो कुरा गर्नु नै अनुचित छ। मानिसले धर्मलाई केही गरे पनि छोड्नु हुँदैन। फेरि अरू धर्मभन्दा माता-पिताको आज्ञा पालन गर्नु नै पुत्रको प्रधान धर्म छ। धर्म छाड्नाले पुत्र साह्रै अधर्मी कहलाउँछ।" इत्यादि कुराले भाइलाई सम्झाई रामचन्द्र फेरि आमासँग बिदा माग्न लाग्नुभयो।

रामचन्द्रको वनमा जाने अभिप्राय बुझेर लक्ष्मणलाई असह्य भयो। उनी फेरि भन्न लागे–"दाजैज्यू ! निरपराध पुत्रलाई बिनाअपराधले वनमा निस्किजा भन्ने अधर्मी पिताको दुष्ट वचनलाई पनि नाघ्नु हुँदैन भन्ने यो हठ किन गर्नुहुन्छ ? जुन पिताका आज्ञाले अघिसम्म राज्य गर्नामा तत्पर हुनुहुन्थ्यो अहिले उनै पिताजीको हजूरलाई वन जा भन्ने आज्ञा भइरहेछ भने यसैबाट विदित भयो कि पिताजीको बुद्धि ठेगानमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहेनछ । अघि एउटा कुरा थियो, फेरि अहिले अर्कै कुरा भयो, नजाने अलि बेरमा कुन आज्ञा हुनेछ । त्यस्तो अव्यवस्थित चित्त भइसकेका महाराजलाई अघि-पछि झैं सद्दे ठहराई उहाँले जे भन्यो उही गरेर राजकाजमा निर्वाह हुन सक्तैन ।

यसउसले म फेरि बिन्ती गर्दछु, अहिले हजूरले सहसा वनमा जानाको केही आवश्यक परेको छैन । मेरो प्रारब्धले पिताजीको मुखबाट त्यस्तै वचन निस्क्यो, अब जे भए पनि उसको उल्लंघन गर्न सक्तिनँ भन्ने आज्ञा हुन्छ भने पनि आजै नै हजूरलाई थाहा हुनेछ कि प्रारब्ध र पुरुषार्थमा कुन बलवान् रहेछ । म आफ्नो पुरुषार्थले पिताजीको त्यो वचनलाई अन्यथा गराइदिन्छु, त्यस बेला कोही पनि अघि सर्न सक्नेछैन। फेरि प्राचीन राजाहरूको पद्धति पनि यस्तो छ कि आफू बूढो भएर वन जान्छन्, आफूभन्दा पछि राजा हुने छोरालाई कोही वन पठाउँदैनन् । यस नीतिबाट पनि अहिले राज्य हजूरैले पाउनुपर्दछ, यस राज्यमा अरू कसैको पनि हक पुग्दैन।

यी मेरा हात खालि विडम्बना र खानपीनका निमित्त मात्रै ईश्वरले दिएका होइनन्। बैरीको ध्वस्त गराउनानिमित्त नै दिएका हुन् । यो धनुर्वाण पनि ढाँचा देखाउनका निमित्त मैले भिरेको होइन, शत्रुको शिरलाई गिराउनानिमित्त नै लिएको हुँ । म छउञ्जेल यस जगत्मा हजूरसँग वैरभाव राख्न कोही सक्ने छैन । लक्ष्मण व्यर्थै फूर्ति देखाउँछन् भन्ने हजूरको मनमा होला; त्यो उसै बेला नजर हुनेछ जुन बेला हजूरले राज्य गर्दा ओइरी आउनेका रगतको खोला बगाउँला । कैकेयीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आशा टुटाउनु र दाज्यूलाई राजा बनाउनु यिनै दुई काममा आज मेरा बल र पुरुषार्थको परीक्षा हुनेछ ।"

लक्ष्मणका यस्ता वीररसले भरिएका वचन सुनी रामचन्द्र केही हाँसेर फेरि भन्नलाग्नुभयो–"भाइ ! तिमी शास्त्रमर्यादाको वास्तै नराखी, माता-पिताको आज्ञा पालन गर्नु नै छोराको मुख्य धर्म हो भन्ने धर्मशास्त्रको वचनलाई पनि तिरस्कार गरेर खालि रिस र बलका कुरा गर्दछौ, यो उचित होइन । हामीले शास्त्रमर्यादा थाम्नैपर्दछ, माता-पिताको आज्ञा पनि मान्नै-पर्दछ । यसनिमित्त म सर्वथा वनैमा जान्छु, यसमा तिमी ढिपी नगर ।"

दाज्यूको त्यो अचल सङ्कल्प देखेर लक्ष्मणले फेरि जोर गर्न सकेनन् । उनी विनीत भावले विन्ति गर्नलागे– "दाज्यै-ज्यू ! मेरो मनमा लागेको विन्ति गरें । अब जो श्रेय ठहर्छ उही गर्नुहोस्, म हजूरको सेवक हुँ । म पनि हजूरको साथ जङ्गलमा जान्छु; यस अविवेकी राज्यमा बस्तिनँ ।" यति भनेर लक्ष्मण चूप लागेपछि रामचन्द्रले शान्तभावसंग भन्नु-भयो–"भाइ ! हेर, जुन पिताजीबाट हामीले जन्म लिएका छौं, जसले पल-पलमा अनेक कष्ट सही पालन र पोषण गर्नाले आज हामी परिआएका सम्पूर्ण काम गर्न समर्थ भएका छौं, उनै पिताजीको आज्ञा उल्लघन गरी उनमाथि अवहेलना गर्नाले हामीलाई कत्रो पातक लाग्ला ? यसउसले जसरी हुन्छ मातापिताजीको मन शान्त हुने काम गर्नुपर्छ । फेरि पहिले मैले पिताजीको आज्ञा उल्लघन गरें भने पछि पछि यही चाल चल्नेछ । त्यसो भएपछि पितामाताको मर्यादा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसले राख्ला ? सबै बाबुको विपरीत आचरण गर्न लाग्नेछन्, यसले लोकको ठूलो हानि हुनेछ । बाबु लक्ष्मण ! अहिले म वन जान लागें । भरत र शत्रुघ्न पनि यहाँ छैनन् । यसनिमित्त तिमी पिताजीको सेवा गरी बस । कुनै छोरा पनि साथमा नहुँदा पिताजीलाई ठूलो कष्ट पर्न जाला । यसकारण तिमी अयोध्यामा बस, मेरो पछि लाग्ने आग्रहलाई छोडिदेऊ।"

दाज्यूको एक्लै वनमा जाने आशय बुझी अत्यन्त दुःखी भएर आँसुका धारा बगाउँदै लक्ष्मणले भने– "नाथ ! यस दासलाई तँ यही बस्, म जान्छु भन्ने जो आज्ञा भयो, प्रेमवश त्यसको प्रत्युत्तर यस मुखबाट निस्कन सक्तैन । आमाबाबुला नजानेको कसले छ ? तर दासको स्वभाव चरणको दास्यम जहाँसम्म आसक्त छ सो कुरा हजूरमा जाहेरै छ, म विनति गरूँ । मेरो तनमन सारा चरणमा अर्पित छ। हजूरबाहेक यस दासको आधार यस संसारमा कोही छैन । हजूरले यस सेवकलाई पनि त्याग गरी हिंडि बक्सिन्छ भने दासको के जोर चल्दछ ? दासले अजानमा केही अपराध गरेको भए क्षमा पाऊँ ।"

लक्ष्मणको आफूमा यस्तो दृढभक्ति देखेर श्रीरामले प्रेम पूर्वक भन्नुभयो–"बाबु ! तिमी मसँग नगई छाड्दैनौ भने माताजीसँग गएर बिदा भई चाँडै आऊ । उहाँबाट पठा बक्सिन्छ भने हुन्छ, म तिमीलाई लिएर जान्छु ।"

रामको यस्तो आज्ञा पाउनासाथ अत्यन्त खुशी भए लक्ष्मणजी आफ्नी माता सुमित्रासंग बिदा हुन गए । रामचन्द्र पनि त्यहाँ कौशल्यालाई सम्झाएर बिदा भई उनीबाट आशीर्वाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लिई शस्त्रास्त्र लिनका निमित्त आफ्नो दरबारतिर जानुभयो।

रामचन्द्रको वनवासको समाचार पाउनाले सीताजीका मनमा पनि पनि असह्य कष्ट र अनेक तर्कवितर्क परिरहेका थिए। उहाँले श्रीरामलाई हतियार लिन आएको देख्नासाथ विह्वल हुँदै पाउमा परेर यो विन्ति गर्नुभयो– "नाथ ! हजूर अयोध्याको राजपाट छोडी पिताजीका आज्ञाले वनमा सवारी हुन्छ भने म यहाँ एक्लै कसरी बस्न सक्तछु ? हजूरको जहाँ सवारी हुन्छ म पनि जान्छु, मलाई पनि लिएर सवारी होस्। म सकेसम्म वनमा हजूरको सेवा गर्नेछु। मेरो परम धर्म पनि यही हो। जस्तो चन्द्रसंग चाँदनी र देहसँग छाया अलग्ग रहन सक्तैन उस्तै म पनि हजूरसंग वियुक्त भई एक छिन पनि बस्न सक्तिनँ। जस्तो संकष्ट परिआए तापनि हजूरको साथ पाएको मलाई केही दुःख हुनेछैन। हजूरबिना यहाँ जस्तोसुकै सुख भए पनि मलाई तृणबराबर तुच्छ छ। चरणको सेवामा रहन पाए मात्र मलाई सुख हुनेछ, यसकारण म हजूरको पाउ केही गरे पनि छोड्न सक्तिनँ ! जहाँ हजूरको सवारी हुन्छ म पनि उहीं जान्छु।"

आफ्नो प्रिय पत्नी सीताको त्यो अनिवार्य आग्रह देखी श्रीरामले भन्नुभयो–"कल्याणि ! हुनता वनमा तिमीलाई दुःख हुनेछ, तथापि मेरो साथ कसै छोड्न सक्तिनँ भन्छ्यौ भने हिंड, जस्तो परेर आउला उस्तै भोग गरौंली।"

यति गरी रामचन्द्र, लक्ष्मण र सीताजीसमेत तीनै जना वनमा जान प्रस्तुत भए। महाराज दशरथसंग बिदा हुन जाने समय आयो। उनीहरू दशरथका वासगृहमा जान भनी निस्के।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अयोध्यावासीहरूलाई सो कुरा थाहा भइसकेको हुनाले सारा प्रजा ती तीन जनालाई हेर्नाका निमित्त शोकका साथ बाटामा खडा भएका थिए । यी तीनै जनाले सरासर कैकेयीका खोपीमा पुगी मूर्छित भइरहेका राजालाई देखे । यिनीहरू पुगेको केही बेरपछि राजालाई होश भयो । उनले आफ्नो अगाडि मुनिवेश धारण गरी वन जानाका निमित्त तयार भएका दुई पुत्र र एक बुहारीलाई देखे । पुत्रहरूलाई अङ्कमाल गरूँ भन्दैमा उनी फेरि मूर्छित भएर पृथिवीमा गिरे ।

महाराज दशरथको त्यो अवस्था देखी राम, लक्ष्मण र सीता यी तीनै जनाको चित्त पनि विकल भयो । राजालाई उठाउन र शीतल जल, पंखा आदि उपचारले सचेत गराउनाको पनि कसैलाई होश भएन । आखिर यिनै तीन जनाले अनेक उपचार गर्दा राजा सचेत भए । यसै अवसरमा रामचन्द्रले उनका पाउमा शिर राखी भन्नुभयो-"बुबा ! हजूर हामी सबैको स्वामी हुनुहुन्छ । हामी तीन जना वन जान तयार भयौं । हुन ता हजूरको म एक जनालाई मात्र वन जानू भन्ने हुकूम थियो । तर यिनीहरू पनि मेरो पछि लाग्ने निश्चय गरी आएका छन् । मैले धेरै प्रकारले संझाएँ, तर यिनीहरू मान्दैनन् । कृपापूर्वक यिनीहरूलाई पनि लैजा भन्ने आज्ञा भए म यिनीहरूका साथ अहिल्यै प्रस्थान गर्ने थिएँ ।"

रामचन्द्रका यस्ता दीन वचनले महाराजको हृदय टुक्रा टुक्रा भयो । उनको मुखबाट एक अक्षर पनि निस्कन सकेन । खालि प्रेमपूर्वक आंसुले ढाकिएका नजरले उनले अब तिमीहरूलाई देख्न यत्तिकै हो भन्ने आशयसँग तीनै जनाका मुखमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain: Digitization by eGangotri

हेरिरहे ।

यस प्रकारले दशरथसँग बिदा भई तीनै जना बाहिर ढोकामा आए, उहाँ राजा दशरथको तर्फबाट कैकेयीको आज्ञा अनुसार सुमन्त्रले रथ तयार पारिराखेका थिए । ती तीन जना निस्कनासाथ सुमन्त्रले विन्ति गरे–'राजकुमार ! हजूर रथमा चढ्नुहोस् । महाराजका हुकूमले रथ ल्याएको छु ।" त्यो कुरा स्वीकार गरी सिताजीसहित दुवै भाइ आफ्ना शस्त्र-अस्त्रले सुसज्जित भएर रथमा चढे ।

सुमन्त्रले श्रीरामको आज्ञानुसार रथ चलाए । श्रीरामचन्द्रको त्यस हिसाबसँग वनमा सवारी भएको देखी सारा अयोध्यावासीहरू शोकाश्रुको वृष्टि गर्न लागे । प्रजावत्सल राम पनि आफ्नो शोकले व्याकुल भएका ती पुरवासीहरूलाई आश्वासन दिंदै वनतिर जान लाग्नुभयो । त्यस बेला सारा दर्शकहरू रामको ठूलो प्रशंसा गर्नलागे–"अहो ! धन्य रामको पितृभक्ति ! धन्य रामको धैर्य ! जसलाई राज्याभिषेकको हर्षले र वनवासको विषादले अलिकति पनि छुन सकेन । मानिसले यस्तै हुनुपर्दछ । धन्य राम ! हजूरको यो प्रभाव हामीले देख्यौं, यस्ता रामलाई नपाउने हाम्रो अभाग्य रहेछ ।" यति भन्दै अनेक तरहले खेद पनि गर्न लागे ।

पुरवासीजनका यस्ता खेदका कुरा सुन्दै राम, सीता र लक्ष्मण शहरबाट बाहिर निस्के । अलि बेरपछि रथ अयोध्यावासीका नजरले नभेट्टाउने भयो । सारा दुनियाँहरू शून्यहृदय भई आंसु पुछ्तै आफ्ना घरमा आए । धेरै प्रजाहरू पछि लागेका थिए तापनि–उनीहरूलाई रामले अनेक प्रकारसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्झाई फर्काउनुभयो । रामचन्द्रका वियोगले सारा अयोध्या शोकाकुल र विशीर्ण देखिन्थ्यो ।

रामचन्द्र, लक्ष्मण र सीता तीनै जना सुमन्त्रले हाँकेको रथमा बसी जाँदा-जाँदा सन्ध्यासमयमा गंगाजीका किनारमा पुगे । उहाँ रथबाट उत्री सायंकृत्य गरेर उनीहरू केवल जल मात्र पिई त्यही किनारको एक वटवृक्षमनि वास बसे । रामचन्द्र आउनुभएको थाहा पाएर त्यस ठाउँका रजौटा भिल्लका राजा गुहजी रामचन्द्रको सत्कारनिमित्त अनेक नजराना लिई उपस्थित भए । उनले श्रीरामलाई रूखमनि बसेको देखेर यो विन्ति गरे- "राजकुमार ! उहाँ मेरो घर छँदाछँदै हजूरहरूले यस वृक्षमनि विश्राम गर्नु योग्य छैन । कृपापूर्वक सवारी भएर मेरो घर पवित्र गराउनुहोस्, यो कष्ट सहनु हुँदैन ।"

गुहको विनीत निवेदन सुनी श्रीरामले उनीसँग भन्नुभयो- "भिल्लराज ! म पिताजीको आज्ञाले वनमा जान भनी आएको हुँ । अहिले गाउँ वा शहरमा जानु, उत्तम भोजन गर्नु, उत्तम कपडा पहिरनु इत्यादि भोग मलाई उचित छैन । यसमा खेद नमान ।" यति भनी श्रीरामले गुहका नजराना स्पर्श मात्र गरेर उनद्वारा वरको दूध मगाई जटा बाँध्नुभयो । रात परे-पछि उहाँले कुशशय्याको आश्रय गर्नुभयो । लक्ष्मण पनि दाज्यूभाउज्यूको रक्षाका निमित्त अलिकति पर गएर सुमन्त्र-को साथ पहरा दिई बसे । उनी त्यसरी एक पहरादार सिपाही झैं बसेको देखेर गुहले भने-"राजकुमार लक्ष्मण ! दाज्यू-भाउज्यूको सुकला भइसकेपछि हजूरले किन पहरा बसिरहनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पऱ्यो ? म पहरा बस्छु; हजूर मेरो घरमा गएर पलङ्मा आराम लिनुहोस् ।" गुहका वचन सुनी लक्ष्मणले भने–"गुहजी ! तपाईंले भन्नुभएको ठीक हो, तर पितृतुल्य दाज्यू जमीनमा सुत्ने, उहाँको दास म कसरी पलङमा गई सुतूँ ? यो मेरो कर्तव्य होइन । तपाईंले देखाएको सौजन्यले नै हामी प्रसन्न छौं । अरू कुरामा परिश्रम गर्नु पर्दैन । तपाईं घरमा जानुहोस् । म आफ्नो काममा रहन्छु ।" यति भनेर लक्ष्मणले गुहलाई विदा गरे ।

प्रात:काल भएपछि सुमन्त्रलाई बोलाएर रामचन्द्रले भन्नुभयो–"सुमन्त्र ! अब तिमी यस रथलाई लिएर अयोध्यातिर फर्क । यहींसम्म जानू भनी पिताजीबाट तिमीलाई आज्ञा भएको छ । हामी यताबाट पैदल जान्छौं । तिमी अयोध्यामा पुगेपछि मुमा कैकेयीलाई राम वनमा गए भन्ने पूरा पत्यार हुनेछ, पिताजीलाई पनि छोराहरू आरामसाथ फलानो ठाउँमा पुगे भन्ने समाचार विन्ति गरे ।"

रामले यसरी आफूलाई विदा दिएको सुन्दा सँगै जाने मन थियो तापनि जोड गर्न नसकी लाचार भएर सुमन्त्र अयोध्यातिर फर्के ।

रामचन्द्र र लक्ष्मण पनि सीताजीका साथ मित्र गुहले ल्याएको नाउमा चढी गङ्गाजीपार जानुभयो । नाउ बीच प्रवाहमा पुगेपछि सीताजीले हात जोडेर गङ्गाजीसँग यो प्रार्थना गर्नुभयो –"गंगे ! हामीहरू निर्विघ्नपूर्वक चौध वर्षको वनवास पूरा गरी आयौं र रामचन्द्रले राजगद्दी पाउनुभयोभने तपाईंको भारी उत्सवपूर्वक पूजा गर्नेछु । अहिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरो पासमा केही छैन, क्षमा रहोस् ।" सीताजीले यस्तो प्रार्थना गर्दागर्दै नाउ पल्लो किनारमा पुग्यो । त्यसबाट उत्री तीनै जना वनभित्र पसे ।

ईश्वरको माया पनि जानिसक्नुछैन । हेर, जुन राजकुमारहरू सवारी नभई कहिल्यै पनि हिंड्दैनथे आज उनैलाई नदेखेको, नसुनेको बाटामा अनेक कण्टकादिबाट हुने बाधा सही, खोपीबाट बाहिर पनि ननिस्केकी कोमलाङ्गी जनककुमारी सीताजीलाई लिएर पैदल हिंड्नुपर्‍यो ! संसार विचित्र छ । यसको पत्ता कोही पाउन सक्तैन ।

यस्ता प्रकारले कहिल्यै नदेखेका ठाउँको विचित्र शोभा हेर्दै जाँदाजाँदा साँझ परेपछि एक ठाउँमा पुगी कोही वृक्षमनि बसेर यी तीन जनाले रात बिताए । भोलिपल्ट यी तीनै जना त्यहाँबाट पनि अगाडि बढी गङ्गा र यमुनाको संगमस्थल भरद्वाज ऋषिको आश्रम (प्रयाग तीर्थमा) पुगे । उहाँ आफ्ना शिष्यहरूका साथ अग्निहोत्र कर्ममा लागेका ती मुनिलाई प्रणाम गरी रामचन्द्रले आफ्नो वृत्तान्त सबै बताउनुभयो ।

आफ्ना आश्रममा आएका राम, लक्ष्मण र सीतालाई भरद्वाजले भारी सत्कार गरे । यी तीन जना पनि भोलिपल्ट बाटो लाग्ने विचारले एक रात त्यहीं आश्रममा बसे । त्यसै बेला रामचन्द्रले भरद्वाज मुनिसँग सोध्नुभयो–"हे मुनीश्वर! हामीलाई चौध वर्षसम्म सुबिस्तासाथ बस्न हुने कोही असल ठाउँ भए आज्ञा होस् । हामीहरू उहीं रही चौध वर्ष बिताउँछौं ।" श्रीरामको यो प्रश्न सुनेर ऋषिले भने–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"यहाँबाट अन्दाजी २४ कोस पर ठूला-ठूला ऋषिहरूले तपस्या गर्ने, फलफूल र जलहरूको सुबिस्ता भएको चित्रकूट नामको पर्वत छ, त्यहीं गएर बसेदेखि चौध वर्ष बिताउन केही कठिन हुनेछैन ।"

मुनिको यस आज्ञानुसार दोस्रा दिन त्यताबाट चित्रकूट-तर्फको बाटो लिई राम, लक्ष्मण र सीता तीनै जना यमुनाका किनारमा पुगे । उताबाट पनि नाउद्वारा यमुना तरेर सीताजी-का साथ यी दुवै भाइ अगाडि बढे ।

बीच-बीचमा जुन फल वा फूल सीताजीलाई राम्रो लाग्दथ्यो लक्ष्मण तुरुन्त त्यो ल्याएर भक्तिपूर्वक दिन्थे । यसरी जाँदा-जाँदा वाल्मीकिका आश्रममा पुगेर यी तीन जनाले भक्ति र विनयपूर्वक ऋषिलाई प्रणाम गरे । ऋषिले पनि आफूले सकेसम्म यी तीनै जनाको सत्कार गरे । केही बेर सुस्ताएपछि श्रीरामले "हामीहरूलाई बस्ने सुबिस्ताको ठाउँ कहाँ होला ?" भनी वाल्मीकिसँग सोध्नुभयो । उनले पनि चित्रकूटमा बेस छ भनी बताए । मुनिको आज्ञानुसार राम, लक्ष्मण र सीता त्यहाँबाट बिदा भएर जाँदा-जाँदा चित्रकूट पर्वतमा पुगे । उहाँ केही बेर यताउति घुमफिर गर्दा फलफूल-जल इत्यादिको सुबिस्ता हुने कोही उत्तम ठाउँ खोजी त्यहीं एक कुटी बनाएर उनीहरू आनन्दपूर्वक बस्न लागे ।

उता श्रीरामचन्द्रसँग बिदा भई रथ लिएर शोकले विह्वल हुँदै फर्केका सुमन्त्र, सारथी अयोध्यातिर लागे । उनी केही दिन बाँकी छँदैमा अयोध्याका समीपमा पुगेका थिए तापनि सहसा शहरभित्र पस्न सकेनन् । दिन छँदासम्म बीचैमा बसेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्ध्या भएपछि उनी शहरमा पसे । कारण, दिनमा जाँदा हजारौं पुरबासीले आफूलाई देख्लान्, रामका विषयमा यो के उपद्रव उठेको भनी सोध्लान्, शोकातुर भएर रुन थाल्लान्, ती सबैलाई के जवाफ दिउँला, कसरी बुझाउँला भन्ने इत्यादि कुराले उनको मनमा फिक्री परिरहेको थियो । यसै कारण उनी कसैले नदेख्ने गरी रात परेपछि शहरभित्र पसे ।

रथको शब्द सुन्दैमा अब सुमन्त्र फर्केर आए, श्रीरामहरूको के के हाल बताउँछन् भन्ने औत्सुक्यले राजा दशरथ र कौशल्या आदि महारानीहरू ढोकामा आई बसेका थिए । उनीहरूलाई ढोकामा देख्नासाथ झटपट रथबाट उत्री सुमन्त्रले राजालाई प्रणाम गरे । उनी हात जोडी समाचार बताउनका निमित्त बोल्न मात्र आँटेका थिए, उसै बेला रामचन्द्ररहित भएको रथ देख्ता महाराज दशरथ शोकले मूर्छित भई जमीनमा गिरे । साथसाथै महारानी र अरू राजपरिवार पनि सबै हा राम ! हा लक्ष्मण ! हा सीते ! भन्दै विलाप गर्न लागे ।

राजालाई मूर्छित भएको देख्ता मन्त्रीहरूले उठाई कौशल्याका खोपोमा लगेर शीतोपचार गराए । होश पाएपछि बरबर आँसु खसाल्दै सुमन्त्रको मुखतिर हेरी महाराजले यी कुरा सोधे–"सुमन्त्र ! महात्मा, पितृभक्त राम कहाँ छन् ?"

"गुरुभक्त, भ्रातृभक्त लक्ष्मणको के हाल छ ? प्रियवधू जनकनन्दिनी सीताजी कहाँ छिन् ? उनीहरू कुन रीतले कहाँ गए ? मलाई के के भन्थे ? उनीहरूले दुःख मानेका थिए कि ? यो सबै विस्तार गरेर भन ।" यस्तो राजाको आज्ञा सुनी सुमन्त्रले पनि बराबर अश्रुधाराको वृष्टि गरी बीच-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बीचमा शोकले रोकिंदै रामचन्द्र सुबिस्तासाथ गङ्गाजीका किनारसम्म पुगेको हाल जाहेर गरे।

यति समाचार विन्ति गरी सुमन्त्र निस्केपछि, त्यस रातभर महाराजलाई राम, लक्ष्मण र सीताजीको असह्य शोकले निद्रा परेन । कौशल्याले पनि हुनेसम्म राजालाई निद्रा परोस् भनी अनेक उपाय गरिन्, तर उनको चित्त साह्रै विकल भएको हुनाले त्यो सबै व्यर्थ भयो ।

शोकविह्वल राजाले विचार गरे कि अब मेरो चित्त केही गरे पनि शान्त हुँदैन । यसै शोकद्वारा मेरो प्राण जानेछ । यस्तो विचार गरी कौशल्यालाई राजाले भने– "महारानी ! तिम्रो र मेरो सहवास आजसम्म रहेछ । अब म यस देहलाई त्याग गर्दछु । कारण, अघि मैले अजानमा एउटा तपस्वीपुत्रलाई मारेथें, उस बेला ती तपस्वीले छोरो मरेका उद्वेगले यही श्राप दिएका थिए कि 'जसरी तिमीले हाम्रो एक मात्र आधार भएको पुत्रलाई मारेर हामीलाई पुत्रशोकमा डुबायौ, उसै गरी तिमीले पनि पुत्रशोकमा डुबेर प्राणत्याग गर्नुपर्नेछ ।' थसै उसले आज मलाई ठूलो पुत्रशोक परेको छ । अब सो श्रापका प्रभावले मेरो प्राण जाने बेला भयो । अहिले मेरो शरीरमा अत्यन्त पीडा भएको छ बोल्ने सामर्थ्य पनि छैन ।"

यस्ता कुरा गर्दा-गर्दै राजाको वचन रोकियो । उनी प्रारब्ध-कर्मको अन्त्य भइसकेको हुनाले यस असार संसारलाई छोडी परलोकका अतिथि भए ।

राजाको देहान्त भएपछि, मन्त्रीहरू र गुरु वसिष्टका सल्लाहले राजाको अन्त्यक्रिया गराउनलाई भरतशत्रुघ्नलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याउनाका निमित्त दूतहरू केकय देशतिर पठाइए। तिनीहरू पुग्नेभन्दा अगिल्लै दिनदेखि भरतले पनि घेरै नै दुःस्वप्न, दुःशकुन आदि देख्न लागेका थिए।

खराब स्वप्नाका चिन्ताले खिन्न भएर अत्यन्त मलीन मुख गराई मनमा आज पिताजी र दाज्यू रामचन्द्रका विषयमा अवश्य केही न केही खराब सुन्नुपर्छ कि भन्ने अनेक तर्क-वितर्क भरतको मनमा उठिरहेको थियो। त्यसै बेला अकस्मात् अयोध्याबाट गएका दूतहरू पुगेर केकयराजसँग कुरा गरी भरतका अगाडि गई यो कुरा भन्न लागे– "राजकुमार! हजूरलाई कुलगुरु वसिष्ट र मन्त्रीहरूले आजै लिई आउनू भनी पठाएको हुनाले हामी आएका छौं, चांडै सवारी होस्।"

यो समाचार सुनी भरतले तिनीहरूसँग मातापिता, दाज्यू-भाउज्यू र भाइहरूका शरीरको आरामी खबर सोध, उनीहरूले पनि सबै कुशल हुनुहुन्छ भनी विन्ति गरे। तिनीहरूको यस्तो संभ्रमयुक्त निवेदन सुनी भरतजील आफ्ना मामाहरूसँग बिदा भई हडबडाउँदै उनै दूतहरूका साथ अयोध्यातिर प्रस्थान गरे। बाटामा पनि अनेक दुःशकुन मात्र देखिन्थे। यसकारणले उनी मनमा अनेक संशय गर्दै ग्री दूतहरूका साथ अयोध्या पुगे। उहाँ सब ठाउँ श्रीविहीन देखी दूतसँग भरतले सोधे, "दूतहो! यो अत्यन्त रमणीय अयोध्या नगरी आज उजार देखिन्छ, सधैंको जस्तो उत्सव र मङ्गलवाद्यादिको शब्द पनि यहां केही सुनिदैन, सडकहरूमा सफाइ पनि केही छैन। सारा प्रजाका मुखमा पनि उदासीनता छाइरहेको छ। यो सब के कारणले भएको हो?"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भरतजी यसरी सोधनी गर्दै थिए, उनको रथ दरबारका ढोकामा पुग्यो । उनी रथबाट ओर्लेर पहिले सरासर राजाको खोपीमा गए । तर उहाँ महाराजको नाम-निशान थिएन । फेरि उनी माताजीको खोपीतिर गए, उहाँ एक्लै बसेकी माताजीलाई देखी उनका पाउमा भरतले दण्डवत् गरे । कैकेयीले धेरै दिनमा आएका पुत्र भरतलाई ठूलो प्रेमले अङ्कमाल गरी शिरमा सुँघेर आफ्नो माइतीको हालखबर सोधिन् । भरतले पनि मामाका घरको कुशल समाचार सुनाई भने–"मुमा ! मैले पिताजीको दर्शन पाइनँ, कहाँ राज भएको छ ? आज खोपीमा पनि उहाँलाई देखिनँ; यहाँ पनि राज भएको रहेनछ- कता सवारी भयो ? बुबाको दर्शन गर्न दिल हडबडाइरहेछ, कहाँ हुनुहुन्छ ? आज्ञा भए उहीं गई दर्शन गरेर चित्तको ठूलो चिन्ता हटाउने थिएँ ।" भरतको यति कुरा सुनेर कैकेयीले भनिन्– "बाबु ! तिम्रा पिताजीको उहीं सवारी भयो, जहाँ एक फेर अवश्य सबैले जानुपर्दछ ।" यति भनेर उनीले दशरथले प्राण त्याग गरेको वृत्तान्त पनि सब सुनाइन् ।

माताको मुखबाट आफ्ना पिताजीको परलोकवासको खबर सुनी भरतको मुटु फुटेर आयो । उनी शोकले मूर्छित भएर जमीनमा गिरे । धेरै बेरपछि होश पाई उठेर उनी यसरी अनेक तरहले विलाप गर्न लागे– "हा पिताजी ! हजूरले अस्ति मात्रै दाज्यैज्यू रामचन्द्रलाई राजगद्दी दिएर वानप्रस्थाश्रम लिई ईश्वरको भजन गर्दछु, तिमी त्यस उत्सवका निमित्त चाँडै आइपुगे भन्ने समाचार पठाइबक्सेको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आज त्यस उत्सवको बदलामा मेरो दुर्भाग्यले यस्तो खराब समाचार सुन्नुपर्‍यो। बडो अभागी रहेछु। हजूरको प्राण जाने दुई घडीअगाडिमात्र आइपुगेको भए पनि केही प्रियवचन सुन्न पाउने थिएँ। दाज्यैंज्यू नै भाग्यवान् हुनुहुँदो रहेछ, उहाँले छोरो भईकन अन्त्य कालमा पिताजीको सेवा गर्न पाउनुभयो संसारमा पुत्र भएर जन्मीकन पनि पितृसेवा मेरो हातबाट हुन पाएन। मेरो दुर्भाग्यलाई धिक्कार छ! म छोरो भएर पनि व्यर्थ भयो! हा दैव! मलाई यस शोकसागरमा डुबाई पिताजीलाई हरेर लैजानु यो कस्तो निष्ठुरता हो! अब म के गरूँ, कहाँ जाऊँ?"

भरत धेरै बेरसम्म यस्तो विलाप गर्दै बेहोश भए।

केही बेरपछि उठेर फेरि मातासँग सोध्न लागे–"माताजी! बुवाको स्वर्गवास भयो तापनि मेरा पितृतुल्य दाज्यैंज्यू रामचन्द्र हुनुहुन्छ। अब उहाँको दर्शन गरी यो विकल चित्तलाई शान्त गराउँछु। आज्ञा होस्, दाज्यैंज्यू कहाँ हुनुहुन्छ? म उहाँको दर्शन गर्न जान्छु।"

भरतको यस्तो शोकोक्ति सुनेर कैकेयीले भनिन्–"बाबु! रामचन्द्र यहाँ छैनन्, उनी लक्ष्मण र सीतालाई लिई तपस्वीको वेष गरेर चौध वर्षसम्म वनवास गर्न गए। अब तिमी परम पदमा प्राप्त भइसकेका पिताजीको शोक नगर। जसरी हुन्छ आफ्नो राजपाट सह्माल!" इत्यादि धेरै कुरा गरेर कैकेयीले भरतको शोक हटाई उनलाई खुशी तुल्याउने उद्योग गरिन् तर भरत निर्लोभ, धर्मात्मा र भ्रातृभक्त हुनाले अत्यन्त दुःखित भएर भन्नथाले–"दाज्यैंज्यूले के त्यति ठूलो पाप गर्नुभयो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पिताजीले उहाँलाई वनवासको आज्ञा बक्सनुभयो ? रामचन्द्रले कुनै तरहको पाप कर्म गर्नुभयो होला भन्ने मलाई विश्वास छैन, के अपराधमा उहाँलाई यति ठूलो वनवासको दण्ड मिल्यो सो कुरा यथार्थ मलाई हुकूम होस् ! यस कुराले मेरो चित्त अरू झन् झन् व्याकुल हुन लाग्यो ।"

भरतजीको यस्तो प्रश्न सुनेर निर्लज्जा कैकेयीले भनिन्–बाबु ! रामचन्द्रले भोलि राज्य पाउँछन् भन्ने सुन्दा, मन्थराका अनुमति अनुसार, मैले अघि तिम्रा पितासँग नासो राखेका दुई वरमा एक वरले तिमीलाई राज्य र अर्को वरले रामचन्द्रलाई चौध वर्षको वनवास होस् भनी मागें । सत्यप्रतिज्ञ तिम्रा पिताजीले मेरो मनोरथलाई पूर्ण गरेर रामलाई वनमा पठाई तिमीलाई राज्य दिनुभएको छ । अब तिमी राम्ररी राजपाट चलाऊ । यस अयोध्याका राजा तिमी नै हुनेभयौ ।"

यस्ता प्रकारसँग निर्लज्जा माताका मुखबाट निस्केका घोर दावानलसमान वचनले जलेका भरत फेरि मूर्छित भए । केही बेरपछि उठेर सुतेका सर्पलाई लट्ठीले घोच्ता रिसाए झैं गरी साह्रै क्रुद्ध भएर उनी कैकेयीसँग भन्न लागे–"हजूरले स्वार्थवश दाजैज्यूलाई वनमा पठाएर त्यहो शोकद्वारा पिताजीलाई प्राणविमुक्त गराउनुभएछ । एक राज्यका निमित्त यस्तो ठूलो पाप गर्नु यो शत्रुको काम हो । यस कुराबाट म खुशी हुन्नँ । यस्तो अकर्तव्य गर्नेलाई महापाप लाग्छ । आमा भए तापनि हजूर पापिनी हुनुहुँदोरहेछ । यस्ती पापिनीको मुख पनि म हेर्न सक्तिनँ । हजूरको इच्छा पूरा गरी राजा हुनु परे रहोस्, दाज्यैज्यूलाई ल्याएर राजा बनाएर आफू दास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भई उहाँको सेवा गर्दछु । यस अन्यायले मता के, सारा अयोध्या दुःखित भएको होला । अब यस पापको प्रायश्चित्त मैले कताबाट गराउनु ? अवश्य नरकको भोग गर्नुपर्ने भयो। हाय ! मेरा प्रारब्धमा कस्तो लेखेको रहेछ ? यस्ती अपराधिनी, चाण्डालनी र निर्बुद्धि आमाको गर्भबाट मले जन्मिनु व्यर्थ हो ! अरू के भनूँ, मातृहत्या गरूँ भने रामचन्द्रको मन पर्ने छैन । अब मेरो कर्तव्य यही छ कि यस्ती कुकर्मी, भ्रष्टा, निर्लज्जा भएकी तिम्रो मुख हेर्न सक्तिनँ ।

भरतजी यस्ता प्रकारले आमाको निन्दाका साथ अत्यन्त शोक गर्दै थिए, यसै अवसरमा गहना पोशाकले डटीडटाउ भई अब त काम पूरा भयो भन्ने विचारले खुशी हुँदै मन्थरा पनि त्यहीं आइपुगी । त्यस वेला शत्रुघ्न पनि उहीं थिए । त्यस मन्थरालाई देख्नासाथ उनले यति विघ्न उठाउने तैं चाण्डालिनी होइनस् ! भन्दै चुल्ठामा समाती पिट्दा पिट्दै त्यसलाई अधमरी गराएर छोडिदिए ।

केही वेरपछि दुवै भाइ शोकसन्तप्ता कौशल्या र सुमित्रालाई आश्वासन गर्न गए । उहाँ पुगेर दुवै भाइ दुवै मातालाई दण्डवत् गरी शोकले व्याकुल हुँदै कौशल्याका पाउनेर बसे । कौशल्याले पनि ती दुई भाइलाई अङ्कमाल गरी आफ्ना वनवासी छोरालाई सम्झेर शोकाश्रुको वृष्टि गर्दै भरतसँग भन्न लागिन्–"बाबु ! तिम्री माताजीले तिमीलाई ठूलो कष्टसँग अयोध्याको राज्य पिताजीबाट दिलाएको छन् । यो कुरा सुन्दा तिमीलाई पनि हर्ष भयो होला । अब निर्धक्क भएर राज्य गर। परन्तु एक सानो राज्यका निमित्त तिम्री माताले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हामीहरूलाई विवत्सा गाई झैं गराउन उचित थिएन । हाम्रा पुत्रलाई वनमा नपठाई राज्य मात्र मागेको भए पनि कसैले रोक्ने थिएन । हाम्रा छोरालाई वनमा पठाउनमा उनलाई विशेष लाभ के रहेछ ? सो हामी जान्दैनौं । जो हुने भइगयो । अब हामीलाई रामचन्द्रका साथ बन जान बिदा देऊ; हामी उहीं जान्छौं अथवा तिमी नै पुऱ्याइदेऊ । यति गरेर आनन्दपूर्वक तिमी राज्यको भोग गर ।"

कौशल्याले यति भनेको सुन्दा मनमा अत्यन्त दुःखित भई भरतले उनका पाउमा परेर भने-"मुमा ! मेरो दाज्यैज्यूमा जस्तो प्रेम छ, दाज्यैज्यूबाट मलाई जस्तो प्यारो गर्नुहुन्छ सो कुरा हजूरमा पनि जाहेरै छ । यस राज्यका कुरामा मेरो सर्वथा केही दोष छैन । यदि मेरो तर्फबाट यो कुरो भएको रहेछ भने मलाई जन्मभर पढे पनि विद्या नआओस्, मैले चाण्डालको नोकर भई गरेको गोहत्याको पाप भोग गर्नुपरोस्, मातापिता आदि गुरुजनको अपमान गर्नाले हुने पाप मलाई लागोस्, प्रतिज्ञा पूरा नगर्ने र स्त्रीपुत्रादि, बालवृद्धादिलाई नदिई आफू मात्र मीठो वस्तु खानेलाई जो पाप लाग्दछ सो पाप मलाई लागोस्; लडाइँमा मेरो कहिल्यै जित नहोस्; मलाई सधैं बैरीसँग दबेर बस्नुपरोस्; अधर्मी, जुवाडे, यज्ञमा विघ्न गर्ने र तिर्खा लागेकालाई जल नदिनेहरूको जुन गति हुन्छ सो गति मेरो होस् ।" यति भन्दै भरत फेरि मूर्छित भई जमीनमा गिरे । तिनको त्यो अवस्था देखी कौशल्याले उनलाई उठाएर भनिन्–"बाबु ! तिमीले शपथ खानुपर्दैन, तिमी सच्चा छौ । यस कुरामा तिम्रो केही दोष छैन । अहिले हामीलाई श्रीराम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को अवस्थामा अधिक शोक हुन लागेको छ । बाबु ! तिमी सर्वथा धर्मात्मा छौ, धर्म छोडेका पनि छैनौ, ईश्वरले तिम्रो कल्याण गर्नेछन् ।"

कौशल्याले यसरी संझाउँदा भरतको शोकाग्निको ज्वाला केही शमन भयो । उनले मन्त्री र गुरु वसिष्टका आज्ञानुसार तैलदोणी (तेल राखिएको नाउ) मा रहेका राजा दशरथको संस्कारादि कर्म गरे । सो सकिएपछि वसिष्ट आदि सब जनाले भरतजीलाई–"अब राजतिलक लिनुपर्छ, पिताको हुकूम यस्तै छ" भन्ने कुरा संझाए । भ्रातृभक्त र कुलस्थिति जान्ने बुद्धिमान् भरत त्यस कुरामा सहमत भएनन् । उनले जो जवाफ दिए–"हाम्रो कुलमा ज्येठो दाज्यू छँदाछँदै धर्मशास्त्रका वचनले वा अरू कुनै तरहबाट पनि भाइलाई राज्यको अधिकार छैन । यसनिमित्त मलाई यस कुरामा जोरजुलुम केही गर्नुपर्दैन । दाज्यैज्यूलाई नै वनबाट ल्याएर यस राज्यको राजगद्दीमा राख्तछु । आफू उहाँको दास भई सेवा गर्दछु । कदाचित् दाज्यैज्यू फर्कनुभएन भने म पनि उहाँकै पछि लाग्दछु । यो निन्दित राज्य सर्वथा गर्दिनँ ।" यति भनेर भरत वनैमा जान प्रस्तुत भए । अरू पनि निरुत्तर भई उनैका पछि लाग्ने विचारमा लागे ।

प्रजाको पनि आफूसँगै पछि लाग्ने निश्चय बुझेर भरतले आफ्ना कौशल्या आदि माताहरू, गुरु वसिष्ट, मन्त्री र अरू प्रजागणका साथ वनतिर प्रस्थान गरे । श्रीरामको अनुसन्धान गर्दै जाँदा उनी भरद्वाजका आश्रममा पुगे । उहाँ भरद्वाजसँग सोधपूछ गर्दा रामचन्द्र चित्रकूटमा बस्नुभएको छ भन्ने पत्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाई भरत फेरि चित्रकूटतिर गए । केही पर पुगेपछि चित्रकूटको निकटवर्ती शिखरमा चढेर हेर्दा उनले रामका कुटीबाट निस्केको धूवाँ देखे । सो देख्दा यो अवश्य दाज्यूकै कुटीको धूवाँ हो भन्ने भरतलाई निश्चय भयो । उनी सैन्यलाई विस्तारै आउँदै गर्नू भनी खालि शत्रुघ्नलाई मात्र लिएर अगाडि बढे ।

उता चित्रकूटमा रहेका लक्ष्मणले अयोध्याबाट भरतका पछिपछि आउन लागेको सैन्यले उडाएको धूलो र वनजन्तुहरू यताउति भाग्न लागेको देखी आश्चर्यसाथ रामसँग भने– "दाज्यैज्यू ! यो के उपद्रव मच्चिन लाग्यो ? नजर हेर्नुस् ।" लक्ष्मणको यस्तो ससम्भ्रम वचन सुनी रामचन्द्रले भन्नुभयो– "कोही हिंस्रक जन्तु आयो होला, अथवा कोही राजकुमार शिकार खेल्न आएका हुनन् ।" यति भनी दुवै भाइ उतै फर्की हेर्न लागे । यत्तिकैमा भरतको रथ, घोडा, हात्ती आदि सेना नगीचै आइपुग्न लाग्यो ।

बडो हडबडका साथ आफू बसेका ठाउँतिर आउन लागेको असंख्य सैन्यलाई देखी लक्ष्मणले हडबडाएर फेरि रामचन्द्रसंग भने– "दाज्यैज्यू ! यो ता बडो भारी सेना रहेछ । हामीसँग लड्न आएको ता होइन ? अब हामीले कवचहरू पहिरी शस्त्र-अस्त्र लिएर तयार हुनु योग्य छ । भाउज्यूलाई पनि कोही सुरक्षित गुफामा लगेर राखौं ।" लक्ष्मणका ससम्भ्रम वचन सुनी रामले भन्नुभयो–"भाइ ! किन हतपताउंछौ ? पहिले सैन्य ता चिन, कसको हो ? अनि त्यस कुराको प्रबन्ध गरौंला ।"

दाज्यूको आज्ञा पाउनासाथ अग्लो शालको वृक्षमा चढेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राम्रो गरी हेर्दा रथको कोविदार ध्वजा देख्नाले भरतको सेना रहेछ भन्ने लक्ष्मणलाई पूरा निश्चय भयो । उनले रामसग भने-"दाज्यैज्यू ! त्यो कसको सेना हुन्थ्यो ? उनै कैकेयीका छोरा भरत हामीलाई मार्न भनी आएका रहेछन् । अब हामीले पनि शस्त्रअस्त्र तयारी गरी लड्नाका निमित्त सुसज्जित रहनुपर्छ । लडाइँ पऱ्यो भने भरत यताबाट उम्केर जान नपाऊन् । उनीलाई मारेपछि कोही यस्तो प्रबन्ध गर्नुपर्दछ जसमा राज्य हाम्रो हातमा आओस् । कदाचित् उनका मातृपक्षबाट कोही उठेर आए भने उनीहरूलाई पनि छोड्नु हुने छैन । राज्यका लोभले आएका अरू पनि कैकेयीपक्षका सारा जनलाई बाँकी राख्नु हुँदैन । यसमा हजूर चूपचाप लाग्नुहुन्छ भने पनि म एक्लै लडेर साराको ध्वंस गर्दछु । आजै मेरा पुरुषार्थको हजूरलाई परिचय हुनेछ ।"

क्रोधले पूर्ण भएका लक्ष्मणका वचन सुनी रामचन्द्रले भन्नुभयो-"भाइ ! यहाँ शस्त्र-अस्त्रको केही काम छैन । बिचरा साधुशील भरतजी आफै वनमा आउन लागिरहेछन् । हामीले पिताजीको आज्ञा शिरोधर गरी चौध वर्ष वनवास गर्ने प्रतिज्ञा गरिसकेका छौं । अब उनलाई मारेर हामीले दुष्कीर्ति फैलाउने काम गर्नु उचित छैन । भाइको विनाश गरी त्रैलोक्यको राज्य पाए पनि मलाई चाहिँदैन । राज्यको लोभ गर्ने भए तिमीजस्ता पुरुषार्थी भाइ छँदाछँदै मलाई केही कम्ती थिएन । अघि अयोध्यामा तिमीलाई रिस उठेको बेलामा लौ हुन्छ, भन्ने थिएँ । तिमी उसै बेला सब तय गर्ने थियौ । बाबु लक्ष्मण ! अब मैले खालि पिताजीको आज्ञा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पालन गर्नु पर्दछ। यसभन्दा मेरो अर्को कर्तव्य नै केही छैन। तिमी किन राज्यका कुरा गर्दछौ ? भरत पनि निर्बुद्धि छैनन्। उनी पनि सके राज्यकै कुरामा मातापिताजीसँग गडबड हुँदा मसँग सल्लाह माग्न आएका होलान्। जे गर्न आएका भए पनि भइगयो, आउन देऊ। यदि उनीसग एउटा मात्र रिसको कुरा गर्‍यौ भने तिमीलाई मेरो हत्या लाग्नेछ। तिमीलाई राज्यको लोभ छ भने मै भरतसँग तिम्रो निमित्त राज्य मागिदिन्छु। मैले मागें भने उनी अवश्य दिने पनि छन्। यतैबाट फर्की गएर राज्य गरौला। मैले भनेको मान्दछौ भने जस्तो मलाई पिताजीबराबर सम्झन्छौ उस्तै भरतलाई पनि सम्झ।"

श्रीरामचन्द्रले यसरी सम्झाउँदा लक्ष्मणको चित्त बुझ्यो। उनले दाज्यूका आज्ञानुसार भरतका उपर केही रिस गरेनन्। आफ्ना कुराले आफैं लज्जित भई चूपचाप लागे।

केही बेरपछि गुरु वशिष्ट, मन्त्री, आमाहरू र अरू सैन्यलाई पछि छोडी भरतजी पनि आइपुगे। बोक्राहरू पहिरी तपस्वीको भेषमा रहेका दाज्यू श्रीरामचन्द्रलाई देखी उनको मन साह्रै खिन्न भयो। उनी त्यही उद्वेगले बेहोश भएर दाज्यूका पाउमा गिरे। रामचन्द्रले पनि प्रेमपूर्वक उनलाई उठाउनुभयो। उठेपछि उनले हात जोडेर बिन्ति गरे– "दाज्यैज्यू ! जसका शरीरमा उत्तम वस्त्र, भूषणहरू र केशर आदि सुगन्धित द्रव्यले शोभा पाउँदथे। आज लोकपूज्य उही हजूरको शरीरमा मेरो निम्ति बोक्रा र जमीनका रजःकण परिरहेछन्। मेरो जीवनलाई धिक्कार छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो विलाप गर्दागर्दै भरत फेरि मूर्छा परी जमीनमा गिरे । श्रीरामले फेरि उनलाई झटपट प्रेमपूर्वक उठाएर अङ्कमाल गरी धेरै सम्झाउनुभयो । शत्रुघ्नले पनि दाज्यूका पाउमा दण्डवत् गरे । केही बेरपछि गुरु वशिष्ठ, कौशल्या आदि महारानीहरू र मन्त्रीहरू पनि आइपुगे । पारस्परिक कुशलप्रश्नको अनन्तर श्रीरामचन्द्रले भरतलाई भन्नुभयो– 'भाइ ! तिमी मावलैमा थियौ र म यता आएथें, धेरै दिन देख्न नपाएको हुनाले तिम्रो अनुहार बेग्लै जस्तो भएछ । अयोध्याबाट यसरी सरासर तिमी आएका देख्ता मलाई शंका पनि लाग्दछ । पिताजीले तिमीलाई यहाँ आउन आज्ञा कसरी दिनुभयो ? पिताजीको जीवनमा केही अनिष्ट ता भएको छैन ? बाबु भरत ! अयोध्याको हाल कस्तो छ ? तिमी गुरुजनको सेवा राम्रा तरहले गर्दछौ ? तिमीले शस्त्रास्त्र विद्या र नीति जान्ने सुधन्वाजीलाई प्रसन्न राखेका छौ ? कार्य गर्नु भन्दा पहिल्यै तिम्रो मनमा उठेको कुरा शत्रुले थाहा त पाउँदैन ? सेनापतिलाई प्रसन्न राख्नु, फौजलाई समय-समयमा जागीर दिनु, दुनियाँलाई आफ्ना चालचलनले राजीखुशी राख्नु, चोर डाँकूबाट प्रजाको रक्षा गर्नु, मिष्टान्नहरू सबैलाई बाँडी खानु. इत्यादि कुरा नीतिपूर्वक गरेका छौ ?"

रामचन्द्रले यस्ता प्रकारसँग आफूलाई सोधनी गर्दा शोकाकुल भरतले हात जोडेर भने–"दाज्यैज्यू ! हजूरले सारगर्भित राजनीतिका कुरा जो सोध्नुभयो त्यसको मलाई केही प्रयोजन छैन । किनभने, आफूभन्दा माथिका ज्येठा दाजु छँदै भाइ कदापि राजा हुन सक्तैन । यसनिमित्त अब हजूर अयोध्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सवारी होस् । उहाँ आफ्नो कुलस्थिति थामी प्रजाको पालन गर्नुहर्दछ । यतिञ्जेल पिताजीबाट राज्य चलेको थियो, उहाँ पिताजी पनि म मामाका घरमा रहेको र हजूर यता सवारी भएको समय पारी परमधाम हुनुभएछ । हाम्रो दुर्भाग्यले गर्दा कुनै छोराले पनि अन्त्य समयमा उहाँको सेवा गर्न पाएनौ । जो हुने भयो । अब भइसकेका कुरामा शोक गरेर केही पुग्दैन । जसरी हुन्छ चाँडै नै अयोध्यामा सवारी भई हजूरले अराजक प्रजाको पालन गर्नु नै श्रेय छ । मेरी मुमा र पिताजीको आज्ञा हजूरबाट पूरा गरिबक्स्यो । किनभने हजूरले वनवास गर्नुभयो; अब म हजूरको राज्य हजूरैमा चढ़ाउँछु । सो लिएर राजगद्दीमा विराजमान भई हामीहरू र प्रजालाई आनन्द गराउनुहोस् ।"

भरतको सविनय निवेदनबाट राजा दशरथ परलोक भएको कुरा जानेर श्रीराम अत्यन्त शोकका साथ मूर्छित हुनुभयो । केही बेरपछि सचेत भएर उहाँले भन्नुभयो–'बाबु भरत ! पिताजी नै हुनुहुन्न भने अयोध्यामा गएर म के गरूँ । अब तिमी-हामीलाई कसले उपदेश गर्ला ? पिताजीले राम्रा-राम्रा वचन गरी प्यारो गर्दा कति आनन्द लाग्दथ्यो । अब सो आनन्द कहाँ पाउँला ? सीते ! तिमी श्वशुरविहीना भयौ । हामी पनि टुहुरा भयौं । हाम्रा पिताजी कहाँ सवारी भयो?"

रामचन्द्रलाई यसरी अनेक विलाप गरिरहनुभएको देखेर कुलगुरु वशिष्टले अघि सरी भने–"बाबु ! अब शोक गरेर केही पुग्दैन । संसारको गति यही हो । यस गतिमा सबैले नचली हुँदैन । यो सबै तपाईंलाई थाहै छ । मैले सम्झाइरहनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्दैन । यसकारणले अहिले यस शोकको बेगलाई रोकी आफ्नो कुलाचारअनुसार स्वर्गमा प्राप्त भएको पिताजीको पुत्रले गर्नुपर्ने अन्तिम क्रिया गर्न उचित छ ।" गुरुको यो सान्त्वनापूर्वकको वचन सुनेर रामचन्द्रले पिताजीको अञ्जलिदानादि कर्म गर्नु भयो ।

यहाँपछि गुरु वशिष्ट, वृद्ध मन्त्रीहरू र अरू अयोध्यावासी प्रजाले रामलाई राज्य गर्नु होस् भनी अनेक तरहले सम्झाए । तर ती सबैलाई श्रीरामचन्द्रले यही जवाफ दिनुभयो–"म त्रैलोक्यको राज्य पाउँछु भने पनि चौध वर्षसम्मको वनवास पूरा नगरी फर्कन्नँ, जावो एउटा अयोध्याको ता के कुरा ! सारा त्रैलोक्यको राज्य पाउँछु भने पनि मलाई यस विषयमा कसैले सम्झाउनुपर्दैन, म सर्वथा पूज्यपाद पिताजीका आज्ञाको उल्लङ्घन गर्दिनँ ।"

रामचन्द्रको यो दृढप्रतिज्ञा सुनेर सबै निरुत्तर भए । फेरि कसैले केही भन्न सकेनन् । बिचरा भरत भने दीन मुख गरेर रामचन्द्रको मुखतिर हेर्न लागे । तिनको त्यो अवस्था देखेर रामचन्द्रले भन्नुभयो–"भाइ भरत ! तिम्रो मेराउपर जत्तिको प्रेम छ त्यो सब मलाई थाहा छ, परन्तु भवितव्यतालाई कसैले टार्न सक्तैन । यस वनवासबाट चौध वर्ष पूरा गरी फर्के भने तिम्रो इच्छा पूर्ण गराउन्येछु । अहिले जुन पिताजीको आज्ञाले वनमा आएँ उनै पिताजीका आज्ञाले तिमो अयोध्यामा गएर आफ्नो पैतृक राजपाट चलाऊ, यही तिम्रो परम धर्म हो । शत्रुघ्न साथमा भएपछि तिमीलाई केही डर हुने छैन । चौध वर्ष पुगेपछि म अवश्य अयोध्या फर्कन्येछु । धन्दा नमान ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यती भनी रामचन्द्र चूप लागेपछि भरतले आँसु पुछतै भने–"दाज्यैज्यू ! हजूरको अहिले सर्वथा अयोध्यातिर नफर्कने आग्रह छ भने मलाई आफ्नो खराउ बक्सनुहोस । म उनै खराउ राजगद्दीमा राखी हजूरकै प्रतिनिधि भएर हजूरकै भेष धारण गरी राज्यको हेर–विचार गर्दछु । चौध वर्षपछि सवारी फिरेन र एक दिन मात्र नाघ्यो भने सो नाघेका दिन अग्निमा जली प्राणत्याग गर्नेछु ।"

भरतको यो भक्तिपूर्वकको भीषण प्रतिज्ञा सुनी खुशीसाथ रामचन्द्रले आफ्ना खराउ उनलाई दिएर भन्नुभयो–"भाइ ! शोक नगरी नीतिपूर्वक प्रजाको पालन गरे । मुमाहरूलाई पनि आनन्दसँग राखे । म चौध वर्ष पूरा भएको दिन तिमी-सँग अवश्य भेट गरूँला ।" भरतलाई यति भनी फेरि शत्रु-घ्नलाई पनि भन्नुभयो-"बाबु ! तिमी बुद्धिमान् छौ । शोक-सन्ताप छोडी मुमाहरूको टहल गरेर भरतका आज्ञामा बसे, राज्यमा परिआएका विघ्न–बाधालाई हटाई प्रजाको पालनमा दाज्यूलाई सहायता दिए ।"

यस्तो प्रकारले प्रतिज्ञा गरी लक्ष्मण र सीताका साथ रामचन्द्र चित्रकूटमा बस्नुभयो । भरत, रामचन्द्रका खराउ लिई बिदा भएर मन्त्रीहरूका साथ अयोध्यातिर फर्के तापनि उनले शहरमा प्रवेश गरेनन् । उनी अयोध्यादेखि बाहिरै तपस्वीभेषले नन्दिग्रामा बसी आफ्ना प्रतिज्ञाअनुसार श्रीराम-को प्रतिनिधि भएर राजकाज चलाउन लागे ।

अयोध्याकाण्ड समाप्त ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अरण्यकाण्ड

भरत फर्केपछि एक दिन श्रीरामचन्द्रले सीता र लक्ष्मण सँग भन्नुभयो-"अब हामीहरू यही चित्रकूटमा नै बसिरह्यौं भने अयोध्यावासी बारंबार हामीसँग भेट गर्न आउनेछन्। त्यसो भएपछि यहाँ बसेका एकान्तवासी मुनिहरूको भजनमा विघ्न पर्नजाला । यसकारण अब हामीले कसले नदेख्ने ठाउँमा बस्नुपर्दछ ।" रामचन्द्रका यस कुरामा सीता र लक्ष्मणको पनि सम्मति भयो । त्यहाँबाट तीनै जना दण्डकारण्यतिर हिंडे ।

जांदा-जाँदा अत्रिमुनिका आश्रममा पुगेर तीनै जनाले मुनिलाई भक्तिपूर्वक प्रणाम गरे । मुनिले पनि तिनीहरूलाई फलमूलहरूले सत्कार गरे । सीताजीले पनि ऋषिपत्नी अनसूयासँग भेट गर्नुभयो । यिनले सीताजीलाई धेरै आशीष दिई यस प्रकारले स्त्रीधर्मको उपदेश गरिन्-

"सीताजी ! स्त्रीजातिलाई पतिबाट जस्तो सुख मिल्दछ त्यस्तो सुख आमा, बाबु, दाज्यू, भाइ र इष्ट-मित्र कसैबाट पनि मिल्न सक्तैन। यसकारणले स्त्रीको मुख्य धर्म पतिसेवा नै छ । लुलो, लङ्गडो, अन्धो, बहिरो, रोगी, गरीब जस्तो सुकै होस् तापनि पतिलाई हेला गर्नाले स्त्रीजातिको नरकवास हुन्छ । पतिको आज्ञाविना तीर्थ, व्रत, नियम-उपवास आदि गर्नाले पनि केही धर्म हुँदैन । जुनसुकै शुभ काम गर्दा पनि स्त्रीले पतिकै सौभाग्य र आयु बढोस् भनी मनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चिताउनुपर्दछ । पतिको कल्याण भए मात्र स्त्रीको कल्याण हुन्छ । मन, वचन, शरीरले जसरी हुन्छ स्त्रीले पतिकै सेवामा रहनु उचित छ । जसका मनमा खाँदा, पिउँदा, हिंड्दा कुनै वेलामा पनि परपुरुषको सम्झना रहँदैन त्यो स्त्री उत्तम पतिव्रता हो । व्यभिचारिणी स्त्री शय कल्पसम्म घोर नरकमा पर्दछे, फेरि अर्का जन्ममा तरुणावस्थैमा विधवा हुन्छे । यसकारण त्यो जस्ती अभागिनी, अधम र मूर्ख कुनै हुन्न ।"

अनसूयाका यस्ता उपदेश सुनी सीताजी अत्यन्त खुशी हुनुभयो । राम र लक्ष्मणले पनि मुनिका साथ अनेक वार्तालाप गरी एक दिन त्यहीं विताए । भोलिपल्ट मुनिसँग बिदा हुने वेलामा अनसूयाले सीताजीलाई उत्तम बुकुवा दिएर भनिन्-"जानकि ! यो बुकुवा लगाएपछि तिम्रो अगमा सदा सुवासले बास गर्नेछ !" अनसूयाको वचन सुनी सीताजीले पनि बडो भक्तिका साथ त्यो बुकुवा लिनुभयो ।

यसपछि राम, लक्ष्मण र सीताजी यी तीनै जनाले त्यहाँबाट प्रस्थान गरे । केही पर पुगेपछि अकस्मात् एक घनघोर शब्द सुनियो र सीताजी डराउन लाग्नुभयो । सीताजीको त्यो घबराहट देखी यो केको शब्द रहेछ ? भनी रामचन्द्र र लक्ष्मण चारैतर्फ दृष्टि फिराउन लागे । त्यसै बेलामा अत्यन्त डरलाग्दो, अग्लो, मोटो, गहिरो आंखा भएको, गुफा जत्रो मुख भएको, बाघको छाला ओढेको, रगत र बोसोले मुछिएको त्रिशूलमा तीन सिंह, चार बाघ, दुई ब्वाँसा र लामो दांतसहित हात्तीको टाउको उनेर लिएको यस्तो विराध भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक राक्षस जङ्गलका जन्तुहरूलाई भगाउँदै सरासर गर्जंदै आएर उनीहरूसँग भन्नलाग्यो–"तिमीहरू दुई जना, एक स्त्री साथमा लिएर यस जङ्गलमा किन आयौ ? यो स्त्री को हो? तपस्वीको वेष गरेका तिमीहरू को ह्वौ ? म ऋषिहरूको मासु खाई यस वनमा फिर्ने विराध नामको राक्षस हुँ । आज दैवसंयोगले तिमीहरू मेरो आहार हुन आँट्यौ, साह्रै भोक लागिरहेछ । अब घेरैबेर बाँच्नेछैनौ, आफ्ना इष्टदेवको स्मरण गर ।" यति भनेर ती दुवै भाइलाई पक्रनाका निमित्त उसले हात पसाऱ्यो ।

त्यसले ती दुई भाइलाई पक्रन आँटेको देख्ता सीताजी झन् डरले थरथर काँप्न लाग्नुभयो । त्यो देखी धृष्टतासाथ अगाडि सरेर रामले सोध्नुभयो–"तँ को होस् ? कसको छोरा होस् ?" रामचन्द्रको यो प्रश्न सुनी राक्षसले पनि खूब गर्जेर भन्यो–"मेरा बाबु जव र आमा शतह्रदा हुन् । मैले तपस्या गरी ब्रह्माजीबाट 'तेरा शरीरमा कुनै शस्त्रले चोट लाग्नेछैन, अङ्गहरू काटिएर पनि तैंले मर्नुपर्नेछैन' भन्ने वरदान पाएको छु । तिमीहरूका धनुर्वाणले मलाई केही हुँदैन । यदि बाँच्नाको इच्छा छ भने यस स्त्रीलाई छोडी भागेर जाओ । होइन भने तिमी दुईलाई खाएर यस स्त्रीलाई म आफ्ना घरकी स्वामिनी गराउन लैजान्छु ।"

राक्षसका यस्ता कठोर र भयंकर वचन सुनी अत्यन्त रिसाएर रामचन्द्रले भन्नुभयो–"हे राक्षस ! हामी पनि इक्ष्वाकुवंशी क्षत्रियका छोरा ह्वौं, तँजस्ता दुष्ट राक्षसलाई मारी मुनिजनहरूको रक्षा गर्नाका निमित्त पिताजीको आज्ञाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

यस वनमा आएका छौं । तँ पनि आफ्नो ज्यानको माया गर्दछस् भने भाग्, नत्र हाम्रा हातबाट बाँची उम्कनेछैनस् ।" यति भनी रामले एक पटक त्यसका उपर तीखा-तीखा सात वाणको प्रहार गर्नुभयो । ती वाणको चोट खाँदा व्याकुल भएको त्यो राक्षस पनि हातमा त्रिशूल लिएर मुख बाउँदै राम र लक्ष्मणतिर आइलाग्यो । त्यस बेला फेरि रामले असंख्य वाणको वृष्टि गरी त्यसको मुख भरिदिनुभया, तर ब्रह्माको वरदानका प्रभावले ती वाण लागे तापनि उसलाई केही भएन । जति वाण मुखभित्र पसेका थिए ती सबैलाई उसले सासका जोरले बाहिर निकालेर जमीनमा गिराइदियो ।

यसरी रामचन्द्रका तीखा-तीखा वाणको चोटले त्यो राक्षस झन् रिसाई त्रिशूल उठाएर राम र लक्ष्मणका उपर प्रहार गर्न लाग्यो । त्यो देखी फेरि रामले एक वाण हानी त्यसको त्रिशूल काटिदिनुभयो । आफ्नो त्रिशूल काटिंदा अत्यन्त क्रोधले चूर भएर एकदम त्यस राक्षसले राम र लक्ष्मण दुवै भाइलाई जुरुक्क उचाली केही बेर काखी च्यापेर फेरि काँधमा राखी अब यिनलाई कता फ्याँकूँ भन्दै दौडन थाल्यो ।

राक्षसले आफ्ना पति र देवरलाई काँधमा राखी दौडन लागेको देख्दा डरले व्याकुल भएकी सीताजी पनि पछि-पछि दौडँदै गएर त्यस राक्षससँग भन्न लाग्नुभयो—' हे राक्षसराज! यी दुई भाइलाई लगेर मलाई मात्र एक्लै छोडी आफ्नो आहार अरू जनावरहरूलाई किन दिन्छौ ? म एक्लै भएपछि अवश्य यहाँका जनावरले मलाई नखाई छाड्नेछैनन्, यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त मेरो विन्ति छ; कि त मलाई समेत लगी खाऊ, होइनभने यी दुई भाइलाई पनि छोडिदेऊ ।"

सीताजीले आर्त्त स्वर गरी राक्षससँग प्रार्थना गरेको सुन्दा साह्रै रिस उठ्यो र रामचन्द्रले लक्ष्मणलाई आँखाको इशारा गर्नुभयो । त्यो इशारा पाउनासाथ दुवै भाइले राक्षसका एक एक काँधलाई बडो जोरसंग थिचे । त्यही थिचाइले राक्षसका दुवै पाखुरा भाँचिए, राक्षस एक क्षण पनि अड्न नसकेर जमीनमा गिऱ्यो । रामलक्ष्मण पनि त्यसको त्यो उठ्न नसक्ने मौका पाएर त्यसलाई पाँच–सात पटकसम्म ढुङ्गामा उचाल्दै पछार्दै गर्न लागे । त्यति गर्दा पनि त्यस राक्षसको प्राण गएन । आखिरमा ब्रह्माजीको वरदानका प्रभावले त्यस-लाई शस्त्र-अस्त्र प्रहार गरेर मार्न सकिंदैन भन्ने विचार गरेर श्रीरामले लक्ष्मणलाई खाल्डो खन्न लगाउनुभयो ।

रामको आज्ञानुसार लक्ष्मणले एक खाल्डो खने, त्यसै वेला दैवसंयोगले त्यस राक्षसलाई पनि जातिस्मरण भयो र त्यो बडो नम्रतासाथ रामचन्द्रसँग भन्नलाग्यो- "महाराज ! म अघिल्ला जन्ममा तुम्बुरु भन्ने गन्धर्व थिएँ । केही अपराधमा रिसाएर कुवेरले मलाई 'तँ राक्षस भइगएस्' भनी सराप दिए । पछिबाट मैले धेरै प्रार्थना गर्दा उनले 'तँ पछि दशरथ-का छोरा रामचन्द्रबाट राक्षसयोनिदेखि मुक्त हुनेछस्' भने । सो कुरा आजै मिल्न आयो । दशरथका पुत्र हजूर हुनुहुँदो रहेछ । हजूरैका बाहुलीबाट मैले यस राक्षसयोनिदेखि मुक्त हुनुपर्दछ । मलाई यस खाल्डामा गाडिदिनुहोस् । अरू उपायले मेरो वध हुन सक्तैन, खालि यति गर्नाले नै मेरो प्राण जानेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि हाम्रो संप्रदाय पनि यो छ कि मरेका राक्षसलाई खाल्टामा पुरिदिनाले त्यसको उत्तम गति हुन्छ । यसनिमित्त कृपापूर्वक राक्षसयोनिमा प्राप्त भएको मेरो अन्तिम क्रियासमेत पूरा हुने उपाय गरिदिनुहोस् । त्यति गरी हजूर यहाँबाट ६ कोस पर शरभंग भन्ने एक महात्मा ऋषिको आश्रम छ, त्यहीं पाल्नुहोस् । त्यहाँ हजूरलाई सबै कुराको सुबिस्ता हुनेछ ।"

यति भनेर राक्षसदेहलाई छाडी विराध तुम्बुरू नामक गन्धर्व भएर रामचन्द्रको स्तुति गर्दै आफ्ना लोकमा गयो । त्यहाँपछि त्यस विराधको शरीरलाई खाल्टामा गाडी उसले भनेअनुसार राम, लक्ष्मण र सीताजी त्यहाँबाट शरभगका आश्रममा पुग्नुभयो ।

शरभङ्गजीले पनि आफ्ना आश्रममा आएका यी तीन जनालाई यथाशक्य आसन, फल, मूल र जल आदिले सत्कार गरी नम्रतासाथ भने—"हे रघुनन्दन ! हजूरहरूको यस वनमा सवारी हुन्छ भन्ने कुरा तपोबलबाट मैले अघि नै थाहा पाएथें । यसैले दर्शन गर्न पाउँला भन्ने आशाले यस ठाउँमा बसिरहेको छु । आज मेरो मनोरथ पूरा भयो । कृपापूर्वक मलाई दर्शन दिनुभयो । अब म हजूरको सामने यस देहलाई छोडी परलोक जानाको इच्छा गर्दछु । हजूर यहाँबाट सुतीक्ष्णका आश्रममा सवारी होस् । सब कुराको सुबिस्ता हुनेछ ।" यति भनेर शरभंगले एक चिता बनाए । उसमा आफ्नो देह जलाई उनी श्रीरामले देख्ता—देख्तैमा दिव्यदेह धारण गरेर परमपदमा प्राप्त भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्ता प्रकारले शरभंग मुक्त भएको सुनी त्यस पुण्या-श्रममा रहने धेरै ऋषिहरू रामचन्द्रसँग आएर भन्न लागे- "हे राजकुमार ! हजूर सारा संसारमा प्रसिद्ध, शूर, वीर पराक्रमी, बलवान् इक्ष्वाकुवंशी क्षत्रिय हुनुहुन्छ । यसकारणले जस्तो पानीमा बग्न लागेकालाई कोही चीजको सहारा पाउँदा आनन्द हुन्छ उस्तै, अहिले हामीलाई हजूरको दर्शन पाउनाले भइरहेछ । हजूरको यस वनमा सवारी नभएको भए कति ऋषिहरू राक्षसका अहारा भइसक्ने थियौं, कतिका यज्ञमा कत्रा-कत्रा विघ्न पर्दथे, हजूरका प्रतापले सबै आज शान्त भइरहेको छ । हे राघव ! हामी सबै हजूरका शरणमा छौं । हजूरबाट हाम्रो पालना हुनुपर्दछ ।"

ऋषिहरूका यस्ता वचन सुनी रामचन्द्रले भन्नुभयो- "ऋषीश्वरहो ! तपाईंहरूले धन्दा मान्नुपर्दैन । म तपाईंहरू कै सेवा गर्न भनी यस वनमा आएको हुँ । पिताजीको आज्ञा पालन गर्न मात्र ता अरू कुनै वनमा गई चौध वर्ष बिताए पनि हुन्थ्यो, अतः तपाईंहरू निर्भय रहनुहोस् । जो विघ्नबाधादि परिआउला हामी दुई भाइले सो सब टारौंला, तपाईंहरूलाई कसैले अलिकति पनि कष्ट दिन पाउनेछैन ।"

यति भनेर ऋषिहरूलाई अभय दिई त्यहाँबाट लक्ष्मण र सीताजीका साथ श्रीरामचन्द्र सुतीक्ष्णका आश्रममा पुग्नुभयो । उहाँ एक रात बसी भोलिपल्ट सुतीक्ष्णसँग बिदा भएर तीन जनाले अगस्त्यका आश्रमतिर प्रस्थान गरे । त्यसै वेला बाटामा रामचन्द्रसँग सीताले धेरै धर्मका कुरा सोध्नुभयो:-

"प्राणनाथ ! धर्मको गति सूक्ष्म छ । धर्म ठूलो ढाँचा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर मात्र पाइँदैन । झूटो बोल्नु; परस्त्रीगमन र विना वैर अर्कालाई मार्नु यो तीन कुरामा दुई कुरा ता हजूरमा कदापि देखिएका र देखिने पनि छैनन्, तेस्रो कुरा जीवहिंसा जो हजूर बराबर गर्नुहुन्छ, अब पनि गर्ने विचार राख्नुभएको छ, अरु पनि ऋषिहरूसँग राक्षसहरूलाई मारी तपाईंहरूको सेवा गरूँला भनी प्रतिज्ञा गर्दै हुनुहुन्छ त्यो कुरा हजूरमा किन रहेको छ ? तपस्वीको वेष गरेर पिताजीको आज्ञा पालन गर्नालाई वनमा बस्न आउने मानिसले जीवहिंसा गर्नु धर्मविरुद्ध कुरा हो । फेरि तपस्वी भएर वनमा बस्न आउनेले यो धनुर्वाण लिने क्षत्रियधर्मको आश्रय गर्न पनि उचित देखिंदैन । अथवा आफूलाई दुःख दिन आउनेलाई हटाउनका निमित्त लिएको हो भने पनि यहाँ म र लक्ष्मण-बाहेक हजूरले रक्षा गर्नुपर्ने कोही छैन । त्यत्तिका निमित्त ठूलाठूला सग्राममा चाहिने धनुर्वाणको भारी बोक्नु पनि आडम्बरै हो । यथा कथञ्चित् खालि हामी दुईको रक्षा गरी आफ्नो चौध वर्ष वनमा वस्ने व्रत मात्र पूरा गरे भइगयो । अनेक राक्षसहरूको प्राण लिनाले हजूरलाई के लाभ हुन्छ ? म ता यस वनमा हजूरले शस्त्र-अस्त्र लिएर हिंड्ने काम केही देख्तिनँ । जब अयोध्यामा सवारी भई राज्य गरिबक्सिएला अनि राजचिह्नका निमित्त शस्त्र—अस्त्र ठीक होला । हजूरका पिताजीको पनि वनमा तपस्वीको वेष गरी रहनू भन्ने मात्र आज्ञा थियो । धनुर्वाण धारण गर्ने क्षत्रिय-हरूको वेष लिनू भन्ने आज्ञा ता थिएन । जुन धर्ममा पिता-जीको आज्ञा छ उसै धर्ममा रहनु नै हजूरको कर्तव्य हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किनभने आफ्ना धर्ममा रहनाले नै सुख हुन्छ । यसनिमि
हजूरले आफ्नो धर्म छोडी जीवहिंसाका तर्फ ढल्कनु ठी
पर्दैन कि भन्ने मेरो मनमा लाग्दछ ।"

सीताजीका यस्ता गम्भीर वचन सुनी प्रहसित मुख ग
श्रीरामले भन्नुभयो–"साध्वि ? क्षत्रियहरूले धनुर्वाण लिना
मुख्य कारण यही हो कि कसैले मलिन मुख गरी आप
कानमा दीनवचन सुनाउन नपाओस् । अर्थात् आफू ब
छँदै दुःख भनेको कसैले पनि नपाओस् । हेर, यस वन
एक मात्र होइन हजारन् ऋषिहरू राक्षसबाट दुःखित
मसँग शरण पर्न आउँदैछन्, कति ऋषिहरूलाई राक्षसह
खाइसकेका रहेछन् । तिमीले ऋषिहरूका हाडको पर्वत
पनि देखिहाल्यौ । यस्ता दुःखित ऋषिहरूको हामी क्षत्रि
रक्षा नगरे कसले गर्छ ? यसरी ऋषिहरूको सहार हुन ला
भने यस संसारमा धर्मोपदेश गरी ब्रह्मकर्मद्वारा जग
पालन फेरि कसले गर्ला ? सारा संसार अधर्मग्रस्त भई
नै नष्ट हुनेछ । यसै कारण त्यस्ता पूज्यचरित्र ऋषि
सँग मैले यो प्रतिज्ञा गरेको हुँ । चाहे तिमीलाई छोड्नुपर
चाहे लक्ष्मणलाई छोड्नुपरोस्, जहाँसम्म मेरो शरीरमा
रहन्छ त्यहाँसम्म यस प्रतिज्ञालाई म सर्वथा छोड्दिनँ
तिमीले अघि भनेका कुरा ठीक हुन् । ती कुराबाट म
खुशी लाग्यो, तर अकिञ्चन वैदिक कर्मद्वारा नै यस संसा
धर्ममार्गलाई स्थिर राखी तपस्या नै धन गरी रहेका
ऋषिहरूको यो दुर्दशा देख्ता देख्तै हामी क्षत्रियले
लागिरहनु बडो अधर्म हुन्छ । यसनिमित्त मैले त्यो प्रति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नगरी भएन ।

"परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मं संस्थापनार्थाय सम्भवामि युगे युगे ॥"

मेरो यही व्रत छ ।"

यस्ता कुराले सीताजीका प्रश्नको उत्तर दिंदै सुतीक्ष्णले बताएको बाटाले राम, लक्ष्मण र सीता यी तीनै जना अगस्त्यमुनिको आश्रममा पुगे । उहाँ एक रात विश्राम गरी भोलिपल्ट अगस्त्यमुनिसँग श्रीरामले भन्नुभयो- "मुनिवर ! हामीलाई बस्ने कोही असल ठाउँ बताइदिनुहोस् ।" रामचन्द्रको यस्तो वचन सुनी अगस्त्यले पनि पञ्चवटीमा नै सब तरहको सुविस्ता छ, उहीं बेस होला भन्ने सल्लाह दिए । मुनिको सल्लाहअनुसार उनीसँग बिदा भई राम, लक्ष्मण र सीताले पनि पञ्चवटीतिरै प्रस्थान गरे । त्यसै वेला जङ्गलको बीचमा दशरथका मित्र जटायु नामक एक गृद्धराजसँग रामचन्द्रको केही बेर सम्वाद भयो । उताबाट केही बाटो हिंडेपछि रमणीय पञ्चवटी नामक स्थान देखियो । उहाँ पुगेर एक मनोहर कुटी बनाई तीनै जना आनन्दपूर्वक रहन लागे ।

जुन दिनदेखिन् रामचन्द्र, सीता र लक्ष्मणले पञ्चवटीमा आश्रम बनाई बसेथे, उस दिनदेखिन् त्यस ठाउँका सम्पूर्ण ऋषि-मुनिहरू पनि अभयसाथ रहन लागे । नदीहरूमा पनि ऋषिहरूका हर समयको आवागमनले अपूर्व शोभा बढ्दै गयो, मृगादि पशुपक्षीहरू पनि आनन्दका साथ जीविका चलाउन लागे । त्यसै ठाउँमा बसी रामचन्द्रले लक्ष्मणलाई अनेक धर्मको उपदेश गर्नुभयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तै प्रकारले केही काल बितेपछि एक दिन राम, लक्ष्मण र सीता, यी तीनै जना गोदावरीमा स्नान गरी आएर बसेका थिए, त्यसै वेलामा एक राक्षसी घुम्दै-घुम्दै उहाँ आइपुगी । श्रीरामचन्द्रको मोहिनी मूर्ति देख्ता त्यसका मनमा ठूलो आसक्ति पैदा भयो । यसैले त्यो उत्कण्ठासाथ भन्नलागी-"मुनिको वेषमा धनुर्वाण लिएर राक्षसका राज्यमा आएका तिमीहरू को ह्वौ ? यहाँ आउनाको कारण के हो?" त्यस राक्षसीका यस्ता वचन सुनी श्रीरामचन्द्रले केही हाँसेर भन्नुभयो- "हामी महापराक्रमी दशरथका छोरा ह्वौं । मेरो नाउँ रामचन्द्र हो, यिनी मेरा भाइ लक्ष्मण हुन्, यी मेरी धर्मपत्नी सीता हुन् । हामी पिताजीको आज्ञाले यस वनमा आइबसेका छौं । तिमी कसकी छोरी ह्वौ ? तिम्रो पति को हो ? यस जङ्गलमा कहाँबाट एक्लै आयौ ? अनुहार देख्ता राक्षसी जस्ती छौ । को हौ ? यथार्थ बताऊ ।"

रामचन्द्रले यसरी आफूलाई सोधेको सुनी त्यस राक्षसीले भनी- "म रावणकी बहिनी, कुम्भकर्ण र विभीषणकी दिदी राक्षसी नै हुँ । मेरो नाम शूर्पणखा हो । जुन बेला जस्तो स्वरूप बनाऊँ भने पनि बनाउन सक्ने अद्भुत शक्ति मसंग छ । कसैसँग पनि डराउँदिनँ । यसै कारण यस वनमा निर्धक्क-सँग फिरेकी छु । यहाँ मेरा खर र दूषण भन्ने अरू दुई भाइ पनि छन् । उनीहरू हजारन् सैन्यका साथ आफ्ना बल र पराक्रमले देवताहरूसँग पनि स्पर्धा राख्तछन् । म पनि कुनै भाइभन्दा कमजोर छैन । स्त्री हुं तापनि बडो पराक्रमी छु । मलाई कसैको रोकावट पनि छैन । मैले जे गरे पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ । यसकारण आज तपाईंको सुन्दर स्वरूप देखी तपाईंमा आसक्त भएर मलाई पत्नी बनाउनुहोस् भनी प्रार्थना गर्न आएकी हुँ। यस कुरामा तपाईं अवश्य नाहीं भन्नुहुने छैन । फेरि तिमीसँग लागेपछि मेरी सीताको के गति होला ? भाइले के भन्लान् ? भन्ने पनि तपाईंले ठान्नुपर्दैन । किन-भने यिनीहरू मनुष्य हुनाले मेरा आहारा हुन् । यसउसले यी दुई जनालाई म खाइदिन्छु, अनि खालि तपाईं र म दुई जना मात्रै यस रमणीय वन, जङ्गल, पहाड र पर्वतहरूमा विहार गरौंला ।"

यस्ता प्रकारसँग शूर्पणखाले अपनो आसक्ति प्रवट गरेको सुनी रामचन्द्रले हाँसी, ठट्टा गरेर भन्नुभयो-"मेरो विवाह भइसकेको छ, मेरी पत्नी यिनी हुन् भनी आघ नै देखाइसकें, अब म अर्को विवाह गर्दिनँ । यसनिमित्त तिमी मेरा भाइ लक्ष्मणसँग जाऊ । उनी शूर, वीर र सुन्दर पनि छन् । यहां उनकी पत्नी पनि छैनन् । तिमी उनैसंग विवाह गरेर उनकी पत्नी भई बस ।"

रामचन्द्रका वचनमा विश्वास गरी त्यो राक्षसी लक्ष्मण-का समीपमा गएर बोल्न थाली-"हे सौम्य ! तपाईंको र मेरो विवाह हुनु योग्य छ । जस्तो तपाईं सुन्दर हुनुहुन्छ उस्तै म पनि सुन्दरी छु । औसर नचुक्नुहोस् । भाग्यले मात्र यस्तो संयोग आइपर्दछ ।" त्यस राक्षसीका यस्ता वचन सुनी लक्ष्मणले पनि हाँसी-हाँसी यही जवाफ दिए—"मृगनयनी ! म दाज्यैज्यूको दास हुँ । मेरी पत्नी भएपछि तिमी पनि दासी होउली । दासी भएपछि अर्काको अधीनमा रहनुपर्दछ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कहिल्यै सुख पाइँदैन । यसकारणले दाज्यैज्यूलाई नछोड । हेर, तिम्रो र मेरो वर्ण पनि मिल्दैन, तिमी काली छौ, म गोरो छु । बरु रंगले ता भाउज्यू नै हुन सुहाउँछचौ । तिम्रा अगाडि हाम्री पुरानी भाउज्यू बूढी नराम्री हुनुहुन्छ । यस-निमित्त तिमीलाई पाएपछि दाज्यैज्यूले पनि छोड्नुहुनेछैन, उहाँसँगै जाऊ ।"

यस्ता प्रकारसँग लक्ष्मणले पनि फर्काइदिएकी त्यो शूर्पणखा रामसँग गई, उताबाट पनि स्वीकृत नहुँदा फेरि लक्ष्मणकहाँ आई । यस्तै तरहले तीन–चार पटक ओहोरदोहोर गर्नुपर्दा त्यो दुष्ट राक्षसी साह्रै रिसाएर सीताजीलाई निल्न भनी आइलागी । बिचरी सीताजी पनि डरले थरथर काँप्नुभयो । त्यो देखी रामचन्द्रले लक्ष्मणसँग भन्नुभयो–"भाइ ! मूर्खसग ठट्टा गर्नाले सिवाय हानिदेखि लाभ छैन । यससँगको ठट्टाले बिगार गर्न आँट्यो, अब चाँडै यसलाई नाक र कान काटी निकालिदेऊ" । दाज्यूको यस आज्ञालाई शिरोपर गरी लक्ष्मणले पनि त्यसको नाककान काटी गलहत्ती लगाएर निकालिदिए ।

त्यहाँपछि नकटी र कनकटी त्यो शूर्पणखा रगतका धारा बगाउँदै, ती दुई भाइलाई गाली गर्दै, धम्की दिँदै, आफ्ना भाइ खर र दूषण भएको ठाउँमा गई । उहाँ पुगेर उनीहरूसँग वनमा राम, लक्ष्मणद्वारा आफ्नो दुर्गति भएको सबै हाल बताउँदै रुन लागी । खरदूषणहरू पनि आफ्नो दिदीलाई त्यस्तो दुर्दशा गरेको देखेर साह्रै रिसाउँदै भन्नथाले–"कालले कुतकुत्याएको यस्तो अनर्थ गर्ने कुन दुष्ट हो ? के उसले हामीलाई चिनेको रहेनछ ? सुतेका सिंहका जगरमा समाउने त्यसको गति कस्तो हुँदोरहेछ थाहा पाउला । दिदी, तपाईं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धन्दा नमान्नुहोस् । हामी त्यस शत्रुको सर्वनाश गर्दछौं ।"

भाइहरूको यस्तो गर्जना सुनी शूर्पणखाका मनमा धेरै आशाको सञ्चार भयो । उसै वेला त्यो रामचन्द्र बसेका ठाउँतिरको बाटो देखाउन लागी । खरदूषण पनि अनेक सैन्यका साथ रामचन्द्रका आश्रममा लड्न भनी आए ।

यता चौध हजार राक्षसको फौजका साथ आएका ती खरदूषणहरूलाई देखी रामचन्द्रले भाइसँग भन्नुभयो– "लक्ष्मण ! हेर, राक्षसको फौज शूर्पणखाको सहायता गर्न आयो । म यसको संहार गर्दछु, तिमी सीतालाई लिएर एक गुफामा बस ।" यति लक्ष्मणलाई अह्राई रामचन्द्र आफ्ना शस्त्रअस्त्र लिएर राक्षसका फौजतिर हिँड्नुभयो ।

उता राक्षसका फौजले पनि शस्त्रअस्त्रले सज्जित भई आएका रामचन्द्रउपर बाणको वृष्टि गर्न लागे । रामले पनि आफ्नाउपर आएका शत्रुका बाणको वृष्टिलाई शमन गराउँदै उनीहरूका उपर धेरै बाणको वर्षा गर्नुभयो । ती बाणको वर्षाले केही बेरमा सारा त्यो राक्षसको फौज ध्वस्त भयो । एक जना मानिसले त्यसरी आफ्ना धेरै सैन्यलाई मारेको देख्ता रिसले थरथर काँप्न लागेका खर र दूषणले पनि रामका उपर खूब तीखा-तीखा कठोर बाण वृष्टि गर्नलागे । यस्ता प्रकारले लडाइँ गर्दा आखिरमा रामचन्द्रका अमोघ बाणले खर र दूषणसमेत सारा फौजको नाश भयो ।

यसरी एकला रामचन्द्रले वनमा चौध हजार राक्षसको संहार गरेको देखी सम्पूर्ण मुनिहरू श्रीरामचन्द्रको अनेक प्रकारसंग प्रशंसा गर्नथाले ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यहाँपछि शूर्पणखा पनि आफ्नो सहायता गर्न गएका भाइ र अरू सैन्यसमेत सारा नष्ट भएको देखी डरले व्याकुल हुँदै लङ्कामा रावणको सभामा पुगी। वहाँ आफ्ना भाइ-भारदारहरूका साथ अनेक कुराकानी गर्दै बडो सुखसँग सिंहासनमा बसेका रावणलाई देखेर आफ्नो ठुटो नाक देखाउँदै शूर्पणखा भन्न लागी–"दाज्यैज्यू ! यो बडो शरमको कुरो हो, नजर होस्। आज हजूरजस्ता पराक्रमी वीर पुरुषकी बहिनीको यो दुर्दशा भइरहेछ। आफ्नो राज्यका एक जना मानिसले आफ्नी बहिनीको यस्तो दुर्दशा गरेको र आफ्ना फौजसमेत ध्वस्त पारेको हजूरलाई केही ग्राह्य छैन। खालि आफ्ना ऐशमा डुबिरहनुभएको छ। हजूरजस्ता बेपरवाह राजाबाट राजकाज के चल्ला? यस्तै हो भने हजूरको नाश हुनालाई धेरै काल लाग्ने छैन। जनस्थानमा रहने हजूरका खर र दूषण दुई भाइ र उनका साथमा रहने सारा फौजसमेत एक मनुष्यले आफ्नो पुरुषार्थ देखाई ध्वस्त पारिसक्यो। यस संसारमा अब खर र दूषण भाइ छैनन्। मेरो पनि यो दुर्दशा भयो। त्यो पराक्रमी राजा दशरथको छोरो राम, भाइ लक्ष्मण र सीता नामकी पत्नीलाई साथमा लिई पञ्चवटीमा आई बसेको छ। उसकी पत्नी सीता भन्ने अत्यन्त सुन्दरी रहिछ। अहिले हजूरका अन्तःपुरमा पनि त्यो जस्ती राम्री स्त्री कुनै छैन। यसै कारणले हजूरका निमित्त त्यसलाई हरण गरूँ भन्दा मेरो यो पराभव भयो। अब हजूरलाई यदि आफ्नो अन्तःपुरमा सिंगारो संसारसुखको भोग गर्ने इच्छा र शत्रुसँग बदला लिने उत्साह छ भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस स्त्रीरत्नलाई हरेर ल्याउनुहोस् । राम र लक्ष्मणलाई पनि मार्नुहोस् । त्यत्ति भए हजूरलाई पनि सुन्दरी स्त्री पाउँदा आनन्द र मलाई पनि आफ्नो वैरी मऱ्यो भन्ने सुन्न पाउँदा सन्तोष हुनेछ । यस कुरामा चाँडै नै तयार हुनु योग्य छ, ढीलो गर्ने समय छैन ।"

शूर्पणखाले भनेका यी कुरा सुनेर स्त्रीलम्पट रावण स्त्रीमा लुब्ध हुनाले अत्यन्त खुशी भयो । तर आफ्ना वीर भाइ खर र दूषण मरे भन्ने कुराले उसलाई साह्रै रिस उठ्यो । यसैले उत्तिखेरै रथमा चढेर रावण आफ्नो पुरानो मन्त्री मारीचका आश्रममा पुग्यो । त्यस बेला मारीच पनि जटावल्कलादि धारण गरेर बडो ध्यानी भई बसेको थियो । उसले रावणलाई देख्नासाथ आसनबाट उठेर बडो सत्कार गऱ्यो । रावण पनि आसनमा बसेर बडो गम्भीरताका साथ भन्नलाग्यो– "मन्त्रीवर मारीच, मेरो जुनसुकै काममा पनि तिम्रै मन्त्रणा अग्रसर हुँदै आएको छ । यथार्थमा राक्षसकुलको उन्नति पनि तिम्रो बुद्धि र मेरा बाहुबलको मेलबाट नै भएको हो । मैले अहसम्म तिम्रो अनुमतिविना कुनै काम गरेको र अबउप्रान्त गर्ने पनि छैन । आज मेरो साह्रै तिरस्कार भएछ, यसैले तिम्रो सहायता लिन आएको छु ।" रावणको यस्तो वचन सुनी मारीचले भन्यो–"महाराज! मबाट हजूरको कल्याण हुन्छ र कष्ट पनि छुट्तछ भने ज्यान दिनामा पनि म तयार छु, आज्ञा होस् ।" मारीचको यो निवेदन सुनी फेरि रावणले भन्यो–"हे राक्षसश्रेष्ठ मारीच ! मैले जनस्थानमा जुन खर र दूषण दुई भाइलाई चौध हजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सैन्यका साथ राखेको थिएँ, उनीहरूलाई राम भन्ने दशरथको छोराले मारिदिएछ । फेरि बहिनी शूर्पणखालाई पनि विरूप गराएर छोडिदिएछ । त्यस रामचन्द्रका साथ अत्यन्त सुन्दरी म-सुहाउँदी एक स्त्रीरत्न पनि छ रे । यी सबै कुरा बहिनीले मलाई भनिन् । अब त्यस स्त्रीलाई हरण गरी रामलाई विरह-संकटमा पारूँ भन्ने मेरो मुख्य अभिप्राय छ । त्यस रामलाई एक बाण छोडेर अहिल्यै मारे पनि हुने हो, तर त्यसले ठूलो अपराध गरेको छ । त्यस्ता अपराधीलाई एकदम मार्नु त्यसका उपर निगाह गर्नु जस्तो हुन्छ । यस-कारण त्यसकी पत्नीलाई हरेर ल्याएपछि त्यसका विरहले त्यो आफै सुकीसुकी मर्नेछ । यही त्यसका निमित्तको उपयुक्त दण्ड हो । यति भएपछि बहिनीको मन पनि रहन्छ, मलाई पनि सब सुखसाधन हात लाग्छ, यसै कुरामा तिम्रो सहायता लिन आएको हुँ । पहिले तिमी सुवर्णमय मृगको रूप धारण गरी रामको आश्रममा गएर ती दुई भाइलाई अलमल्याइदेऊ, त्यसै अवसरमा म त्यो रत्नलाई हरण गरी ल्याउँछु, यस कुरामा तिमी सहमत भएनौ भने मेरो कृपादृष्टि तिम्रा-उपर कहिल्यै पर्नेछैन ।"

रावणका यस्ता दुर्विचारयुक्त कुरा सुन्नाका साथ मारी-चको मुख सुक्क गयो, शरीर काँप्न थाल्यो । अघि विश्वामित्रका यज्ञमा रामचन्द्रका हातबाट खाएको चोट त्यसले अझ बिर्सेको थिएन । यसले साह्रै भीत भएर त्यसले रावणलाई भन्यो-"महाराज ! यो सल्लाह हजूरलाई कसले दियो ? त्यो हजूरको वैभव र यो सारा राक्षसकुलको शत्रु हो । के हजूर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लाई रामचन्द्रको पराक्रम थाहा छैन ? म ता रामचन्द्रको नाउँ सुन्दैमा डरले काँप्न थाल्दछु । अघि नै एक पटक उनका हातको चोट खाइसकेको छु । यस्तो पराक्रमी भन्ने जान्दा–जान्दै फेरि म रामचन्द्रसँग जोरी खोज्न कसरी जाऊँ ? यो परस्त्री हर्ने काममा मबाट सहायता हुन सक्तैन । यदि हजूरलाई आफ्ना हितको इच्छा छ भने सीताजीलाई हर्ने कुराको नाम पनि नलिनुहोस् । हजूर रामचन्द्रका अगाडि खडा रहन पनि सक्नुहुनेछैन, सीता हर्नाको ता के कुरा ? महाराज, यस विषयमा जिद्दी नगर्नुहोस्, यसबाट हजूरको अवश्य कल्याण हुनेछैन ।"

यसरी मारीचले रावणलाई हरतरहबाट सम्झायो, तर नाश हुने बेला नगीचै आइपुगेको हुनाले दुर्बुद्धि रावणलाई सो उपदेश किन मन पर्दथ्यो ! उल्टा झन् रिसाएर भन्न-थाल्यो–"मारीच ! तिमीले आजसम्म जसको निमक खाएका छौ उसैको सोझो चिताउनुपर्दछ । तिमी रामका डरले यस काममा सहमत हुँदैनौ भने के मेरा हातबाट तिमी बाँचौला ? यथार्थमा सेवकले स्वामीका आज्ञानुसार चल्नैपर्छ । सबैले यसैलाई प्रधान धर्म मानेका पनि छन् ।"

रिसाएको रावणको यस्तो कुरा सुनी मारीचले नम्रताका साथ भन्यो–"महाराज ! सेवकको पनि यही धर्म हो कि आफ्नो मालिकको खराबो हुने कुरा देखेको छ भने सो कुरा तुरुन्त मालिकमा जाहेर गर्नु । यसैले एक पटक फेरि बिन्ती गर्दछु । हजूरको यो दुराग्रह भयङ्कर छ । यसबाट सारा राक्षसकुलको ऐश्वर्य र सुखको कालानल प्रकट हुनेछ । अझ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विचार गरिबक्सियोस् । मैले ता हितको कुरा बिन्ती चढाएको हुँ, यदि यस कुरामा हजूरको आग्रहै छ भने जान्छु। अहिले हजूरको कुरा नमानौं भने हजूरको क्रोधानल बलिरहेको छ, त्यसैले मलाई भस्म गर्नेछ। जाऊँ भने उता रामचन्द्रको अमोघ बाण छ, मृत्युबाहेक अब मेरो अरू केही शरण छैन भने त्यो मृत्यु रामकै हातबाट होस् । म जान तयार भएँ।"

मारीचको जाने कुरा सुन्नासाथ राक्षसराज रावण अत्यन्त खुशी भयो । उसले मारीचलाई आफ्ना रथमा राखेर पञ्चवटीतिर प्रस्थान गर्‍यो ।

दण्डकारण्यको शोभा हेर्दै रामाश्रमको समीपमा पुगेर रावणले मारीचलाई भन्यो-"मारीच ! परमसुन्दरी सीताद्वारा अलंकृत रामाश्रम यही रहेछ । हेर, यसरी चारैतर्फ हरिया हरिया केराका घारी जमिरहेका छन्; चराचुरुङ्गीका मधुर शब्दले सारा आश्रम गुञ्जायमान भइरहेको छ । यसैमा मृगनयनी सीताजी पनि अवश्य होलिन्, अब तिमी चाँडै गएर उनलाई मृगलीलाले मोह गराऊ, म नगीचै लुकिरहनेछु।"

यो आज्ञा पाउनासाथ मारीच विचित्र रत्नजडित सुवर्णमृगको रूप धारण गरेर सीताजीका अघिल्तिर आश्रमका नगीचमा खेलन लाग्यो । उसको लीलामयी मूर्ति देख्ता सीताजीलाई पनि बडो राम्रो र आश्चर्य लाग्यो । उहाँले यसलाई क्रीडामृग बनाउन पाए हुँदोहो भन्ने अभिप्रायले रामसंग भन्नुभयो- "नाथ ! यो मृग अति सुन्दर रहेछ । यसलाई देख्ता मलाई बडो रहर लाग्यो । यसलाई पक्रेर आफ्नो आश्रममा पालूँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने मेरो आन्तरिक इच्छा छ ।"

सीताजीको यो प्रार्थना सुनी रामचन्द्रले लक्ष्मणलाई भन्नुभयो–"भाइ ! म सीताजीको खुशीका निमित्त आश्चर्यकारी मृगलाई पक्रन जान्छु । तिलीले सावधान भएर भाउज्यूको हेर-विचार गर्नू ।"

लक्ष्मणलाई यति अह्राएर श्रीराम मृगका पछि लाग्नुभयो । मृगरूप मारीच पनि कहिले नगीच र कहिले अलक टाढा, कहीं गुप्त, कहीं प्रकट हुँदै रामलाई छकाएर धेरै नै पर गयो । त्यसैका पछि जाँदा–जाँदा रामचन्द्र पनि टाढै पुग्नुभयो । त्यसै वेलामा यो राक्षस रहेछ भन्ने जानेर श्रीरामले उसका उपर ब्रह्मास्त्रको प्रहार गर्नुभयो, त्यो अस्त्र छातीमा धसिनासाथ उसले उच्चस्वरले, "हा लक्ष्मण ! म ता मरें" भन्दै पछारिएर प्राण त्याग गऱ्यो । तर त्यसले यस पाञ्चभौतिक अनित्य शरीरलाई छाडिदियो तापनि स्वामिभक्तिलाई छोडेन । रामचन्द्र पनि त्यस राक्षसले अन्त्यसमयमा उच्च स्वरले कराएको छली–आवाज सुन्दा सीता र लक्ष्मण डराए होलान् भन्ने ठानी त्यताबाट चाँडै आश्रमतिर फर्कनुभयो । मारीच पनि रामचन्द्रका हातबाट मरेर मुक्त भयो ।

उता रामको जस्तो आर्त्तस्वर सुनेर भयले व्याकुल भएकी सीताजीले लक्ष्मणलाई भन्नुभयो–"बाबू ! तपाईंका दाज्यू मायावी राक्षसका जालमा पर्नुभएछ कि भन्ने शंका लाग्यो, चाँडै जानुहोस्, अहिले दाज्यूलाई ठूलो संकट परेको बुझ्दछु । दाज्यूको प्राण बचाउनुहोस् । तपाईंबाहेक यहाँ उहाँको रक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्ने अर्को कोही छैन ।"

भाउज्यूका वचन सुनी धैर्यधारी लक्ष्मणले भने–"भाउज्यू! हाम्रा दाज्यूलाई यस्तो पीडा गराउने कुनै पुरुष पनि त्रैलोक्य-मा जन्मेको छैन । उहाँका मुखबाट यस्तो आर्त्तस्वर कहिल्यै निस्कने छैन । के हजूरलाई दाज्यैज्यूको पराक्रम थाहा छैन ? यो पक्का मायावी राक्षसको छल हो । यसबाट डराउने काम केही छैन । व्यर्थ यो शंका नगर्नुहोस्, दाज्यैज्यू अहिल्यै फर्केर पाल्नुहुन्छ । हजूरलाई एक्लै यस ज़ङ्गलमा छाडी जानू भन्ने दाज्यैज्यूको आज्ञा पनि छैन । यसैले म हजूरलाई यहाँ एक्लै छोडी जान सक्तिनँ । कदाचित् म नभएको वेलामा यस एकान्त आश्रममा कोही हिंस्रक जन्तु अथवा कोही मायावी राक्षसहरू आएर हजूरका उपर उपद्रव गर्न लागे भने उस वेला हजूरको के गति होला ।"

लक्ष्मणका यी कुरा सुनी सीताजीले फेरि भन्नुभयो–"हे लक्ष्मण ! भाइ भएर पनि यस विपत्कालमा दाज्यूको सहाय गर्नुभएन भने तपाईंलाई कसैले भाइ भन्ला ? वास्तव-मा तपाईंको दाज्यूका उपर स्नेह रहेनछ । तपाईंको मनमा अवश्य पाप–वासना उठिरहेको छ । यसैले तपाईं उहाँको विपत् चाहनुहुन्छ, तर तपाईं यो कुरा निश्चय बुझ्नुहोस् कि रामविना सीता एकछिन पनि जीवित रहनेछैन ।"

यसरी आफूमाथि शंकित भएकी सीताका मुखचन्द्रबाट निस्केको कलकस्वरूप दुर्वाक्य लक्ष्मणका हृदयमा वज्र झैं लाग्यो । उनी डरले थरथर काँप्तै बोल्न थाले–"भाउज्यू ! हजूर मेरी आमाबराबर हुनुहुन्छ । हजूरको यस दुर्वाक्यको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तर मेरो मुखबाट निस्कन सक्तैन । हजूरको यस स्त्रीस्वभावलाई धिक्कार छ । सांसारिक झगडाको मुख्य कारण नै स्त्रीजातिको अविवेकी स्वभाव हो । आश्रम छोडेर जानू भन्ने दाज्यूको आज्ञा छैन तापनि हजूरका दुर्वाक्यले प्रेरित हुँदा मैले लाचार हुनपर्‍यो । हजूरको कल्याण होस् । हजूरलाई वनदेवीले रक्षा गरून्, म हिंडे ।" यति भनी लक्ष्मण उसै वेला दाज्यूको खोजमा हिंडे ।

बाटामा अनेक अपशकुन देख्नाले लक्ष्मणको मन साह्रै खिन्न भयो । त्यस वेला उनी मनैमन भन्दथे–"हे ईश्वर ! उताबाट दाज्यैज्यू र म फर्केर आउँदा भाउज्यूलाई जस्ताकी तस्ती देख्न पाऊँ । उनीमाथि कुनै आपत्ति नपरोस् ।" यस्तै विचार मनमा लिएर जाँदा–जाँदा लक्ष्मण सीताका नजरले नदेखिने भए । लक्ष्मण निस्केको केही बेरपछि दण्डकमण्डलु लिएको भिक्षुवेषधारी रावण साँच्चैको सिद्धजस्तो भएर रामाश्रममा गयो । एकलै बसेकी सीताजीलाई देखेर सोध्न लाग्यो–"कल्याणि ! तिमी को ह्वौ ? कसकी स्त्री ह्वौ ? यहाँ किन आयौ ? एकलै कसरी बसेकी छौ ? तिम्रो यो अवस्था देख्ता मेरो मनमा ठूलो आश्चर्य लाग्दछ ।"

यसरी रावणले माया गरे झैं गरी सोद्धा विचरी सरलाशया सीताजीले पनि त्यस दुष्टलाई साँच्चिकै योगी ठानेर फलफूलहरूले सत्कार गर्दै आफ्नो सबै हाल बताउनुभयो । सीताजीको वृत्तान्त सुनिसकेपछि उहाँलाई हर्न तत्पर भएको रावणले पनि आफ्नो दुराशय प्रकट गर्दै भन्न थाल्यो–"सुन्दरी ! म ऐश्वर्यशाली राक्षसराज रावण हुँ । तीनै–लोक मेरा वशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छन् । समुद्रमध्यवर्ती द्वीप, सुवर्णमय लंका नगरी मेरो राजधानी हो । तिमीलाई लिन भनी यहाँ आएको हुँ । मसंग हिंड, मेरो खूब चम्केको ठूलो ऐश्वर्य-सुख तिमी भोगौली, मसँग भएका सारा ऐश्वर्य तिम्रै अधीनमा रहनेछ ।"

रावणको वज्रपातजस्तो वचन सुनी रिसले तातेकी सीताजीले निर्भयतासाथ भन्नुभयो–"हे कपटी दुष्ट निशाचर ! म प्रभावशाली वीर रामचन्द्रकी पत्नी हुँ । ममा तैंले इच्छा राख्नु स्यालले सिंहको जिभ्रो झिक्न आँट्नुजस्तै हो । तँलाई अहिले मोहले छोपेको छ । के तेरा पुण्यका भोगको इतिश्री भयो ? के तेरा जीवनका घडी बितसके ? किन आफ्ना हातले आफ्नै सर्वनाश गर्न चाहन्छस् ? तँजस्ता दुराचारीलाई धिक्कार छ, जसका दोषले सारा राक्षसकुलको संहार हुन आँटचो । हेर्, अरु तँलाई आफ्नो जीवनको आशा छ भने यस दुराग्रहलाई चाँडै छोड् । यसैमा तेरो कल्याण छ ।"

सीताजीका यस्ता निठुर र बेरसका कुरा सुनेर रावणले फेरि भन्यो–"हे सुन्दरी ! जसका डरले सारा इन्द्रादि देवता समेत रातदिन थर-थर काँपेका छन्, उनीहरूको शत्रु त्रैलोक्यविख्यात रावण भन्ने राक्षसको राजा मै हुँ । तिमीलाई लङ्कामा लैजाऊँ भनी यहाँ आएको हुँ । यस्ती सुकुमार अङ्ग भएकी तिमीले यस जङ्गलमा बोक्रा पहिरी, जटा पालेर हिड्नेलाई पति भनी बस्नु योग्य छैन । यसउसले लङ्कामा लगी म तिमीलाई आफ्ना सब महारानीहरूमा पहिलो पटरानी गराई राख्तछु । उहाँ कुनै कुराको कमी छैन । तिमीले जे भने पनि म पु-याउँनेछु ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भिक्षुकरूप रावणका यस्ता अत्याचारी वचन सुनी सीताजीले अत्यन्त क्रोधका साथ गर्जेर भन्नुभयो–“हे दुष्ट राक्षस ! तँ मायाले मलाई हरी लैजाउँला भन्ने दुर्मति लिई आएको रहिछस् । म महाराज रामचन्द्रकी पतिव्रता स्त्री हुँ । ममा दुष्टबुद्धि गरिस् भने तेरो अवश्य नाश हुनेछ । जहाँसम्म यस जगतमा धनुर्बाण लिई रामचन्द्र खडा रहनुहुनेछ, उहाँसम्म उसका शरणमा गए पनि तेरो उद्धार हुनेछैन ।”

सीताजीका यी वचन सुनी फेरि रावणले भन्यो—“हे सुन्दरी ! तिमी व्यर्थ किन घमण्ड देखाउँछचौ ? कुबेरको भाइ, कुम्भकर्णको दाज्यू, असंख्य राक्षसको मालिक हुँ; मेरो अगाडि रामचन्द्र भन्ने एक मनुष्य ता के, तेत्तीस कोटी देवता पनि अड्न सक्तैनन् । देवताका राजा इन्द्रलाई जिती मेरो छोराले इन्द्रजित भन्ने नाउँ पाएको छ । फेरि पुष्पक विमानसमेत मेरो घरमा तयार छ, उसमा बसी मसँग विहार गर्नपाउँदा तिमी रामचन्द्रलाई अवश्य बिर्सनेछचौ । तसर्थ मैले भनेको मान । यो घमण्ड छोडी मैले ल्याएका रथमा चढेर आनन्दसाथ मसँग हिँड ।”

यसरी रावणले अनेक लालचका कुरा देखाउँदा पनि सीताजीले आफ्नो दृढतालाई छोड्नुभएन । रावणले सीताजी-को त्यो हठ देख्ता आफ्नो दश शिर बीस हात भएको भयङ्कर रूप प्रकट गऱ्यो । उसले सीताजीलाई जबर्जस्ती रथमा राखी आकाश-मार्गले उडाइहाल्यो, एक छिन पनि विलम्ब गरेन ।

बिचरी सीताजी अकस्मात् दैत्यका हातमा पर्दा आकुल भएर यसरी विलाप गर्न लाग्नुभयो–“हा राम ! मेरो केही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अपराध भए क्षमा राख्नुहोला, म राक्षसको हातमा परें। अब मेरो जीवनको अन्त आइपुग्यो। हे लक्ष्मण! तिम्रो दोष छैन। मेरो दुर्भाग्यले बुद्धि बिग्रँदा तिमीलाई दुर्वाक्य भनें, यसमा क्षमा राखे। तिम्रो वचन नाघ्दा यस आपत्तिको भोग गर्नुपऱ्यो। हा दैव! यस वेला तिमीबाहेक मेरो यो आर्त्तनाद सुन्ने यस वनमा कोही छैन। मलाई रक्षा गर। यस अत्याचारी राक्षसका हातबाट छुटाऊ।" यस्तो विलाप गर्दै सीताजी रुन लाग्नुभयो।

सीताजीको यो आर्त्तनाद सुन्दा वनका सारा पशुपक्षी-हरू पनि शोकले आकुल भए, मयूरले नाच्न छोडे, मृगहरू मुखमा तृण लिएका पनि नखाई दिग्दारीले आकाशतिर हेर्न लागे। धेरै के भनूँ, सारा जङ्गलै विह्वलजस्तो देखियो।

यस्ता प्रकारले विलाप गर्ने सीतालाई लिई रावण जाँदै थियो, अकस्मात् उहाँको आर्त्तस्वर जटायु भन्ने एक गृद्धराज-का कानमा पऱ्यो। उनले सहसा अगाडि बढेर रावणको रथलाई रोक्तै भने "हे राक्षस! यिनी महात्मा, दयालु, पुरुषसिंह रामचन्द्रकी पत्नी हुन्। यिनलाई तैंले लैजान पाउँदैनस्। रामचन्द्रका अगाडि नै यिनलाई हरेर ल्याउंदोहोस् ता तँ वीर ठहरिने थिइस्। एकली स्त्रीलाई हरेर ल्याउने त अधम, दुष्ट, कातर होस्। यसनिमित्त यिनलाई यहीं छोडी जा, सेखी गर्छस् भने म लड्दछु। खबरदार, अगाडि नबढ्।"

जटायुका यस्ता वीरवचन सुनेर रावण अत्यन्त रिसाई उनलाई मार्न दौड्यो। वृद्ध जटायुले पनि आफ्ना तीखा चुच्चाले रथ चूर्ण गराएर रावणलाई पनि ठुँगी घायल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गराए । यसरी आफूलाई घायल गराएको देखी रावणले खूब रिसाएर जटायुका पखेटा नै काटिदियो । पखेटा काटिदिएपछि उनी जमीनमा पछारिए । त्यहाँपछि रावणले सीतालाई अर्को रथमा राखी फेरि लङ्कातिर दौडायो ।

धन्य जटायु ! तिमीले पक्षीजाति भएर पनि निःसहाय अबलाको रक्षाका निमित्त आफ्नो प्राण दियौ, यो तिम्रो कर्म अतीव प्रशंसनीय छ । जो पुरुष यसरी दुःखीको रक्षा गर्दछ, त्यसलाई सयकडौं धन्यवाद छ ।

यसरी रावणले सीताजीलाई लिएर जान लागेको रथ ऋष्यमूक भन्ने पर्वतका टाकुराको माथि पुग्यो । उहाँ सीताजीले चार पांच वानरहरू बसेका देख्नुभयो । श्रीरामलाई आफ्नो पत्ता लागोस् भन्ने अभिप्रायले पछ्यौरा च्याती त्यसमा आफ्ना सबै गहना पोको पारेर त्यहीं खसालिदिनुभयो । केही बेरपछि रावणको रथ लङ्कामा पुग्यो । रावणले यथोचित्त प्रबन्धका साथ राक्षसीहरूको घेराभित्र सीतालाई अशोकवाटिकामा लगेर राख्यो । भोलि-पर्सिपल्टदेखि रावणको आज्ञानुसार राक्षसीहरूले सीतालाई उसका उपर आसक्त गराउने उद्योग गर्न थाले, तर कुनै तरहबाट सीताजीले आफ्नो पातिव्रत्यलाई डग्न दिनुभएन । राक्षसीहरूको सारा उद्योग व्यर्थ भयो ।

यता मृगरूप मारीचलाई मारी फर्केका सशंक श्रीरामचन्द्रको लक्ष्मणसँग बाटमा भेट भयो । भेट हुनाका साथ उहाँले उनलाई सोध्नुभयो–"भाइ, भाउज्यूलाई एकान्त वनमा एक्लै छोडी किन आयौ ? कदाचित् उनलाई केही भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहेछ भने मेरो जीनव नै समाप्त हुनेछ।" दाज्यूका कुरा सुनी लक्ष्मणले पनि आँसु पुछ्तै आश्रममा भएको सारा वृत्तान्त विन्ति गरे।

यसपछि दुवै भाइ बडो व्यग्रतासाथ आफ्ना आश्रममा आएर हेर्दछन् ता सीतारहित कुटी मात्र देखे। रामको मनमा शोकको लहरी उठ्न थाल्यो। उहाँका लेखा सारा जगत अन्धकारमय भयो। उहाँले सीताजीलाई चारैतिर एक-एक गरी खोज्नुभयो, परन्तु कतै पनि पत्ता लागेन। दुवै भाइ अनेक विलाप गर्दै उन्मत्त झैं घुम्न थाले। यस्ता प्रकारले सीताजीकै खोजमा डुल्दा रामचन्द्र, जटायु गिरेका ठाउँमा आइपुग्नुभयो। बिचरा अशक्त जटायु घायल भएर पडिरहेका थिए। उनका समीपमा रावणको छत्र, चामर, धनु आदि पनि पडिरहेका थिए। सो देखेर सीताजीलाई यसैले खाएछ भन्ने शंकाले जटायुका उपर श्रीरामले धनु उठाउनुभयो।

वृद्ध जटायु रामचन्द्रको त्यो भीषण मूर्ति देखेर डरले व्याकुल हुँदै रामचन्द्रका पाउमा परेर बोल्न थाले-"भगवन्! हजूरकी पत्नीलाई रावणले हरेर लग्यो, मैले खाएको छैन, खालि उहाँको रक्षा गरूँ भन्दा रावले मेरो यो दुर्दशा गरेको हो। त्यस वेलामा मैले यथासाध्य रावणलाई रोक्ने यत्न गरें, त्यस दुष्ट राक्षसको रथसमेत चूर्ण पारी गिराएँ, ती सब रथका टुक्राहरू यिनै हुन्, हजूरका सामने विद्यमान छँदैछन्। त्यसरी लड्दा पनि मेरो केही चलेन। उल्टै मेरो पखेटा काटिदियो। म उठ्नै नसक्ने भएर यहाँ पछारिएँ। सीताजीलाई उसले यहाँबाट अर्को रथमा राखी रुवाउँदै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दक्षिण दिशातिर लगेको छ । आज म पनि हजूरका पाउमा यस देहलाई अर्पण गरी संसारदेखि छुट्टी लिने इच्छा गर्दछु । अहिलेसम्म सीताजीको सन्देश हजूरलाई सुनाउनाका निमित्त नै मैले यस तुच्छ जीवनलाई थामेको थिएं; जो भएको वृत्तान्त जाहेर गरें, अब बोल्ने शक्ति छैन; दर्शनको आशा पनि पूर्ण भयो । म आनन्दसाथ हजूरका चरणारविन्दमा जीवन विसर्जन गर्दछु ।" यति भनेर परोपकारी जटायुले प्राणत्याग गरे । रामचन्द्र पनि तिनको अन्तिम क्रिया गरेर त्यताबाट लक्ष्मणका साथ अगाडि बढ्नुभयो ।

केही पर पुगेपछि बीच बाटामा विचित्र आकार भएको महाकाय कबन्ध नामक दानव देखियो । त्यसको मुख छातीमा थियो । त्यो दुई कोससम्मका लामा आफ्ना हात फैलाएर आहार खोजी खान्थ्यो । संयोगले त्यस दिन रामलक्ष्मण दुवै भाइ त्यो कबन्धका हातभित्र परे । उसले दुवै जनालाई अँठ्याएर खाने सुरु गर्‍यो । त्यस संकटमा परेका रामलक्ष्मणले पनि उसका दुवै बाहु काटिदिए । बाहु काटिनासाथ कबन्धले दानवयोनि छोडेर दिव्य रूप धारण गर्‍यो । त्यस वेला उसको मुखबाट राम, लक्ष्मणको प्रशंसा खूब निस्क्यो । अन्त्यमा उसले श्रीरामसँग भन्यो—"महात्मन् रामचन्द्र ! मैले हजूरको दर्द बुझें । अब हजूर ऋष्यमूक पर्वतमा जानुहोस् । उहाँ बालिका भयले अनन्यगति भएका वानरराज सुग्रीव एक [प्रान्तमा बसेका छन् । यिनलाई पनि स्त्रीवियोगको ठूलो दुःख परेको छ । हजूरले उनीसँग मित्रता गर्नुभयो भने उनीद्वारा हजूरलाई सीताको खोजमा धेरै मद्दत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिल्नेछ।" यति भनेर कबन्ध परमधाम गए। लक्ष्मणसहित श्रीरामले पनि ऋष्यमूकतिरै प्रस्थान गर्नुभयो।

केही दिनपछि रामलक्ष्मण दुवै भाइ शबरीका आश्रममा पुगे। उनी एक भिल्लजातिकी ईश्वरभक्ता स्त्री थिइन्। उनले श्रीरामको फलफूलहरूले ठूलो सत्कार गरिन्। रामले पनि सो सब खुशीसाथ स्वीकार गर्नुभयो। अन्त्यमा रामचन्द्रबाट उपदेशहरू पाएकी शबरीले देहत्याग गरी परमधाम सिधारिन्। रामचन्द्र पनि भाइका साथ त्यताबाट अगाडि बढ्नुभयो।

अरण्यकाण्ड समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किष्किन्धाकाण्ड

राम, लक्ष्मण दुवै भाइ सीताको विरहले व्याकुल भई यत्रतत्र भ्रमण गरिरहँदा एक दिन यिनीहरू कोही अत्यन्त रमणीय पम्पा नामक एक सरोवरमा पुगे । त्यसको किनारामा पुगेर केही बेर विश्राम गरी श्रीरामले लक्ष्मणलाई भन्नुभयो—"भाइ ! हेर, यो सरोवर सज्जनको मन झैं अपरम्पार, योगीको मन झैं शान्त र निश्चल देखिन्छ । यसका बीच-बीचमा बज्ने मेखला जस्तो कलहंसमाला खेलिरहेको छ; पानीमाथि कमलको किञ्जल्क (तर) लाग्नाले अलौकिक शोभा धारण गरिरहेछ । प्यारी सीताको वदनेन्दुजस्ता सरोवरका कमलपुष्पमा अलकावलीजस्ता भ्रमरावली झुलिरहेका छन् । अहा ! यस सरोवरको शोभा क्या रमणीय छ ।" यति भन्दा-भन्दै श्रीरामका हृदयमा सीताजीलाई सम्झी विरहानलको ज्वाला बढ्न लाग्यो । त्यसलाई कठिनसाथ केही बेर त्यहाँ बसी शान्त गराउनुभयो । त्यसपछि दुवै भाइले त्यहाँबाट ऋष्यमूक पर्वततिर प्रस्थान गरे ।

उता ऋष्यमूक पर्वतको शिखरमा दाज्यू बालिले निकालिएका वानरराज सुग्रीव बसेका थिए । उनले पम्पाका प्रान्तबाट घुम्दै आफूतिर आउन लागेका राम र लक्ष्मणलाई देखेर आफ्ना मुख्य मन्त्री हनुमान्सँग भने—"हनुमान् ! ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आउन लागेका तेजस्वी वीर को हुन् ? तिनीहरूलाई देख्ता मेरो मनमा त्रास पैदा हुन लागिरहेछ । कारण के भने, दुष्ट बालि सधैं हाम्रो वध चाहन्छ । ती उसैले पठाएका कोही गुप्त भएर आएका वीर हुन् कि ? जाऊ, युक्तिपूर्वक बुझेर आऊ । त्यसै रहेछ भने पनि आफ्नो बचाउको उपाय गर्नुपर्दछ ।"

हनुमान् बडा बुद्धिमान, स्वामिभक्त, बलवान् र वीर थिए। उनी स्वामीको यस्तो आज्ञा पाउनासाथ ब्राह्मणको स्वरूप लिई रामचन्द्रका अगाडि गएर विनयपूर्वक भन्न थाले- "महाशय ! तपाईंहरू को हुनुहुन्छ ? यस वनमा किन पाल्नुभएको हो ? वेष भने मुनिको जस्तो देखिन्छ, तर हातमा लिएका धनुर्वाण र आकारबाट भने तपाईंहरूमा क्षत्रियता स्पष्ट झल्कन्छ । कृपापूर्वक आफ्नो परिचय दिनुभए बढिया हुँदो हो ।"

हनुमान्‌का चतुर प्रश्न सुनेर रामचन्द्रले भन्नुभयो- "हामी दुई भाइ कोशल देशका महाराज दशरथका पुत्र ह्वौं। रामचन्द्र र लक्ष्मण भन्ने हाम्रो नाम हो । पिताजीको आज्ञाले हामी दुई भाइ र मेरी पत्नी सीताजीसमेत तीन जना यस वनमा चौध वर्षसम्म बस्न भनी आएका थियौं । दुर्भाग्यवश हामी नभएको वेलामा पञ्चवटीबाट दुष्ट रावणले सीतालाई हरेर लगेछ । यसकारण हामी उनैका खोजमा हिंडेका थियौं। बीच बाटामा कबन्धद्वारा राजा सुग्रीवको वृत्तान्त सुन्यौं र उनीसँग मित्रता गर्न आएका छौं ।"

श्रीरामको सारा वृत्तान्त सुनी हनुमान्‌ले भने-"राज-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुमार ! तपाईंहरूको यो विचार बहुतै उत्तम हो । यसले दुवै पक्षको हित हुनेछ । म पनि राजा सुग्रीवको दूत भएर आएको उहाँके हनुमान् भन्ने मन्त्री हुँ । उहाँका बलवान् वीर वीर वानरहरू सहायक छन् । उहाँसँग मित्रता भएपछि तपाईंहरूलाई सीताको खोजमा केही कठिन पर्नेछैन । तपाईं जस्ता पराक्रमी पुरुषको सहायताले उहाँको पनि अवश्य कार्य सिद्ध हुनेछ । हाम्रो यो समागम भावी कल्याणको सूचक अवश्य नभई छोड्नेछैन । म तपाईंहरूलाई महाराज सुग्रीव-कहाँ पुऱ्याउंछु ।" हनुमान्को यो वचन सुनी हर्षका साथ श्रीराम र लक्ष्मण सुग्रीवका वासस्थानतिर गए । उनीहरूलाई केही समीपमा आएको देख्नासाथ सुग्रीवले पनि आफैं अगाडि बढेर दुवै भाइको यथायोग्य सत्कार गरे ।

केही बेरपछि सुग्रीवले प्रीतिपूर्वक रामसँग भने-"हनुमान्-द्वारा तपाईंहरूको वंशवृत्तान्त सबै मैले सुनें । यो मेरो अहोभाग्य हो । किनभने साक्षात् रामजस्ता पुरुष पनि आज मसँग मित्रता गर्न चाहनुहुन्छ । यसमा मेरो पूर्ण सम्मति छ । मेरो दुःखको हाल पनि तपाईंमा जाहेरै होला । उनको प्रतिकारमा यथासाध्य सहायता पाउन्यैछु ।" यति भनेर सुग्रीवले प्रेमपूर्वक मित्रताका निमित्त हात बढाए । श्रीरामले पनि बाहुँ मिलाउनुभयो । हनुमान्ले बीचमा अग्निलाई साक्षी राखे । यस प्रकारसँग मैत्री गर्न पाउनाले दुवैजना प्रसन्न भए ।

यसपछि सुग्रीवले विरहसन्तप्त श्रीरामलाई अघि सीताले खसालेका वस्त्र, गहनाको पोको दिएर भने—"मित्र ! रावणल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीतालाई आकाशमार्गबाट लैजान लागेको रहेछ । बीचमा हामीलाई देखी उहाँले यी गहना खसालिदिनुभएको हो । उस वेला "हा राम ! हा लक्ष्मण !" भन्ने यस्ता वचनसिवाय सीताजीको मुखबाट अर्को केही आवाज निस्कँदैनथ्यो । त्यो सम्झँदा अहिलेसम्म मेरो हृदय छियाछिया हुँदैछ ।" यति भनेर सुग्रीव चूप लागेपछि रामचन्द्रले सो पोको आफ्नै बाहुलीले फुकाउनुभयो । उसमा प्रियतमा सीताजीका गहना ज्यौंका त्यौं थिए । सो देख्नासाथ ती गहना रहने सीताजीका तत्तत् अवयवलाई सम्झी श्रीरामचन्द्र अत्यन्त विह्वल हुनुभयो । सो देखी सुग्रीवले भने– "मित्र ! शोक नगर्नुहोस् । सीताको उद्धार गर्ने भार मेराउपर राख्नुहोस् । यो पराक्रमको समय हो, शोकको होइन ।"

सुग्रीवको सान्त्वना सुनी श्रीरामले आंसु पुछ्तै भन्नुभयो– "मित्र ! दुःखमा विवेक दिलाउने र सुखमा विनयपूर्वक राख्ने मित्र भाग्यले मात्र पाइन्छन् । आज आफ्नो दुःखको भार मैले तपाईंलाई समर्पण गरें । अब जसरी हुन्छ चाँडै नै रावणका यन्त्रणाबाट सीतालाई छुटाउने यत्न गर्नुहोस् । मेरा वज्र-जस्ता कठोर शर पनि हरतरहबाट तपाईंको सहायताका निमित्त तयार रहनेछन् ।" श्रीरामचन्द्रका यस्ता वचन सुनी सुग्रीवले सहर्ष भने-"अब म वीर वीर वानरहरूलाई पठाई जहाँबाट भए पनि सीताजीको खबर मगाउँछु । उहाँपछि जो गर्नुपर्ने गरौंला ।"

सुग्रीवलाई बालिका पराक्रमको यथार्थ ज्ञान थियो । यसैले उनी बालिका पुरुषार्थको वर्णन गर्दै रामको बलपरीक्षाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निमित्त फेरि भन्न थाले–"मित्र ! मलाई तपाईंको बल र पुरुषार्थ केही थाहा छैन । बालि भने अत्यन्त पुरुषार्थी छन् । उनका अगाडि ठूला ठूला वीर पनि अड्न सक्तैनन् । उनले रावणलाई काखी च्यापी चार समुद्र घुमाएर छोडिदिएथे । फेरि केही समयमा एक दुन्दुभि भन्ने अत्यन्त बलवान् राक्षसलाई पनि उनले मारे । केही दिनपछि दुन्दुभिपुत्र मायावी नामक राक्षसले आएर बालिलाई हाँक दियो । त्यसमाथि बालि पनि जाइलागे । दुई जनाको घोर युद्ध पऱ्यो । अन्त्यमा राक्षस हारेर भाग्यो । तैपनि बालिले उसको पछेडा छोडेनन् । म पनि बालिका साथै साथ दगुरें । धेरै पर पहाडमा पुगेपछि राक्षस एक गुफाभित्र पस्यो । बालि पनि मलाई गुफाबाहिर राखेर त्यहीं भित्र प्रवेश गरे । म धेरै दिनसम्म दाज्यूको बाटो हेरेर गुफाका ढोकामा बसेको थिएँ । एक दिन अचानक गुफाबाट रगतको भल निस्कन लाग्यो र मेरो मनमा बालि मरिसकेछन्, अब राक्षस फर्केर मलाई पनि मार्दछ भन्ने ठूलो डर पऱ्यो । यसै कारण ठूलो एक ढुङ्गाले त्यस गुफाको द्वार बन्द गरेर म राजधानीतिर आएँ । उहाँ सबैले यो खबर सुनेर मलाई राजा बनाए ।

केही दिनपछि राक्षसलाई मारेर बालि पनि फर्केर आएछन् र किष्किन्धामा म आफै राजा भई बसेको उनलाई साह्रै रिस उठेछ । त्यो चाल पाएर उत्तिखेरै सो राजगद्दी बालिलाई नै सुम्पेर उनीसँग आफ्ना भूलको क्षमा मागें, तर उनले क्षमा गरेनन्, उल्टो मलाई देशबाट निकालिदिए । मेरी पत्नीसमेत हरण गरेर लिए । त्यसै दिनदेखि म यस मतंग ऋषिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आश्रममा आएर बसेको छु । यहां पनि ती आउन सक्ने भए मलाईबाँकी राख्ने थिएनन्, तर तिनी यहाँ आउन अशक्त छन् । यसैले म आजतक जीवित छु । किनभने अघि बलको झोकमा वालिले पर्याँकेको रगत चुहुँदो दुन्दुभिको शरीर यही आश्रममा रहने मतंग ऋषिका नगीचै गिरेछ, केही रगतका छिटा ऋषिका शरीरमा पनि परेछन्, यसैले क्रुद्ध भएका ऋषिले उनलाई "अब उप्रान्त तँ यहाँ आइस् भने शिर काटिएर मर्लास्" भनी सराप दिएका थिए । यस हेतुले बालि यहाँ आउन सक्तैनन् । आजसम्म पनि सो दुन्दुभिको कंकाल यहाँ छँदैछ । त्यही हो, हेर्नुहोस् । त्यसलाई तपाईंले उचाल्न पनि कठिन होला ।"

यति भनी सुग्रीवले दुन्दुभिको पर्वतसमान लडिरहेको कंकाल श्रीरामलाई देखाए । सो देख्नासाथ रामचन्द्रले पनि उसै बेला आफ्ना पाउका बूढीऔंलाले त्यस कंकाललाई त्यस ठाउँबाट धेरै नै पर पुग्ने गरी हुत्याइदिनुभयो । त्यति गर्दा पनि चित्त बुझेन र सुग्रीवले त्यसै पर्वतको एउटा ताड-वृक्षलाई देखाएर भने-"एकै बाणले बालिका झैं तपाईंले पनि यस ताडवृक्षको फेद छेडिदिनुभयो भने तपाईंमा बालि मार्ने शक्ति रहेछ भन्ने मलाई निश्चय हुनेछ ।" सुग्रीवका कुरा सुनी उनको सन्देह हटाउनानिमित्त रामचन्द्रले पनि त्यस वृक्षलाई मात्र होइन कि त्यसका सामने लहर लागेका ६ वटा अरू वृक्षलाई समेत एकै बाणले छेडिदिनुभयो ।

रामचन्द्रको यस्तो अद्भुत पराक्रम देखेर सुग्रीवका मनमा पूरा पत्यार भयो । उनी आफैं लज्जित भएर बोल्न लागे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"मित्र ! मलाई बालिको ज्यादा डर हुनाले तपाईंलाई धेरै दुःख दिएँ। परीक्षा गर्‍यो भन्ने कुरामा क्षमा रहोस् ।"

यति भएको केही दिनपछि रामचन्द्रले सुग्रीवलाई बालि-सँग लड्न भनी किष्किन्धामा पठाउनुभयो। आफू दुई भाइ पनि शहरबाहिर बालि–सुग्रीवको लडाईं हुने ठाउँको नगीच पारी एक वृक्षका आडमा बसे।

यस्ता प्रकारले रामचन्द्रको सहाय पाएका सुग्रीवले किष्किन्धामा पुगेर सरासर बालिका ढोकामा खडा भई एक पटक सिंहनाद गरे। त्यो गर्जना सुन्नासाथ उन्मत्त, विषालु, भयंकर कृष्ण–सर्प झैं फुत्कार छोड्दै बालि पनि आफ्नो दरबारबाट निस्के। परस्पर रिसले चूर भएका कामचारी बालि र सुग्रीव अखाडामा आएर मनुष्य-लीलाले लड्न लागे। ती दुई भाइको युद्ध राम र लक्ष्मणले पनि हेरिरहेका थिए। त्यस बालिलाई मार्नाका निमित्त रामले पनि धनुमा बाण चढाउनुभएको थियो, तर युद्धका समयमा बालि र सुग्रीवको अनुहार सहसा छुट्टिन सकेन। यसैले कदाचित् मित्र सुग्रीवलाई सो अमोघ बाण लाग्यो भने सबै काम बिग्रला भन्ने डरले श्रीराम रोकिनुभयो। उता सुग्रीव राम–बाणको भरोसा गरेर सकेसम्म लडे, तर अन्त्यमा बालिसँग उनको केही चलेन र उनी रणभूमिबाट भागे। सुग्रीवलाई भागेको देखी बालि पनि फर्केर आफ्नो घरतिर गए।

त्यहाँपछि बालिका हातको चोट खाएका सुग्रीव रामचन्द्र-सँग खूब रिसाउँदै सरासर गएर भन्नथाले– "मित्र ! के तपाईंले बालिका हातबाट सुग्रीव मरोस् भन्नाका निमित्त यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धोखाबाजो गर्नुभएको हो ? के मित्रको काम यही हो ? हरे, आज मेरा दुर्भाग्यले अमृतका घडाबाट विष निस्कयो ! यसरी बालिका हातबाट मराउनुथियो भने आफैले यहीं मारिदिनुभएको भए पनि हुने थियो । यसरी विश्वासघात गर्नु तपाईंलाई सर्वथा उचित थिएन ।"

सुग्रीवले व्याकुलताका साथ भनेको वचन सुनी रामचन्द्रले भन्नुभयो–"मित्र ! तपाईं दुई भाइको युद्ध हुन लागेको वेलामा बालिका उपर बाण छोडूँ भनी आँटेको थिए तर त्यस वेला तपाईं दुई भाइको अनुहार सहसा छुट्ट्याउन सकिनँ; यसैले तपाईंलाई नै बाण लाग्ला र सबै काम बिग्रला भन्ने डरले ताकेको बाण पनि मैले रोक्नुपऱ्यो । यसमा म स्वयं लाचार छु । अब म तपाईंको गलामा एक माला पहिराइदिन्छु । सो पहिरेर युद्धभूमिमा जानुहोस् । यसो भएपछि मलाई तपाईंको पहिचानमा भ्रम रहने छैन । एकै वाणले वालिलाई मारिदिनेछु ।" यति भनी श्रीरामले सुग्रीवलाई एक माला पहिराएर फेरि रणभूमिमा पठाउनुभयो ।

बालि पनि सुग्रीवलाई हटाई आफ्ना घरमा गएर सुखपूर्वक बसेका थिए । अकस्मात् फेरि सुग्रीव सिंहनाद गर्दै बालिका ढोकामा गएर हाँक दिन लागे । सो सुन्दा बालिलाई असह्य भयो । उनी बडो हतपतका साथ भित्रैदेखिन् गदा उठाई, दाह्रा कटकटाउँदै निस्कन तत्पर भए । त्यो देखेर उनकी पत्नी ताराले भनिन्–"प्रियतम ! अघि मात्रै भागेको शत्रुले अहिल्यै आएर हाँक दिन कदापि सक्तैन । मुहूर्त ठीक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छैन। यस पटक सुग्रीवले कोही न कोही सहाय अवश्य पाएका छन्। यसकारण यस वेला हजूरले रिस गरेर सहसा युद्ध-भूमिमा जानु ठीक पर्दैन। पहिले सब कुराको अनुसन्धान गरेर मात्र सवारी हुन योग्य छ। अहिले रिसको वेग रोक्नुहोस्। विचार गरेर गरेका कामले मात्र फलसिद्धि हुन्छ।"

बालि रिसले साह्रै चूर भएका थिए, उनले ताराको वचन एक पनि सुनेनन्, उत्तिखेरै युद्धभूमिमा आएर उनी सुग्रीवसँग युद्ध गर्न लागे। सुग्रीवले पनि फूर्तिसाथ बालिलाई दुइ चार गदा चलाए। उनले पनि सुग्रीवलाइ बेसरी ठोके। हुंदा हुँदै बिचरा सुग्रीव थाक्तै आए। बालिले उनलाई एकै चोटमा खतम गराउने हिसाबसँग गदा उठाए। यसै बीचमा वृक्षको आडबाट रामचन्द्रले पनि बालिका उपर यस्तो अमोघ बाण छोड्नुभयो, सो बाण आएर छातीमा लाग्नासाथ उनी ढुनमुनिदै जमीनमा गिरिहाले। यति गरी श्रीराम बिस्तारै अघि बढ्नुभयो।

घायल बालिले रामलाई अगाडि उपस्थित भएको देखेर भने-"दाशरथे! तपाई बडो धर्मात्मा हुनुहुन्छ भन्ने सुन्दथें तर आज तपाईंले लुकेर मलाई मार्नुभयो। त्यसले तपाईंको यश र प्रतिष्ठा सहसा नष्ट भएको देख्तछु। सीताका निमित्त तपाइंले जुन यो पाप कर्म गर्नुभयो त्यो तपाइंका अविचार-को फल हो। तपाईंकी प्रियालाई सहजै म रावणकहाँबाट ल्याएर समर्पण गर्नेथिएं। रावणलाई समेत म बाँधेर तपाईंको अगाडि हाजिर गर्ने थिएँ, त्यति सानो कामको निमित्त तपाइंले क्षत्रिय धर्मलाई छोड्नु यो साह्रै अनुचित हो। जो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयो भइगो । म ता मर्दछु । तर यो कलंक सर्वदाका निमित्त तपाईंको ललाटमा लेखियो । यसैमा साह्रै खेद छ ।"

वालिका कुरा सुनी श्रीरामले उत्तर दिनुभयो— "वानर-राज ! तिमी अहिले ता धर्म र अधर्मका कुरा गर्दछौ, तर अघि भाइबुहारीलाई हरण गर्दा तिम्रो यो सद्बुद्धि कहाँ गएको थियो ? विचार गर कि राजाहरू बराबर शिकार खेल्दछन् । शिकार खेल्दा एउटा शाखामृग मर्न गयो भने उनलाई केको दोष छ !" यो सारा कुरा सुनेर वालिले भने- "हुन्छ, तपाईंले एक शाख मृगलाई मार्नुभयो । यसमा तपाईं दोष देख्नुहुँदैन, तर यस कुरामा दुनियाँले पनि तपाईंको दोष नदेखोस् भन्ने मात्र मेरो कामना हो ।" यति भनेर केही बेरपछि उनले प्राण त्याग गरे ।

आफ्नो वैरी मरेको देखी सुग्रीव पनि हर्षपूर्वक उफ्रँदै आएर रामचन्द्रका पाउमा गिरे । त्यहाँपछि राजा बालि मरे भन्ने समाचार सुनी तारा र उनका छोरा अंगद पनि छाती पिट्तै त्यहाँ आएर अनेक विलाप गर्न लागे । त्यो देखी स्वयं रामचन्द्रले तारालाई "कालगति यस्तछ" भन्ने इत्यादि अनेक उपदेश गरेर संझाई सुग्रीव र अङ्गदद्वारा बालिको संस्कारादि कर्म गराउनुभयो ।

आपस्तका बन्धुविरोधले गर्दा अन्य जाति रामचन्द्रका हातबाट वालिको नाश भयो । सुग्रीवले राज्य पाए । बालिका कर्मको भोग बालिले पाए । रामचन्द्रसँगका मित्रताको फल सुग्रीवले पाए । रामचन्द्रले पनि मित्रका निमित्तको कर्त्तव्य-कर्म पूरा गर्नुभयो । अङ्गदलाई पनि युवराजपदवी मिल्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किष्किन्धाका राज्यमा सुग्रीवलाई राखेपछि श्रीरामचन्द्र र लक्ष्मण वर्षाको समय हुनाले ऋष्यमूक पर्वतको एक प्रवर्षण नामक प्रान्तमा गएर बस्नुभयो । केही दिनपछि वर्षाकाल पनि बित्यो; शरद् ऋतुको प्रारम्भ भयो दशै दिशा उज्याला देखिए, तर विरह व्याकुल श्रीरामका मनमा झन् झन् अँध्यारो हुँदै आयो, यसैले अब सुग्रीवको प्रतिज्ञानुसार कामको तजवीज गराउनुपर्दछ भन्ने विचार प्रकट गरेर रामचन्द्रले लक्ष्मणलाई भन्नुभयो–

"वर्षा बितीकन शरद् ऋतुराज लाग्यो,
सीताजीको न त कुनै समचार आयो ।
पत्ता मिलोस् त यदि काल पनि जितेर,
फिर्ने थिएँ जनकराजसुता लिएर ॥
सुग्रीवजी पनि अकण्टक राज्य पाई,
बिर्सेर आज उपकारक हामीलाई ।
सीताजीका खबरको नगरी विचार,
भूले कि ग्राम्यसुखमा बुझ एक बार ॥

दाज्यूका यस्ता वचन सुन्दा सुग्रीवदेखिन् लक्ष्मणलाई साह्रै रिस उठ्यो । "कृतघ्न, ग्राम्यसुखमा लम्पट त्यस सुग्रीवको र उसका बन्धुवर्गको समेत अब नाश पार्दछु" भन्दै उनी धनु उठाउन थाले । त्यसरी लक्ष्मणलाई रिसाएको देखी अनिष्ट शङ्काले रामचन्द्रले भन्नुभयो–"भाइ ! तिम्रो रिस चर्को छ । किष्किन्धामा गएर केही उपद्रव नमच्चाए । रिसको वेगमा सुग्रीवका उपर प्रहार गर्‍यौ भने नाहकमा मित्र हत्या लाग्नेछ । यसकारण डर मात्रै देखाएर सुग्रीवलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ल्याए । अरू कुरा केही नगरे ।"

दाज्यूको आज्ञानुसार उठेको रिसलाई पनि रोकी लक्ष्मणजी किष्किन्धातिर गए । उहाँ बुद्धिमान् हनुमान्‌जीले यो कुरा अघिबाटै दूतद्वारा थाहा पाएर सुग्रीवलाई सम्झाए, हनुमान्‌ले सम्झाउँदा सुग्रीवलाई पनि होश आयो । उनले अघिदेखिन् नै घेरै वानरलाई जम्मा गर्ने प्रबन्ध गरेका थिए । केही बानरहरूलाई सीताको खोजमा पठाइसकेका पनि थिए । यस्तैमा लक्ष्मण सुग्रीवका दरवारमा पुगे । सुग्रीवले पनि नम्रतासाथ लक्ष्मणलाई उचित आसनमा राखेर भने– "भाइ ! मैले श्रीरामचन्द्रसँग गरेको प्रतिज्ञा बिर्सेको छैन । केही वानरहरूलाई सीताजीको खोजमा पठाइसकेको छ । आजसम्म वर्षा समय हुनाले विशेष यत्न गर्न नसकेको हुं । शरत् ऋतु पनि लाग्यो । जो गर्नुपर्दछ सब गर्दछु ।" यति भनेर उसै वेला सुग्रीव लक्ष्मणका साथ रामचन्द्रका वासस्थानतिर गए । उहाँ दुवै मित्र बसेर परस्परमा कर्त्तव्यको सल्लाह गर्न लागे ।

हनुमान्‌ले थोरै कालमा नै असंख्य वानरको सैन्य जम्मा गरी रामचन्द्रका अगाडि खडा गराए । त्यो फौज देख्ता रामचन्द्रले अत्यन्त प्रसन्न भएर सुग्रीवलाई भन्नुभयो–"मित्र ! मेरो तपाईं बाहेक यस वेला हितकारक कोही छैन । यसनिमित्त जो गर्नुपर्दछ चांडै गरी सीताजीको पत्ता लगाउनुहोस् । अहिले हामी सबैको यही मुख्य कर्त्तव्य छ ।"

सुग्रीवले रामचन्द्रका पूर्वोक्त कुरा सुनेर उत्तिखेरै सारा वानरहरूलाई यही उर्दी दिए–"तिमीहरू सीताजीको खोजी गर्न जाओ । महिना दिनभित्रमा पत्ता लगाएर आउनू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अहिले दिन नाघ्यो भने तिमीहरूको पनि बालिको जस्तो गति हुनेछ । अब एक क्षण पनि बिलम्ब नगरी जाओ, चारै दिशामा बाँडिएर सीताजीको खोज गर । सो खोजी गर्नाका निमित्त अंगद, हनुमान्, नल, नील, जाम्बवान् आदि बुद्धिमान र बलवान् अफिसरहरूले आफ्नो आफ्नो सैन्य लिएर दक्षिण दिशातिर जानू, अरू साधारण सैन्यले अरू दिशामा जानू ।"

सुग्रीवका आज्ञानुसार वानरहरू तत्तत् दिशामा जान भनी तयार भए । त्यस वेला रामचन्द्रले आफ्नो नाम लेखिएको औंठी झिकेर 'कतै सीताजीसँग भेट भयो भने परिचयका निमित्त दिनू' भनी हनुमानका हातमा दिनुभयो । सो औंठी लिई हनुमान्समेत जाम्बवान्, अंगद आदि धेरै वानरहरू दक्षिण दिशातिर हिंडे । यस्ता प्रकारले रामचन्द्रसँग बिदा भई हिंडेका हनुमान् आदि वीर वानरहरू सीताजीलाई खोज्दै जाँदा जाँदा दक्षिण समुद्रका किनारमा पुगे । उनीहरू उहाँ पुग्दा एक महीना बित्न पनि दुई तीन दिन मात्र बाँकी थियो ।

सीताजीको कतै पत्ता लागेन । यसउसले साराका मनमा खलबल पऱ्यो । अन्त्यमा बालिका छोरा अंगदले वानरहरूका साथ सल्लाह गरेर भने—"हामीलाई सुग्रीवले महीना दिन-भित्रमा आइपुग्नू, नआए तिमीहरूलाई ठूलो सजाय हुनेछ भन्ने उर्दी दिएका हुन् । महीना दिन बित्नालाई अब एक दुई दिन मात्र बाँकी छ । अहिलेसम्म सीताजीको कतै केही पत्ता लाउन सकिएन । यसै जाऊँ भने अवश्य हामीलाई सुग्रीवले मार्नेछन् । उनको स्वभाव अति क्रूर छ । उसमा पनि उनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीरामले पक्ष गर्नुहुन्छ । बरु उहाँ गएर बेइज्जती भई मर्नुभन्दा यसै समुद्रका किनारमा मर्नु बढिया छ।" अंगदका यस कुरामा सबै सहमत भए । उनीहरूले यही निश्चय गरी त्यहीं प्रायोपवेश व्रत लिएर बसे।

यसै वेला अकस्मात् एक सम्पाति भन्ने जटायुका दाज्यू गिद्धले ती वानरहरूको त्यो अवस्था देखेर भने–"वानरहो! तिमीहरू किन मर्दछौ! यस्तो के काम पर्‍यो? भन, मबाट हुनेसम्म त्यसको प्रतिकार गरुँला । तिमीहरू को हौ ! के कुराका खोजमा हिंडेका छौ? सबै यथार्थ बताऊ।" सम्पातिका कुरा सुनेर वानरहरूले पनि रामचन्द्रले सुग्रीवका साथ मित्रता गरी बालिलाई मारेर आफूहरूलाई यता पठाएसम्मको सारा वृत्तान्त विस्तारपूर्वक उनलाई सुनाए। सो वृत्तान्त सुनिसकेपछि सम्पातिले आश्वासनपूर्वक वानरहरूलाई भने– "सीताजीको पत्ता म बताइदिन्छु । जसको सामर्थ्य छ गएर भेट गर। सीताजी अहिले लङ्कामा रावणको भित्री बगैंचा अशोक–वनमा छिन् । उनलाई रावणले लगी राम्ररी राखेको छ। त्यस लङ्कामा जानालाई चार सय कोसको समुद्र नाघ्नुपर्दछ। जसले यो समुद्र तर्न सक्तछ उसैले सीताजीलाई भेट्न सक्तछ।"

वानरहरूलाई सीताजीको पत्ता बताएर सम्पातिले आफ्नो बाटो लिए। वानरहरू उहीं बसेर आफू आफूमा समुद्र तर्ने विषयको सल्लाह गर्न थाले । अन्त्यमा जसरी हुन्छ समुद्र पार गएर सीताजीसँग भेट नगरी हुँदैन भन्ने सबैको निश्चय भएपछि युवराज अंगदले अगाडि सरेर सबैलाई सम्बोधन गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भने—"भाइहो ! समुद्र पार गर्ने सामर्थ्य कसको छ ? अगाडि सर, आफ्नो पुरुषार्थ देखाउने वेला यही हो, अवसरमा नचूक । यसबाट राजाको काम र बन्धुको रक्षा दुवै हुनेछ ।" युवराजको त्यो वचन सुनी सबैले आफूमा भएसम्म बल र पराक्रम जाहेर गरे, तर समुद्र तर्ने सामर्थ्य मसँग छ भन्ने कोही निस्केन ।

अरू कुनैबाट कामको तार नलाग्ने देखी वृद्ध जाम्ववान्ले हनुमान्तिर हेरेर भने—'वीर हनुमान ! तिमी वायुका पुत्र ह्वौ, यस कारणले तिमीमा जत्तिको सामर्थ्य छ उत्तिको हामीहरू कसैमा छैन । तिमीले आँट्यौ भने यो काम अवश्य पूरा हुनेछ, नत्र कठिनै देखियो ।" बूढा जाम्बवान्का कुरा सुनी हनुमान्ले लङ्कामा जानालाई कम्मर कसे । सो देख्ता सारा वानर अत्यन्त प्रसन्न भएर उनलाई आलिंगनादि गर्न थाले ।

जाने वेलामा हनुमान्ले आफ्नो शौर्यशाली शरीर खूब फुकाएर अंगदसँग सोधे—"युवराज ! लङ्कामा पुगेर मैले के के गर्नु पर्दछ ? चाँडै आज्ञा होस् । यो म उफ्रन आँटें ।" यो सुनेर प्रसन्नतापूर्वक अंगदले भने—"महावीर ! तिमीले अरू केही गर्नुपर्दैन; समुद्र तरेर खास सीताजीसँग भेट गरी उहाँको हाल मात्र लिएर आउनू । यति गर्‍यौ भने हाम्रो ज्यान पनि बाँच्तछ, श्रीरामको काम पनि बन्दछ ।"

किष्किन्धाकाण्ड समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरकाण्ड

अंगद, जाम्ववान् आदि वानरहरूलाई "म नआउञ्जेल तपाईंहरू यहीं बसिरहनुहोला" भनी हनुमान्‌जी महेन्द्र पर्वतको टाकुराबाट समुद्रको समुख भई उफ्रे । तिनको वेग पनि त्यस बेला वायुकै जस्तो थियो । उड्दै जाँदा बीचमा हनुमान्‌को मैनाक पर्वतसित भेट भयो । उहाँ उसले गरेको सत्कार स्वीकार गरी फेरि हनुमान् उहाँबाट उफ्रे । केही पर पुगेपछि सुरसा नामकी नाग-माता आएर उनलाई खाने कुरा गर्न लागिन् । हनुमान् बडो युक्तिसाथ उहाँबाट उम्केर फेरि दौडे ।

साहसी वीर हनुमान् वायुवेगले आकाशमार्गबाट जाँदै थिए, कोही छाया ग्रहले छाया पक्रेर उनको गतिमा विघ्न पार्‍यो । उनले उसलाई पनि जबर्दस्ती हटाएर आफ्नो बाटो लिए, उनको वेग कहीं भंग हुन पाएन । केही कालमा शक्तिशाली हनुमान् विद्युतगर्भ मेघ झैं समुद्र पारी प्रलम्बन पर्वतमा पुगे । उताबाट लङ्कामा वरिपरिको सारा जंगल देखिन थाल्यो । रमणीय लङ्का पनि उहाँबाट स्पष्टै देखिन्थ्यो । भित्तामा रत्न जडिएका ठूला ठूला सुवर्णका घरहरू फलाफल देखिन्थे; सारा लङ्का शहर रथ, हात्ती, घोडाहरूले खचाखच भइरहेको थियो । ध्वजा पताकाले शोभित भएका सफा सडकहरूको विचित्र शोभाले मन हरण गर्दथ्यो; उत्तम फलफूलले पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएका बगैंचाहरू पनि लङ्कामा लाखौं थिए. बीच बीचमा सुन्दर धारा, तलाउ, जङ्गल, केलिकुञ्ज आदि सुखसामग्री पनि अनन्त थिए; लङ्काको कारीगरी यहाँसम्म भन्ने सीमा थिएन, फट्ट हेर्दा यो लङ्का दोस्रो अमरावती नै हो कि भन्ने भान हुन्थ्यो ।

त्यस वेला कतै गन्धर्वहरूको गीतवाद्यादि भइरहेको थियो । कतै ठूला ठूला जानवरहरूले अरू जानवरलाई लुछ्न लागेको देखिन्थ्यो । कतै हाँस खेलको तमाशा थियो । ठाउँ ठाउँमा भयंकर राक्षसहरू पहरा दिएर बसेका थिए । त्यस लङ्काभित्र सहसा कोही पनि छिर्न सक्तैनथ्यो, सर्वत्र तालिमी फौजका छाउनी देखिन्थे । उहाँ कुनै कुराको कमी थिएन । त्यो तमाशा हेर्दा हेर्दै सूर्य अस्ताए । चारैतिर अन्धकारको सञ्चार हुन थाल्यो । चतुर हनुमान् पनि बडो योग्यतासाथ सूक्ष्मरूपले लङ्काको मूल ढोकामा पुगेर खडा भए ।

लङ्काभित्र पसूँ भनी आँटेका हनुमान्लाई देखी ढोकामा पहरा दिई बसेकी कोही राक्षसीले भनी–"यो भित्र जाने को हो ? म यस ढोकाको पहरा दिई बसेकी छु भन्ने तँलाई थाहा छैन र नटेरी भित्र पस्न लागिस् ?" त्यसका यस्ता गर्वले भरिएका कुरा सुनेर हनुमान्ले त्यस राक्षसीलाई घुस्सा दिई जमीनमा गिराएर आफू सरासर भित्र पसे ।

त्यहाँपछि सीताजीलाई खोज्दै उनले रावणको दरवार एक एक गरी घुमे । तैपनि उनले कहीं सीताजीको पत्ता लाउन सकेनन् । अन्त्यमा उनी दरबारको समीपवर्ती एक बगैंचामा पसे । उहाँ अशोकवृक्षका तलतिर अनेक राक्षसीहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घेरिएकी, अत्यन्त दुःखी, बिरहिणी र साक्षात् लक्ष्मी झैं देदीप्यमान स्वरूप भएकी एकली स्त्रीलाई देखेर सबै तरहबाट विचार गर्दा उनलाई "सीताजी यिनै हुन्" भन्ने निश्चय भयो। त्यस बेला विरहातुरा सीताजीको रामनाम सिवाय शरण अर्को केही थिएन, मनसा वाचा उहाँ रामैको स्मरण गर्नुहुन्थ्यो।

कसैले चाल नपाउने गरेर हनुमान् उही अशोकका वृक्षमा चढी पातका अन्तरमा लुकेर राक्षसीहरूका कुरा सुन्न लागे। त्यसै बेला अचानक रावण पनि धेरै स्त्रीहरूका साथ उहाँ आएर सीताजीलाई अनेक प्रकारले फुल्याउन थाल्यो। धैर्य-वती सीताजीले उसको दुर्वचन सुनेको नसुन्यै गर्नुभयो। उहाँ-को हृदयसागर ज्यौंका त्यौं रह्यो। उसमा कुनै दुस्तर्क तरङ्गले आघात परेन। अन्त्यमा त्यहाँ बसेका राक्षसीहरूलाई रावणले अह्रायो–"हे राक्षसीगण ! जसरी हुन्छ यिनीलाई संझाउनु। केही गरे पनि यिनले मानिनन् भने आजको एक महीनामा यिनीलाई तर्कारी बनाएर मेरो समीपमा उपस्थित गराउनू र खुशीसाथ म खानेछु।" यति भनी हताश भएको रावण दरबारतिर फर्क्यो।

त्यसपछि रावणका हुकूमले राक्षसीहरू सीताजीलाई अनेक दुश्चेष्टा देखाउन थाले। कोही फकाउँछन् कोही गाली गर्छन्, कोही यसलाई म काट्छु भनेर अगाडि सर्छन्। त्यस बेला तिनका क्रूर व्यवहारको पारावारै थिएन। बिचरी मलिनमुखी सीताजी चुपचाप उँधो मुख लाएर बस्नुभएको थियो। आखिरमा उहाँले भन्नुभयो–राक्षसीहो ! बरु तिमीहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मलाई यहीं मार्छौ भने चाँडै मार । यसमा म कत्ति खेद मान्दिनँ अरू कुराले मेरो मन नदुखाओ । म रामचन्द्रबाहेक अरूलाई मनसा, वाचा, कर्मणा कुनै जन्ममा पनि सक्नेछैन ।"

सीताजीको त्यो दृढ प्रतिज्ञा सुनी ती दुष्ट राक्षसीहरू झन् रिसाउँदै अनेक त्रास देखाउन लागे । त्यस वेला ती राक्षसीहरूमा त्रिजटा भन्ने शान्त स्वभावकी राक्षसी पनि थिई । त्यसले सबै राक्षसीहरूलाई भनी– 'बहिनीहो ! अब तिमीहरू यिनीलाई व्यर्थ डर नदेखाओ । आफ्नो कल्याण होस् भन्ने छ भने राम्रो तरहसँग यिनको सेवा गर । आजसम्म भनेका दुर्वाक्यको क्षमा गराओ । किनभने, आज राती सपनामा रावणले तेल घसी गोबरका कुण्डमा फाल हालेको, रामचन्द्रले यहाँ आई सारा राक्षस-कुललाई नाश गरेको इत्यादि धेरै कुरा मैले देखेकी छु । तसर्थ अब रावणको नाश हुने दिन नगीचै आएको छ, सारा राक्षसहरू पनि नाश हुनेछन् । यिनीलाई रामचन्द्रले अवश्य नलगी छोड्नेछैनन् । यसकारण मैले भनेको मान । यिनलाई व्यर्थ दुःख दिएर तिमीहरूको कल्याण कदापि हुने छैन । पछि हामी सबैले यिनको आज्ञामा रहनुपर्नेछ ।" यति भनेर त्यो त्रिजटा चूप लागी । अरू राक्षसीहरू पनि चुपचाप भएर मुखामुख गर्दै यताउति लागे ।

बिचरी सीताजी रामचन्द्रलाई सम्झेर फेरि रुन लाग्नुभयो । रुँदा रुँदै उहाँका मुखारविन्दबाट यस्ता बोली निस्के– "हे नाथ ! मलाई यस राक्षसका फन्दाबाट कहिले छुटाउनुहुन्छ ? हा दैव ! मैले यो दुःख भोग्नु कति बाँकी छ ? दीनदयालो ! मेरो चाँडै रक्षा गर्नुहोस् ।" यसो भन्दा भन्दै छिन छिनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सीताजीको हृदयमा शोकको वेग बढ्दै गयो ।

समयले भयंकर रूप धारण गऱ्यो । आखिर विवश भएर विरह–बिधुरा सीताजी शोकका मारे आफ्नै चुल्ठाको पासो लगाई अशोकवृक्षमा झुण्डिन तयार हुनुभयो । सीताजीको त्यो अवस्था देखी हनुमान्ले पनि अब बिगार पर्न आँट्यो भन्ने विचार गरेर रामचन्द्रले दिइपठाएको औंठी सीताजीके काखमा पर्ने गरी खसालिदिए । त्यो राम-नामाङ्कित औंठी अकस्मात् आफ्नो काखमा गिरेको देख्ता सीताजीलाई आश्चर्य लाग्यो । त्यो औंठी हातमा लिएर उहाँले मनमनै भन्नुभयो–"अहो ! यो उनै प्राणाधार राम-चन्द्रका करकमलमा रहने औंठी हो । आज यसलाई कसले यहाँ ल्याएर फ्याँकिदियो ! नजाने राक्षसको माया हो कि सत्य कुरा हो ?" सीताजीको मनमा त्यस बेला अनेक तर्क वितर्क उठे; तर आखिरमा केही निश्चय गर्न नसकी सीताजी ले बडो उत्सुकतासाथ भन्नुभयो-"यो औंठी यहाँ कसले फ्याँकेको हो, त्यो व्यक्ति मेरो अगाडि खडा भएर यथार्थ कुरा बताओस् ।"

यति भनेर सीताजी हडबडाउँदै यताउति हेर्न लाग्नुभयो। हनुमान् पनि विस्तारै वृक्षबाट रामका गुण गाउँदै सीताजीको अगाडि आएर प्रणामपूर्वक निवेदन गर्न लागे ।

"म हुँ श्रीरामको दूत, उहीं बाट पठाउँदा ।
आएँ सागर नाघेर, झुट्ो छैन कुनै कुरा ।। १ ।।
औंठो चिह्न दिनू भन्ने, आज्ञा श्रीरामको थियो:
चढाएँ आज सो मैले काम मेरो पुरा भयो ।। २ ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हनुमान्‌का यी वचन सुनी सीताजीले आश्चर्यसाथ भन्नुभयो–"तिमी वानर, रामचन्द्र मानिस, वानर र मानिसको सम्बन्ध कसरी भयो र उहाँले तिमीलाई यो औंठी दिएर पठाउनुभयो ? यस कुरामा मलाई पत्यार लाग्दैन । यो ता खालि मलाई धोका दिनाका निमित्त राक्षसले माया फैलाएको जस्तो लाग्दछ ।"

सीताजी आफ्नो कुरामा पत्यार नगरेको देखी हनुमान् एक छिन चूप भए । फेरि उनले, रामचन्द्रले सुग्रीवसँग मित्रता गरेको, बालिलाई मारेको र वानरलाई दिशा दिशामा पठाएको सारा वृत्तान्त बताए । सो सबै कुरा सुनिसकेपछि यिनी साँच्चै नै रामचन्द्रका दूत रहेछन् भन्ने पत्यार पऱ्यो र सीताजीले अत्यन्त खुशी भएर भन्नुभयो–"हनुमान्, तिमीले मेरो प्राण बचायौ । आज त्यत्रो चार सय कोसको समुद्र नाघी श्रीरामचन्द्रको समाचार ल्याएर मलाई सुनायौ । यस कुरारूपी शिशिरजलले मेरो मनको विरहाग्नि शान्त भयो । धन्य तिम्रो काम, धन्य तिम्रो बलवैभव ? यस उपकारको प्रत्युपकार मबाट हुनै सक्तैन । यसको प्रतिकार म के गरूँ ? त्रैलोक्य नै दिए पनि यसको बराबरी हुन असमर्थ छ ।

यस प्रकारसँग सीताजीले आफ्नो धेरै प्रशंसा गरेको सुन्दा हनुमान्‌को उत्साह बढ्यो । उनी उहाँका अनुमतिले अशोकवनमा पसे । उहाँ उनले धेरै मीठा मीठा फलहरू खाई असल वृक्षहरू उखेल्दै यताउति फ्याँकेर वनै उजाड पारिदिए । त्यो देखी त्यस वनका रखवालाहरूले रावणसँग यी सब कुरा जाहेर गरे । रावणले पनि त्यस वानरलाई मारी आऊ भनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हजारौं फौज पठायो। हनुमान्‌ले पनि एक्लै लडी त्यो सम्पूर्ण फौजलाई मारिदिए। फेरि रावणले अत्यन्त रिसाएर आफ्नो कान्छो छोरो अक्षयकुमारलाई धेरै फौजका साथ हनुमान्‌सँग लड्न पठायो। उनले त्यसलाई पनि सबै फौजका साथ मारिदिए।

कान्छो छोरो मरेको र धेरै राक्षसका फौजको पनि नाश भएको देखी रावण रिसले छटपटाउँदै आफै गएर त्यस वानरलाई मार्दछु भनी हिंड्न तयार भयो। त्यस बेला उसको इन्द्रजित् भन्ने छोराले अघि सरेर विन्ति गर्‍यो– "पिताजी! म छँदा छँदै हजूरले कष्ट पाउनु पर्दैन। म एक्लै गएर त्यसलाई मारी आउँछु।" पुत्रको त्यो उचित साहस देखी रावण खुशी भयो। उसले इन्द्रजित्‌लाई वानर-वधका निमित्त बिदा दियो।

रावणको आदेशानुसार इन्द्रतित् अनेक सैन्यका साथ अशोक वनमा आएर हनुमान्‌सँग लड्न लाग्यो। त्यसले जति वाण हान्यो उतिलाई हनुमान्‌ले रोके, फेरि उनले उहींको, फ्याँकिइरहेको एक चैत्यप्रासादको लोहदण्डले ठोक्तै इन्द्रजित्‌को साथमा आएका फौजलाई मारिदिए। इन्द्रजित्‌लाई पनि खूब वीरताका साथ लडेर थकित गराए। जब इन्द्रजित्‌ले यो वानर साधारण रहेनछ भन्ने बुझेथ्यो अनि हनुमान्‌का उपर अस्त्रहरूको प्रहार गर्न लाग्यो। हनुमान्‌ले पनि त्यसले प्रहार गरेका अस्त्रलाई अरू अस्त्र प्रहार गरी हटाए। यस्तै तरहले युद्ध हुँदा हुँदा इन्द्रजित थाक्यो। अन्त्यमा यस बानरसँग लडी साध्य रहेनछ भन्ने विचार गरेर उसले हनुमान्‌का

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उपर ब्रह्मास्त्रको प्रहार गऱ्यो । अस्त्रको मर्यादा राख्नुपर्छ भन्ने र रावणसँग भेट पनि गर्नुपर्छ भन्ने अभिप्रायले हनुमान् पनि बद्ध जस्ता भए । इन्द्रजितले उनलाई समाती सरासर रावणका सभामा लगेर खडा गरायो ।

सभामा पुग्नासाथ हनुमान्‌ले त्रैलोक्यविजयी रावणलाई रत्नासनमा बसेको देखे । उसका चारैतिर ठूला ठूला युद्धमा नाउँ पाएका राक्षसहरू बसेका थिए । रावणको ऐश्वर्य देखेर हनुमान्‌लाई ठूलो विस्मय भयो । उनी केही बेरसम्म रावणका प्रभावले मोहित भएर मनैमन यस्तो विचार गर्नलागे— "यस राक्षसराजको बडो आश्चर्यको रूप, धैर्य सत्व र तेज देखिन्छ, यस उसले यो अधर्मी नहुँदोहो ता सारा संसारको मालिक हुन योग्य थियो । उसको प्रताप र तेज अरू कम्ती भएको देखिदैन । तर ऐश्वर्यका मदमा परेर यसले सदाचार आदि गुणको त्याग गरेको बुझिन्छ । अब यस्तो ठूलो पदमा पुगेको यसको अध:पात हुने वेला भयो, व्यसनीलाई कसैले बचाउन सक्तैन ।" हनुमान् यस्ता मनका उच्च तरङ्गमा मग्न थिए, यसै बेला बाँधिएका हनुमान्‌लाई देखेर रावणले फूर्तिसाथ भन्यो—

"रे रे मर्कट दुष्ट ! सागर तरी आएर सारा वन
फाँडी हर्म्य हवेलि खाडि सरिका पारी उखाडीकन ।
मेरो पुत्रसमेत फौज उतिको विध्वस्त पारिस् किन
यो सम्पूर्ण बता यथार्थ कसले के के पठायो लिन ?" ३

रावणको यो क्रोधपूर्ण गर्जना सुनेर हनुमान्‌ले पनि खूब धृष्टतासाथ भने—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"रे रे राक्षसराज ! आज जसको पत्नी हरी चोर झैं,
भागी घोर समुद्रपारि तिमीले ल्यायौ यहाँ गुप्त भै ।
सोही श्रीरघुनाथको म हनुमान् भन्ने कुनै दूत हूँ,
सीता भेटुँ र क्यै कुरा गरुँ भनी आएँ अरू के कहूँ ? ४
देखी यो फल फूल खूब रसिला इच्छा भयो खानमा
बच्चा वानरको थिएँ रूख चढें उफ्रेर उद्यानमा ।
लाखौं सैन्य म एकमाथि खनिदै आए र मारी दिएँ
आत्मत्राण गरें कसूर कुन हो ! दोषी म केले भएँ ?" ५

यस्ता प्रकारले आफ्नो हाल बताएर उनी रावणलाई शान्तिपूर्वक सम्झाउन लागे– "राजा रावण ! श्रीरामसँग विरोध नगर । अझ केही बिग्रेको छैन; सीताजीलाई आदर-पूर्वक लगी सुम्पिदेऊ, आफूले गरेका अपराधको क्षमा गराऊ। व्यर्थ आफ्नो र सारा राक्षस कुलको नाश किन गराउँछौ ? श्रीराम दयालु हुनुहुन्छ, उहाँबाट शरणको मरण कदापि हुने छैन, जाऊ पोछा पर ।"

काल नजीकै आइपुगेको विपरीत बुद्धि दुष्ट राक्षसका हृदयमा हनुमानको उक्ति वज्र जस्तो लाग्यो । झन् रिसाएर उसले उत्तिखेरै "यस वानरलाई लौ काट" भन्ने आज्ञा दियो। त्यसै सभामा विभीषण आदि धर्मात्माहरू पनि बसेका थिए। उनीहरूले अर्काको दूतलाई मार्नु राजनीतिमा निषिद्ध छ भन्ने कुरा सम्झाए । त्यसमा रावणको चित्त बुझ्यो । उसले आज्ञा दियो–"उसो भए यसका पुच्छरमा आगो लगाई पुच्छर ठुटो पारेर छोडिदेऊ, किनभने वानरको पुच्छरैमा ज्यादा मान हुन्छ, पुच्छर डढेपछि आफैं यो मुर्दाबराबर बन्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि लिंडो पुच्छर लिएर आफ्ना मालिककहाँ जाओस् ।"

रावणको आज्ञा पाउनासाथ त्यहाँ बसेका राक्षसहरूले हनुमान्‌को पुच्छरमा कपडा बेह्रेर घिउ तेलमा भिजाई आगो सल्काएर छोडिदिए । हनुमान्‌ले पनि त्यो बल्दो पुच्छर हल्लाउँदै लङ्का राजधानीका छाना छानामा उफ्रेर सीताजी राज भएको अशोकवाटिका र विभीषणको घर बाहेक सारा राक्षसहरूका घर घरमा आगो लगाइदिए । त्यस आगोले गर्दा सारा लङ्का शहर हुर्हुरी बल्न थाल्यो । यसले राक्षसमण्डलीमा बडो हाहाकार पऱ्यो, कोही भाग्न लागे, कोही बालबच्चालाई बचाउन लागे, कोही धन सम्पत्ति जल्यो भनी छटपटाउन लागे, कोही आगामा परी पाक्न लागे, कोही रुन लागे, कोही कराउन लागे ।

यस्ता प्रकारले त्यो वेला राक्षसको प्रलय जस्तो देखियो। यति गर्दा पनि हनुमान्‌लाई कसैले पक्रन सकेन । त्यहांपछि हनुमान्‌ले समुद्रका पानीले पुच्छरको आगो निभाए । केही बेर थकाइ मारी सीताजीका समीपमा गएर उनले सबै लङ्का जलाएको हाल विस्तार गरे । सो सुन्दा सीताजी पनि अत्यन्त प्रसन्न हुनुभयो ।

यसपछि हनुमान्‌ले सीताजीसँग "बिदा पाऊँ" भनी विन्ति गरे र सीताजीले उनलाई बिदा दिएर भन्नुभयो– "उपकारी महावीर ! मेरो हाल तिमीले देखेसम्म श्रीरामचन्द्रका हजूरमा सब बिन्ती चढाए, जसरी हुन्छ चाँडो गरी मलाई यस राक्षसको हातबाट छुटाउने उद्योग गराए। तिमी यहाँ आई मसँग भेट गरेको श्रीरामलाई सहसा पत्यार होओइन । यसनिमित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

म यो आफ्नो शिरको चूडामणि तिमीलाई दिन्छु । फेरि एउटा रहस्य कुरा पनि म बताउँछु-एक दिन चित्रकूटमा रामको र मेरो एकान्त थियो, त्यस वेला एउटा कागले मेरो गोडामा ठुँगी रगत निकाल्यो । सो देखी करुणामूर्ति श्रीरामले एक तृण लिएर त्यस कागलाई हान्नुभयो । त्यस तृणबाट बच्न भनी त्यो काग चौधै भुवन घुम्यो, तैपनि शरण कोही नपाउँदा उहींका चरणमा परी क्षमा माग्यो र आफ्नो वासमा गया । सोही करुणा लिई मलाई पनि लगिबक्सिन्यैछ । यो कुरा पनि विन्ति गरिदिए । यी दुई कुराबाट उहाँलाई अवश्य पत्यार हुनेछ ।" यति भनी सीताजीले हनुमान्‌लाई आफ्नो शिरोमणि दिनुभयो । सो लिएर सीताजीका पाउमा दण्डवत् गरी हनुमान् पनि त्यहाँबाट फर्के ।

यता अङ्गद आदि वानरहरू पनि समुद्रका किनारामा हनुमान् कहिले आउलान् भनी उतैतिर एकटकसित हेरिरहेका थिए । जब हनुमान् आफ्नो काम सिद्ध गरी त्यहाँ आइपुगेथे, अनि सारा वानर उनको मुख देख्तैमा यिनले काम सिद्ध गरी आए भन्ने बुझी खुशी हुँदै कोही नाचन थाले र कोही उफ्रन लागे, कोही हनुमान्‌को पुच्छर चुम्बन गर्न लागे । ती आफ्ना साथीहरू खुशी भएको देखी हनुमान्‌ले उनीहरूलाई लङ्काको सारा वृत्तान्त बताए । यसले उनीहरू झन् खुशी भए ।

त्यहाँपछि अङ्गद हनुमान् आदि सारा वानरहरू समुद्रका किनारबाट फर्के । उनीहरू मधुवन नाउँ गरेका सुग्रीवको बगैंचाको फलफूल खाँदै रामचन्द्र भएका ठाउँमा आइपुगे । त्यो सबै फौज खुशी हुँदै फर्केको देख्ता श्रीरामले कार्यसिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको जानी अत्यन्त हर्ष प्रकट गर्नु भयो। त्यसै वेलामा हनुमान्-ले रामचन्द्रको पाउमा दण्डवत् गरेर सम्पूर्ण वृत्तान्त सुनाए, सीताजीले दिइपठाएको चूडामणि पनि उनले श्रीरामलाई अर्पण गरे। त्यो देख्ता रामचन्द्रलाई यस्तो हर्ष भयो, उहाँले तत्क्षणैमा अघिका सबै दुःख बिर्सनुभयो र झटपट हनुमान्लाई प्रेमले अङ्कमाल गरी भन्नुभयो–"प्रिय वत्स ! तिम्रो बल, बुद्धि र साहसलाई धन्यवाद छ। आज म तिमीदेखि अत्यन्त प्रसन्न भएँ। यसको बदलामा बक्सीस दिने कुरा अहिले मसंग केही छैन। तिमी चिरञ्जीवी भए, तिम्रो कल्याण होस्। धन्य हनुमान्! वीरशिरोमणि तिमी नै रहेछौ। तिमीले आज सारा रघुकुलको उद्धार गऱ्यौ।"

सुन्दरकाण्ड समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धकाण्ड

हनुमान्द्वारा सीताको यथार्थ खवर सुनेपछि सुग्रीवका सल्लाहले लङ्कामा चढाइ गर्न भनी असंख्य वानरको सैन्य लिएर रामचन्द्रले प्रस्थान गर्नुभयो। प्रस्थान मुहूर्त बढिया पर्न गएकाले बाटामा शुभ शकुनहरू पनि देखिन लागे, त्यसबाट कार्यसिद्धिको अनुमान गर्दै जाँदा जाँदा सारा सैन्यसमेत श्रीराम समुद्रको किनारामा पुग्नुभयो र समुद्र तर्ने विषयमा सबैको सल्लाह हुनलाग्यो। यस्तैमा श्रीरामले सुग्रीवलाई प्रेमपूर्वक भन्नुभयो–"मित्र ! यस ठाउँमा हामी सबैले होशियार भएर बस्नुपर्दछ, यसकारण पहिले तपाईं सैन्यको प्रबन्ध सब ठीक ठीक मिलाउनुहोस्।"

उता, असंख्य वानरको सेना लिएर लङ्कामा चढाइ गर्नालाई रामचन्द्र समुद्रका किनारमा आइपुगेको खबर लङ्काभर फैलियो। त्यसले राक्षसहरूमा पनि बडो खलबल पर्न लाग्यो। गल्ली गल्लीमा, घर घरमा रामचन्द्रको चर्चा सिवाय अरू केही सुनिएन। कोही भन्दछन्–"जसको एउटा दूतले सारा लङ्कालाई निर्धक्कसँग खरानी पाऱ्यो, त्यस वीरका सैन्यमा त्यो दूतभन्दा बलिया कति चतुर योद्धा होलान् ! सैन्य कत्रो होला। त्यस सैन्यका सेनापतिहरू कस्ता पराक्रमी होलान्! अब उनले हामीलाई केही गरे पनि छोड्नेछैनन्। यस दुर्बुद्धि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रावणले गर्दा सारा राक्षसकुलको नाश हुन आँटचो । अब यसको उपाय केही छैन ।" इत्यादि कुरा मात्र लङ्कावासी राक्षसहरूका मुखबाट निस्कन्थे । रावणका दरवारमा पनि यो समाचार गुञ्जिरहेको हुनाले यसै विषयमा लङ्केश्वर रावणको बैठकमा ठूलो सभा जमेको थियो । प्रहस्त, महापार्श्व आदि वडा बडा सेनापतिहरू वानरको सैन्यका साथ लड्नाका निम्ति कम्मर कस्न तयार थिए । राज्यका सबै अङ्गहरूमा युद्धको तयारी हुन थालेको थियो ।

एकदिन एकान्तमा मन्दोदरीले आफ्ना पति रावणसँग भनिन्—"आर्यपुत्र ! सीताको लोभले गर्दा हजूरले सारा लङ्काको नाश गराउन आँट्नुभयो । मेरो विन्ति छ, यस दुराग्रहलाई छोडी सीतालाई रामचन्द्रका हातमा सुम्पिदिनुहोस् । हजूरका निमित्त देवता दानवादिका हजारौं दिव्यकन्या मिल्न सक्तछन् भने सो तुच्छ मानुषीलाई राख्नाले हाम्रो कल्याण अवश्य हुने छैन ।" रावणले मन्दोदरीका यी कुरा सुन्दै सुनेन । रामचन्द्र आए भने उनीसँग नलडी छोड्दिन, देवताहरू-लाई ता मैले जितेको छु भने जाबो मानिसले मलाई के गर्दछ भन्दै झन् वीरता प्रकट गर्न लाग्यो । बिचरी मन्दोदरीको केही जोर चलेन र उनी चुप लागिन् ।

एक दिन बिहानी आफ्नी आमाले पठाएका विभीषण रावणका राजसभामा आएर सबैका अगाडि रावणलाई सम्झा-उँदै भन्न लागे—"महाराज ! हजूरले सीताजीलाई ल्याउँदा सारा लङ्काभरका राक्षसहरूको संहार हुन आँटचो । समुद्रका किनारमा अनेक वानरको सैन्यका साथ वैरी रामचन्द्र आइसके, उनी अद्वितीय वीर छन् भन्ने सुनिन्छ । लडाइँमा केही गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हारियो भने हामी सबैको सर्वनाश हुने सम्भव छ। फेरि लडाइँमा सधैं विजय नै हुन्छ भन्ने पनि निश्चय छैन। युद्धमा धेरै मिलेर एउटालाई मार्दछन्, एउटाले पनि धेरैलाई मार्दछ! यसकारण रामचन्द्रसँग वैर भाव नराख्नुहोस्। परस्त्री हरण गर्नाले ठूलो पाप लाग्दछ। यस्तो नीच काममा प्रवृत्त हुनु वीर पुरुषको कुनै वीरता होइन। यसकारण अब जसरी हुन्छ सीताजीलाई रामचन्द्रका समीपमा पुऱ्याइदिनुहोस्। उनी क्षमाशील छन् भन्ने सुनिन्छ। शरण पर्न गएपछि आजसम्म भएको कुरामा उनी विशेष ध्यान दिनेछैनन्।"

विभीषणका यी कुरा सुनी रावणले रिसाएर भन्यो-"विभीषण बड़ो बुद्धिमान् छ भन्ने मेरो विश्वास थियो, तर यो बडो कातर रहेछ, आजै थाहा भयो। मेरो भाइले पनि गाइनले झैं रामैको प्रशंसा गर्नु यो अत्यन्त खेदको कुरा छ। शत्रुले घेरेको वेलामा भाइले युद्धको बन्दोबस्त गरी वैरीसँग लडेर दाज्यूको रक्षा गर्नु, वैरीको नाम पनि रहन नदिनु यो पो कर्तव्य हो। यो ता झन् उल्टो वैरीको शरणमा नै जा भनी मलाई उपदेश दिन लागिरहेछ। हे मूर्ख! के तँलाई थाहा कि रावण आफ्नो टेढिन लागेको भाग्यलाई पनि खड्गका धारले सोझो तुल्याउन सक्तछ? धिक्कार पाजी! तँ जस्तो कातर भाइबाट मेरो केही काम हुँदैन। तँ शत्रुको पक्ष लिएर मलाई धोका दिन आएको रहिछस्। अरू भए अहिले नै मारिदिने थिएँ, परन्तु भाइ भइस्; के गरूँ! अब तैंले मेरो राजधानीमा बस्नु पनि पर्दैन तेरो महात्मा रामचन्द्र जहाँछ उहीं जा।" यति भनेर उत्तिखेरै विभीषणलाई एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लात शिरमा बजारी दरबारबाट निकालिदियो ।

साधुशील महात्मा विभीषणले दाज्यूलाई कुमार्गबाट हटाउनाका निमित्त सल्लाह दिंदा उल्टो लात खानुपरेकोले साह्रै खिन्न भए । अन्त्यमा राक्षसकुलको कर्तबाट कल्याण नहुने देखी उनले रावणसँग फेरि एक पटक फर्केर भने– "महाराज ! मेरो कुरा नसुनी तपाईंले मलाई उल्टो लात दिनुभयो, तर मेरो वचन पछि तपाईंलाई गला लाग्नेछ । तपाईंको कल्याण होस् । म तपाईंका आज्ञानुसार आज उनै भक्तवत्सल शरणागतिप्रतिपालक रामचन्द्रका शरणमा जान्छु । म बस्नाले लंकेश्वरको अकल्याण हुन्छ भने चरणमा मेरो अन्तिम दण्डवत् छ, म बिदा भएँ ।"

यति भनेर आफ्ना चार मन्त्रीलाई साथमा लिई विभीषण राम चन्द्रका शरणमा आए । रामचन्द्रले पनि सहसा आफ्नो शरणमा आएका विभीषणलाई आदरपूर्वक नगीचमा राखी उनको वृत्तान्त सोध्नुभयो । विभीषणले पनि भक्तिपूर्वक रामचन्द्रका पाउमा प्रणाम गरी आफ्नो वृत्तान्त बताएर भने– "कृपानिधान ! मेरो शरण लिनुहोस् । हजूरको हरएक तरहबाट सेवा गर्नामा तयार रहनेछु । म हजूरको दास हुँ । वैरीको भाइहो, पछिबाट मलाई यसले धोका देला भन्ने शङ्का ममाथि नरहोस् ।"

विभीषणको यस्तो कातर प्रार्थना सुनेर यिनलाई लिनाले मेरो कल्याणै हुनेछ भन्ने विचार गरी शरणागतवत्सल रामचन्द्रले उनलाई स्वीकार गरेर भन्नुभयो–"भयातुर विभीषण ! मैले तिम्रो शरण लिएँ, रावणको डर नमान । केही दिनमा रावणलाई मारेर लङ्काको राज्यसमेत म तिमीलाई नै दिला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिलाउँला ।" यस्तो श्रीरामको प्रतिज्ञा सुनेर विभीषण बहुतै हर्षित भएर त्यस दिनदेखि रामचन्द्रकै साथमा रहन लागे ।

यहाँपछि रामचन्द्रले नल, नील, सुषेण आदि वानरद्वारा समुद्रमा पुल बांध्नुभयो । सो तयार भएपछि त्यसैबाट वानरको सारा फौज अगाध समुद्रलाई पार गरी लंका शहरमा पुग्यो । त्यस वेला हामी अब लंकामा आइपुग्यौं भन्ने ठानेर सारा वानरहरू प्रसन्न हुन लागे । तिनीहरूको आनन्दको कोलाहलले सारा लंकालाई गुञ्जायमान गरायो । वहाँका राक्षसहरूले रावणका अगाडि गएर असंख्य वानरको फौजका साथ रामचन्द्र समुद्र तरी लंकामा आइपुगेको समाचार सुनाए ।

अब रावणको चित्तमा घबराहट पैदा हुन लाग्यो । उसले आफ्ना मन्त्रिमण्डललाई जम्मा गरेर भन्यो–"भाइहो ! यो बडो लज्जाको कुरा छ कि ऐश आराममा आसक्त र प्रमत्त भएका तिमीहरूले बढ्न लागेका शत्रुको गति रोकेनौ, अगाडि नै दोष निवारण गर्ने उपाय कुनै भारादारले मलाई बताएनौ, फेरि तिमीहरूले आफ्नो नूनको सोझो गरेनौ ।" यो सुनेर वीर इन्द्रजितले भन्यो–"महाराज ! हामीलाई वनचारी वानरदेखि के डर ! जसदेखि देवता पनि डराउँछन् उनलाई वानर र मानिसको डर कसरी होला ! हामी सहजैमा वानरको सैन्यको ध्वस्त गर्न सक्तछौं, त्यति जाबो कुरामा हजूरले त्यहाँ-सम्मको सन्देह मानिबक्सनुपर्दैन ।"

यसपछि फेरि सभाको बीचबाट उठेर अतिकाय भन्ने बुद्धिमान राक्षसले रावणसित "सीताको त्याग गर्नुहोस्" भन्ने प्रार्थना गऱ्यो, तर अभिमानी रावणले त्यसका वचनमा वास्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राखेन । उसले उत्तिखेरै शुक र सारण भन्ने दुई राक्षसलाई रामका फौजको गुप्त हाल ल्याउनू भनी पठायो, तर ती दुवै गुप्तचर वानरका छाउनीमा पक्रिए र अन्त्यमा श्रीरामले दया गरी दुवैलाई छोडिदिनुभयो । त्यहाँबाट आएर ती दुई गुप्तचरले रावणलाई असंख्य वानरसैन्यको व्यवस्था आदि सब बताए, फेरि रामचन्द्रको दयालुपनको पनि वर्णन गरे, श्रीरामचन्द्रले आज्ञा गर्नुभएको कुरा अर्थात् "हे रावण ! तैंले जुन पुरुषार्थको भरोसामा मेरी महारानीको अपहरण गरिस्, त्यो पुरुषार्थ र सो बल देखाउने समय यही हो, आफ्ना सारा फौज लिएर युद्धमा अग्रसर हो" भन्ने कुरा पनि सुनाए ।

श्रीरामचन्द्रको यो सन्देश सुनेर रावणले आफ्ना अफिसरहरूलाई जम्मा गऱ्यो । यसै वेला रावणको बूढो मन्त्री माल्यवान्ले उसलाई भन्यो–'हे लंकेश्वर ! राजाले सधैं हितवादी पण्डितहरूको वचन सुन्नुपर्दछ । मैले हजूरको धेरै कालदेखिन् सेवा गरेको छु । हजूरको कल्याणमा नै मेरो पनि कल्याण छ । म हजूरैको शुभचिन्तक हुँ । मेरो विचारमा अहिले राम हजूरभन्दा धेरै वलिया छन् । अहिले उनीसंग सन्धि गर्नु नै योग्य छ । रामको धर्म पक्ष र हजूरको अधर्मपक्ष छ । सज्जन र धर्मात्माहरू रामको विजय चाहन्छन् । यस वेला रामसंग लडाइँ गर्न कदापि उचित पर्दैन कि भन्ने ठान्दछु, हजूर विवेकी हुनुहुन्छ, यसमा पूरा विचार गर्नुहोस् ।" माल्यवान्का वचन सुनी रावण क्रोधले पूर्ण भएर उसलाई भन्न लाग्यो-"हे माल्यवान् । तिम्रो सत्व केही रहेनछ । अब तिमी ज्यादा बूढा भइसकेछौ । यसैले आजकल तिमी कुनै कुराको पनि निर्णय गर्न सक्तैनौ । अहिले तिम्रो परामर्श मलाई चाहिँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जाऊ, घरमा राम्ररी बसेर बराबर हाम्रो जितबाजीको समाचार सुने ।" यति भनेर किल्लाको रक्षाका निमित्त रावणले अफिसरहरूलाई खटायो ।

यता समुद्र तरेका दिन सारा फौज लंका बाहिरै बस्यो । भोलिपल्ट रामचन्द्रले सुग्रीव, अङ्गद, हनुमान् आदि वीर वीर वानरहरूसँग कर्तव्य कुराको सल्लाह गर्नुभयो । त्यसमा सबैको यही निश्चय भयो, "पहिले अङ्गदलाई दूत बनाई रावणका समीपमा पठाऔं ! एक पटक उनीले हाम्रो मन्तव्य रावणलाई सम्झाउन् । त्यसमा के जवाब दिंदो रहेछ, अनि जे गर्नुपर्ने गरौंला ।" सबैको रायअनुसार अङ्गदलाई रावणका समीपमा पठाउने निश्चय भयो । उत्तिखेरै रामचन्द्रले अङ्गदलाई भन्नुभयो–'वीर अङ्गद, रावणकहां गएर तिमीले यो कुरा भन–"हामीहरू नभएको वेला पारी तैंले मेरी महारानीलाई ल्याइस्, त्यसको उचित दण्ड दिनालाई म यहाँ आएको छु । अझ पनि तँ सोझो भएर मकहाँ आई शरण पर्दछस् भने म सब तरहबाट तँलाई माफी दिन्छु । मेरी महारानीलाई तुरुन्त लिएर आ । यदि लड्नालाई नै उद्यत छस् भने मेरो हातमा धनु तयार छ । आफ्ना भाइ छोरालाई समेत साथमा लिएर रणभूमिमा उपस्थित हो । पुरुषार्थ छ भने देखाउने समय यही हो ।"

रामचन्द्रको आज्ञा पाउनासाथ युवराज अङ्गदले लंकामा गएर रावणलाई यो सारा सन्देश सुनाए, तर उसले उनका कुरामा तिल मात्र पनि ध्यान दिएन । अङ्गदले सोही कुरा रामचन्द्रका समीपमा आएर विन्ति गरे । त्यहाँपछि सबैलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब रावणसँग नलडी हुँदैन भन्ने पक्का निश्चय भयो र सारा वानरहरू पर्खाल नाघी लङ्कालाई चारैतिरबाट घेर्दै ढोका ढोकामा गई अनेक उपद्रव मच्चाउन लागे ।

सहसा वानरले उपद्रव मच्चाएको देखी रावणले पनि तिनीहरूसँग लड्नाका निमित्त धेरै सैन्य पठायो । दुवै पक्षमा तुमुल युद्ध हुन लाग्यो । यसै वेला सूर्य पनि अस्ताए । केही बेरपछि अन्धकारको छटा सारा युद्धभूमिमा फैलिन लाग्यो ।

रणभूमिमा उठेका धूलाले अलि अलि देखिने ताराहरू पनि ढाकिए । म राक्षस हुँ, म रामको सेवक हुँ, खडा हो, भन्ने वीर सिपहीहरूको ललकार लडाइँमा चारैतिर सुनिन लाग्यो । श्रीरामका शरले काटिएका राक्षसका टाउकाले युद्धभूमि खचाखच भरिन लाग्यो । जता रामका बाणको टङ्कार हुन्थ्यो उताको युद्धस्थल राक्षसशून्य हुन्थ्यो । यस्तो भयंकर संग्राम धेरै बेरसम्म रह्यो । यसै बीचमा बुद्धिमान् इन्द्रजित आफ्ना वीर सिपाहीका साथ रणभूमिबाट भाग्यो । सो भागेको देखी रावणले अनेक कुराबाट उत्साहित गराई फेरि उसलाई लडाइँमा पठाउने काम गऱ्यो । त्यस बेलामा लक्ष्मण र इन्द्रजितको दारुण युद्ध भयो । अतएव उसले अन्त्यमा असंख्य प्रहारले लक्ष्मणलाई घायल गरायो । फेरि रामसँग लडी उहाँलाई पनि युद्धभूमिमा व्यथित गरायो, उहाँपछि ठूलो जयध्वनि गराउँदै इन्द्रजित आफ्नो वासस्थानतिर गयो ।

दुबै भाइ आहत भएर युद्धभूमिमा गिरेको देखी सुग्रीव आदि सारा वानरहरू शोकार्त्त र दीन भए । समुद्रका बीचमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जहाज फुट्ता यात्रीहरूको जे हाल हुन्छ उही हाल उनीहरूको भयो । केही बेरपछि दुःखले व्याकुल भएका सुग्रीवलाई आश्वासन दिंदै विभीषणले भने–"वीर कपिराज ! लडाइँमा हडबडाउन योग्य छैन । वीरहरूका गति दुवै मात्र हुन्छन् । लडाइँमा विजय वा मरण । हे मित्र ! एकछिन पर्खनुहोस् । रामचन्द्र चाँडै नै सचेत हुनुहुनेछ । अहिले तपाईंले ज्यादा शोक गर्दा वानरसैन्य खडबडिएला, त्यसको बचाउ गर्नुहोस् ।" विभीषणका यी वचनले सुग्रीवको मन शान्त गरायो । केही बेरपछि श्रीराम सचेत हुनुभयो र निश्चेष्ट भाइलाई देखेर अनेक प्रकारले विलाप गर्न लाग्नुभयो ।

यसै वेला विभीषण श्रीरामका समीपमा पुगे । उनलाई इन्द्रजित भन्ने ठानेर सारा वानरसैन्य यत्र तत्र भई भाग्न लाग्यो । सैन्यमा उठेको खलबल हटाउनाका निमित्त सुग्रीवले अगाडि बढेर वीर वानरहरूलाई उत्तेजना दिंदै भने–'भाइहो! यी विभीषण हुन् । तिमीहरू कातर जस्ता भएर किन डराउँछौ ! शरीरधारी भएर जन्मेपछि मरण अवश्य हुन्छ । घरमा, वनमा, रणमा, जहाँ भए पनि देहीहरूले एक ठाउँमा पक्का मृत्युवश हुनुपर्दछ ।" सुग्रीवका यी वचनले वानरी सेनामा झन् जोश चढ्न थाल्यो । केही बेरपछि राम लक्ष्मण दुवै भाइ सचेत भए । यो खबर पाउनासाथ राक्षसेश्वर रावण फेरि युद्धको तयारी गर्न लाग्यो ।

यसै बीचमा राम, लक्ष्मण र सारा वानर सैन्यलाई ध्वस्त गराई रावणको जय गराउनका निमित्त धूम्राक्ष र अकम्पन भन्ने रावणका दुई वीर सेनापतिहरू युद्धभूमिमा पालैसङ्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आएर लड्न थाले । उनीहरूका पराक्रमले गर्दा वानरको फौज छितिरबितिर हुन लाग्यो । पहिले धूम्राक्षले र उसपछि अकम्पनले सारा वानरको सैन्यरूपी वन फाँडेको देखी हनुमान् अगाडि बढेर तिनीहरूसङ्ग लड्न लागे । थोरै बेरमा नै उनले एक एक गरी ती दुवै राक्षसलाई चूर्ण पारेर समरमा गिराए । ती दुई गिरेको देखी राक्षसहरू आपनो प्राण हत्केलामा राखेर दौडे ।

यस प्रकारले धूम्राक्ष र अकम्पन एक एक गरी लडाइँमा गिरेको खबर सुनी रावणको क्रोधले भयंकर रूप धारण गर्न थाल्यो । उसले उत्तिखेरै आफ्नो खास दाहिने हात जस्तो वीर प्रहस्तलाई ठूलो सैन्यका साथ रणभूमिमा पठायो । यस पटकको राक्षससैन्यले सारा रणभूमि पूर्ण भयो । राम र रावणको निमित्त प्राण छोड्न तयार भएका वानर र राक्षसहरूको भयंकर लडाइँ पऱ्यो । वानरको सैन्य राक्षसहरूका खड्गमा प्रतिबिम्बित हुनाले हजार गुना ठूलो देखिन्थ्यो । वानरका प्रहारले पीडित भएर पनि अभिमानी राक्षसको सेना संग्रामबाट हटेन । मरेका हात्ती, घोडा र सिपाहीहरूका रगतले ठूला ठूला नदीहरू बग्न थाले । आखिरमा वानरका सेनापति नीलले प्रहस्तलाई मारे ।

सेनापति प्रहस्त मरेपछि समस्त सामन्तहरूका साथ स्वयं रावण लडाइँ गर्न अग्रसर भयो । सो देखी श्रीरामले विभीषणलाई सोध्नु भयो–"हे सौम्य ! अहिले हामीसित लड्न अग्रसर भएको यो को हो ?" रामको यो वचन सुनी विभीषणले भने–'हे प्रभु ? यो ठूलो सैन्य रावणको हो । उनै विश्वविजयी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रावण अहिले तपाईं सित लड्न आउन लागेका छन् ।" यो सुनेर श्रीराम पनि युद्धका निमित्त सन्नद्ध हुनुभयो ।

यस पटक स्वयं राम–रावणको संग्राम प्रारम्भ भयो रावणका तीक्ष्ण शरले वानरको फौज ध्वस्त हुन लागेको देखेर बीचैवाट सुग्रीव रावणका उपर जाइलागे । रावणले पनि तीखा तीखा शरद्वारा सुग्रीवलाई घायल गरायो । सुग्रीव घाइते भएपछि वीर लक्ष्मण रावणसित लड्न अग्रसर भए, तर यसै बीचमा हनुमान् रावणसङ्ग लड्न लागे । रावणले उनमाथि आफ्नो पुरुषार्थ देखाउन बाँकी राखेन । अन्त्यमा हनुमानले रावणका हातको धनुर्वाण ठोक्रो खोसी टुक्रा टुक्रा पारेर फालिदिए । अनि उनीहरु दुईको बाहुयुद्ध (पहल–मानी) चल्यो । त्यसमा रावणले हनुमान्लाई एक मुष्टि प्रहार गऱ्यो । यस प्रहारले हनुमान् एकछिन काँपे । फेरि उनले पनि रावणलाई एक वज्रमुष्टि जमाए । यस वज्रमुष्टिले रावण एकछिन व्याकुल भयो र हनुमान्का वीरताको प्रशंसा गर्न लाग्यो । यसपछि रावणको फेरि नीलसङ्ग युद्ध पऱ्यो । उनी रावणका आग्नेयास्त्रले पीडित भई रणभूमिमा गिरे ।

यसपछि धनुर्धारी लक्ष्मणले रावणलाई आफूसित लड्न हाँक दिए । दुवैको धेरै बेरसम्म लडाइँ भयो । ठूला अस्त्र शस्त्र दुवै तर्फबाट प्रयोग गरिए । यसै बीचमा श्रीराम स्वयं अगाडि सरेर रावणसित लड्न लाग्नुभयो । अब रामबाण रावणका उपर घुम्न लागे । धेरै बेरसम्म युद्ध भएपछि अन्त्यमा श्रीरामले रावणको रथ राम्रैगरी ध्वस्त गराउनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयो, तैपनि रावण वीरताकासाथ लड्दै थियो । त्यसैबीचमा रावणका किरीट र धनु पनि जमीनमा गिरे । यो देखेर श्रीरामले उसलाई भन्नुभयो--"हे राक्षसराज ! लडाइँबाट तिमी थाक्यौ, अब एकछिन घरमा विश्राम गरेर मन्दोदरीसङ्ग केही अर्ती बुद्धि मागी फेरि लड्न आए ।" यो वीरतागर्भित तिरस्कारयुक्त वचन सुनेर पनि रावण लड्न आएन । जुन रावणले कुनै लडाइँमा आफ्नो पीठ फर्काएको थिएन, आज उही वीर रावण रामका अगाडि रहन नसकी मलिन मुख लाएर घरतिर फर्क्यो ।

यसरी आफ्नो गर्व भङ्ग भएको देखी रावण अत्यन्त दुःखी भयो । उसले दरबारमा पुग्नासाथ कुम्भकर्णलाई घोर निद्राबाट उठाउनू भनी सेवकहरूलाई पठायो । कुम्भकर्णको सहायता पाएपछि अवश्यमेव राम लक्ष्मणलाई जित्तछु भन्ने रावणको विश्वास थियो । तर कुम्भकर्ण अत्यन्त निद्रालु हुनाले उसलाई उठाउन बडो कठिन पर्‍यो । अन्तमा धेरै उपायले उसको निद्रा भङ्ग भयो । उठ्नासाथ कुम्भकर्ण आफ्ना दाज्यूकहाँ गएर सम्पूर्ण लडाइँको हाल एक एक सुनी रावणलाई भन्न लाग्यो--"दाज्यैज्यू ! सीता हरेर तपाइँले लंकाको नाश गराउने उपाय गर्नुभएछ । अगाडि-बाटै यसको बचावटका निमित्त मन्त्रणा गर्नु योग्य थियो तर आखिर परिसकेछ, अब मैले के गर्ने ? हुकुम होस् ।" कुम्भकर्णले भनेको यो वचन सुनी रावणले अत्यन्त क्रुद्ध भएर भन्यो--"भाइ ! तिमी वीरव्रतबाट भ्रष्ट भएछौ, नत्र यस्तो कातर वचन तिम्रो मुखबाट कदापि निस्कने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

थिएन । तिमीलाई लड्न मन छैन भने जाऊ फेरि सुत"

रावणको यस्तो वचन सुनी कुम्भकर्णले भन्यो--"अब जे भएपनि भइगयो । लडाइँमा जान तयार भएँ । तपाइं निश्चित्त भएर वस्नुहस् । एकलो कुम्भकर्ण गएर सारा दुश्मनको सेनालाई विध्वस्त पारी आउनेछ ।" यति भनेर एक तिखो त्रिशूल हातमा लिई कुम्भकर्णले रणभूमितिर प्रस्थान गऱ्यो ।

भयंकर शरीर भएको कुम्भकर्णलाई देखेर सारा वानरको फौज पनि खुशी हुँदै लड्न भनी जजमाउन लाग्यो । तर पर्वत समान त्यस राक्षसको शरीरले कोही वानरहरु पिंधिए, कोही उसको श्वासोच्छ्समा परेर पेटभित्रबाहिर गर्नथाले । क्षणभरमानै वीरशिरोमणि कुम्भकर्णले सारा वानरको सैन्यलाई मथन गऱ्यो । धेरै वानर-हरू त्यसका अगाडि अड्न नसकेर भाग्न पनि थाले । फौजको यो अवस्था देखी वीराभिमानी अङ्गदले सारा सैन्यलाई ललकारेर भने– "वीरहो ! के तिमीहरूले यस बेला स्त्री झैं डराएर भाग्नु उचित छ ? यस क्षणविध्वंसी शरीरका निमित्त तिमीहरूले आफ्ने हातबाट अक्षय यश गुमाउन लाग्यौ ! मन दृढ गरेर चाँडै फर्क । शूरहरूको जीवन केवल कीर्तिका निमित्त मात्रको हुन्छ । खड्गै खड्गले खडा सिढीबाट मुक्तिको द्वार खोल्नु वीर पुरुषको कर्तव्य हो । पुण्यवान्‌ले मात्र युद्धमा शरीर फ्याँक्न पाउँछन् । श्रीराम र सुग्रीवका अगाडि तिमीहरूले जो प्रतिज्ञा गरेका छौ सो पनि पूरा गर्नु-पर्छ ।" अङ्गदको यो वीर वचन सुनी सारा वानर-सैन्य फर्केर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि राक्षसहरूका साथ भयंकर युद्ध गर्न लागे।

कुम्भकर्ण अत्यन्त बलवान् र शूर वीर पुरुष हुनाले रणभूमिमा कातरहरूलाई मूढे बलले पेल्दैमा पनि मत्ता हात्ती झैं भारी उपद्रव मच्चाउन थाल्यो। त्यसको त्यो चेष्टा देखेर यस दुष्टले धेरै वानरलाई मार्न भ्याँट्यो भन्ने विचारले रामचन्द्र आफैं लड्न लाग्नुभयो। कुम्भकर्ण पनि आफ्ना सामर्थ्यले भेटेसम्म अनेक शस्त्र अस्त्रको प्रहार गरी धेरै बेरसम्म लड्यो, आखिरमा रामचन्द्रको एक अमोघ वाणका चोटले फेरि नउठ्ने गरी सदाका निम्ति जमीनमा गिर्‍यो।

कुम्भकर्ण मरेको सुनी रावण शोक र सन्तापले अत्यन्त खिन्न भई धेरै विलाप गर्दै भन्नलाग्यो– "मेरो प्यारो भाइ! तिमी विना मलाई संसार शून्य लाग्दछ, तिमी सामान्य मानिसद्वारा मारियौला भन्ने मलाई शंकै थिएन। तिमीले पनि मलाई छोड्यौ भने अब मेरो निमित्त संसार शून्य भयो। अब बाँच्नाको प्रयोजन भएन। भाइ भनेको ठूलो धैर्यको वृक्ष हो। उही पनि गिर्‍यो भने अब मैले बाँचेर के गर्नु?"

रावणको विलाप सुनेर उसको वीर पुत्र त्रिशिरा लड्न तयार भयो। उसका साथमा देवान्तक, नरान्तक महोदर र अतिकाय इत्यादि ठूला ठूला वीर राक्षसहरू पनि अग्रसर भए। तिनीहरूले शरवृष्टि गरेर वानरी सेनालाई यत्र तत्र गराए। राक्षस राक्षसैद्वारा पिधिए। राक्षसहरूले आफ्नो र पराई पनि चिन्हेनन्। अन्त्यमा वालिपुत्र अङ्गदले नरान्तकलाई दलेर मारे। हनुमान्‌वाट देवान्तक र त्रिशिरा दुवै वीर मारिए। नीलले पनि ठूलो पराक्रम गरेर महोदरको बध गरे। त्यहाँ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पछि महोत्साही अतिकाय लड्न तयार भयो । यो बडो धर्मात्मा र बुद्धिमात भनी रावणका दरबारमा प्रख्यात थियो । यसका बाणवृष्टले वानरको फौज अत्यन्त उद्विग्न भयो । यो देखेर स्वयं लक्ष्मण यससँग लड्न अग्रसर भए । दुवैको परस्परमा दिव्यास्त्रै दिव्यास्त्रबाट युद्ध भयो । अन्त्यमा लक्ष्मणका ब्रह्मास्त्रद्वारा यो ठूलो वीर पनि मारियो ।

यसरी थोरै कालमा आफ्ना धेरै अफिसर मरेको खबर सुन्दा अत्यन्त रिसाएर रावणले आफ्नो ज्येठो छोरो इन्द्रजित लाई लाखौं सैन्यका साथ लड्न पठायो । इन्द्रजित खूब वीर र पराक्रमी थियो । उसले तीखा तीखा बाण हानेर धेरै बानर सोतर पाऱ्यो । मेघनादले आफ्नो सैन्यलाई त्यसरी गिराएको देखी लक्ष्मणलाई साह्रै रिस उठ्यो । उनी लाल लाल आँखा गरी धनुको टंकार गर्दै त्यसका अगाडि खडा भए । तिनलाई देखि मेघनादले गर्जेर भन्यो--"हे मूर्ख ! के तं कोशल देशका राजा दशरथको छोरा होस् ? तेरो प्रसिद्ध वीर भ्रातृद्रोही सुग्रीव र विभीषणहरु कहाँ छन् ? यी सबैलाई आज म एक गाँस हालुँला भन्ने इच्छा छ ।जा, चाँडै नै यिनीहरूलाई डाकेर ले । उसमा पनि पहिले ता म दुष्ट विभीषणलाई नै मार्नेछु । त्यो शत्रुपक्षमा गएर मिल्ने राक्षसकुलको शत्रु हो ।"

यति भनेर उसले लक्ष्मणलाई हजारौं तीखा विषालु बाणको प्रहार गऱ्यो । उनले पनि ती बाणलाई आफ्ना बाणले बीचैमा काटेर उसमाथि आफ्ना बाणको वर्षा गराए । त्यसरी लक्ष्मणका बाण आफूतिर आइलागेको देखी उसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि ती वाणलाई बीचैमा काटी अरू वाण थपेर लक्ष्मणको शरीर घायल गरायो। उनी रगतले मुछिएका फुलेको पलाँश जस्ता देखिन लागे। लक्ष्मणले पनि उसमाथि एउटा यस्तो वाण छोडे, जुन लाग्नासाथ उसको पीडा खप्न नसकी मेघनाद जमीनमा पछारियो। त्यसै वेला फेरि चार वाण हानी लक्ष्मणले त्यसका घोडा र सारथीलाई गिराई रथै समेत चूर्ण पारिदिए। यस्तो देखी अब यसले मलाई बाँकी राख्ने छैन भन्ने ठानेर मेघनादले लक्ष्मणलाई वीरघातिनी शक्तिको प्रहार गऱ्यो। त्यस शक्तिको चोटले बिचरा लक्ष्मणजी ढुनमुनिदै जमीनमा गिरी मूर्छित भए। सो देखेर सारा समरभूमिमा हाहाकार हुन लाग्यो। बिस्तार बिस्तार संध्याको समय आएको हुनाले त्यस दिनको युद्ध पनि बन्द भयो।

सबै जना आफ्ना बासमा आएका र लक्ष्मणजी नआएका हुँदा रामचन्द्रलाई उनको विशेष चिन्ता पर्न गयो। बाहिरी अन्धकारका साथै साथ उहाँका मनमा पनि अन्धकारको पर्दा पर्न लाग्यो। केही बेरपछि मूर्च्छित भएका लक्ष्मणलाई आफ्ना पीठमा बोकी हनुमान् रामचन्द्रका अगाडि आइपुगे। उनले मूर्च्छित लक्ष्मणलाई बिस्तारै सुखशय्यामा राखेर सारा दुर्घटनाको वर्णन गरे। भाइको त्यो अवस्था देख्ता रामचन्द्रलाई ठूलो शोक पऱ्यो। वानरहरू पनि रामचन्द्रले शोक गरेको देखी परस्परमा अनेक तर्क वितर्क गर्न लागे। आखिरमा सञ्जीवनी बूटी खोज्नाका निमित्त हनुमान्लाई हिमालयमा पठाउनुपर्दछ भन्ने सबैको निश्चय भयो र श्रीरामले पनि यस कुराको भार हनुमान्लाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिनुभयो

रामचन्द्रको आज्ञा पाउनासाथ हनुमान् हिमालयतिर दौडे। बीचमा विघ्नकारी कालनेमि नामको राक्षसले उनलाई अलमल्याउने यत्न गर्न लाग्यो, यो कुरा बुझेका दूरदर्शी हनुमान्ले उसलाई त्यहीं मारेर सञ्जीवनी बूटी नचिनेका हुनाले हिमालयको एउटा वनस्पतिपूर्ण थुम्को नै बोकेर ल्याए।

यता धेरै बेरसम्म पनि हनुमान् नआइपुग्दा लक्ष्मणलाई बचाउने अर्को उपाय केही नदेखी शोकले व्याकुल भएका रामचन्द्र यसरी विलाप गर्न लाग्नुभयो–

बित्यो रात आधा हराए कपीश,
अहो ! भाइको यो दशा भै रहेछ ।।
सहूँ हा ! बिपत् के गरी आज यस्तो,
गयो भाइ ! तिम्रो कहाँ शील उस्तो ! ।।१।।
म भन्दामहाँ नै सबै छोडिआयौ,
परे धेर आपत् ठूलो कष्ट पायौ ।।
अघि प्रेम तिम्रो ममार्थी थियो जो,
हरे ! आज भाई ? सबै त्यो कहाँ गो! ।।२।।
छुट्यो देश, सीता हर्‍यो रावणैले,
तिमी लोटिहाल्यौ, कहाँ जानु मैले ।
अभागी रहेछू बडो दुःख पाएँ,
सबै जीवनाधार मैले गुमाएँ ।।३।।
ढल्यौ आज भाई ! तिमी प्राण जस्ता,
कतै छैन यो रामलाई सुबिस्ता ।।
अयोध्याविषे के गरी फर्किजाउँ !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुमालाई वाहाँ म केले बुझाउँ ! ।।४।।

यस्ता प्रकारसङ्ग रामचन्द्रले विलाप गरेको देखी सुग्रीव आदि सारा वानरहरू पनि आँसुका धारा बगाउन लागेका थिए। यसै वेला सहसा हनुमान्‌ले एक पर्वतको थुम्को नै ल्याएर रामचन्द्रका अगाडि राखिदिए । त्यसबाट झटपट मृतसञ्जीवनी बूटी झिकी सुषेण भन्ने एक वानरवैद्यले लक्ष्मणका नाकमा सुँघाइदिए । त्यसको गन्ध पाउनासाथ "दुष्ट राक्षस ! तँ कहाँ भाग्छस् ? पर्खी" भन्दै लक्ष्मणजी उठे ।

लक्ष्मण उठनासाथ वानरका सैन्यमा हर्षको कोलाहल उठ्न लाग्यो। त्यस आनन्दमा वानरहरू परस्पर अंकमाल गर्न लागे। कति प्रफुल्लित वानरहरू सुग्रीवको आज्ञानुसार रातारात राँको लिएर लङ्कामा पसी आगो लाउन थाले। त्यस आगोले गर्दा ठूला ठूला महलहरू भस्म भए। अग्निले प्रदीप्त सारा लङ्का समुद्रका तटमा सुवर्णको पहाड जस्तो देखिन लाग्यो ।

वानरहरूका उपद्रवले गर्दा राक्षसराज रावणको रिस दुगुना भयो। उसले कुम्भकर्णका छोरा कुम्भ र निकुम्भलाई रातिमा नै केही राक्षसी सैन्यका साथ लड्न पठायो। ती दुवै वीरसङ्ग वानरी सेनाको घनघोर संग्राम भयो। अन्त्यमा सुग्रीवले कुम्भलाई र हनुमान्‌ले निकुम्भलाई रणभूमिमा गिराए ।

यसपछि, खरको पुत्र मकराक्ष भन्ने वीर राक्षस शरका धाराले वानरको पल्टनलाई छितिरबितिर गर्दै रणभूमिमा श्रीरामका अगाडि उपस्थित भयो। श्रीरामले पनि त्यस राक्षसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरवृष्टि रोकेर त्यसको सारथि र धनुलाई काटिदिनुभयो। त्यस राक्षसले रामलाई हानेको त्रिशूल पनि व्यर्थ भयो। अन्त्यमा श्रीरामले आग्नेयास्त्रद्वारा त्यस राक्षसको वध गर्नुभयो।

मकराक्ष मरेपछि कपटी इन्द्रजित फेरि लड्न भनी आयो। यस लडाइँमा बीचमा उसले मायामयी सीता बनाएर उनलाई आफ्नो तरवारले दुई टुक्रा गरायो। यो देखेर सारा वानरहरू शोकले विह्वल भए, एकछिनसम्म ता श्रीराम पनि यो दशा देखेर मूर्च्छित हुनुभयो, तर विभीषणले उहाँलाई यो राक्षसी छल हो भनी सम्झाएर उहाँको शोकवेगलाई हटाए।

यसै बीचमा इन्द्रजितले लडाइँमा अजेय हुनलाई होमको आरम्भ गऱ्यो। सो बुझेर विभीषणले रामलाई सो होमको प्रयोजन बताए। श्रीरामले पनि तुरुन्त त्यस राक्षसको यज्ञविध्वंस गरेर त्यससङ्ग लड्न भनी फेरि लक्ष्मणलाई नै पठाउनुभयो। लक्ष्मणले अनेक उपद्रव मच्चाई त्यस राक्षसको यज्ञमा विघ्न पारे।

मेघनाद अघि लक्ष्मणलाई गिराइआएको हुनाले मैले ठूलो काम गरें भन्ने घमण्डमा मस्त थियो। यसउसले फेरि लक्ष्मणलाई आफ्नो सामने आएको देखी केही राक्षस सैन्यका साथ त्यो रणभूमिमा उपस्थित भई अनेक फूर्ति देखाउँदै भन्न लाग्यो– "हे लक्ष्मण ! ज्यानको आशा छ भने अहिल्यै भागेर जा, छैन भनें आफ्नो बल पुरुषार्थ देखाएर मसङ्ग लड्। अघि भर्खर मेरा हातको चोट खाएको बिर्सेर फेरि आइस् ? तेरो जीवन आजैसम्मको रहेछ। अब होश राख्, अवश्य तेरो जीवनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा चरणको धक्का लानेछ ।"

यसरी इन्द्रजित कड्केको सुन्दा लक्ष्मणको छाती क्रोधले बल्न थाल्यो । उनले पनि झट अगाडि सरेर भने-"हे राक्षस ! धेरै फूर्ति देखाउनाले मात्र के हुन्छ ! कुम्भकर्ण यस्तै फूर्ति देखाउँदा देखाउँदै मर्‍यो । अरू पनि धेरै राक्षसहरूले प्राण छोडे । आज तेरो पनि यही हाल हुनेछ ।" यति भनेर लक्ष्मण उसमाथि बाणको वृष्टि गर्न लागे । अघि आफूलाई गिराएको सम्झी उनी क्रोधले त्यस वेला पूर्ण थिए । यसकारण उनी बाण पनि भयंकरै हान्दथे । निमेषभरमा उनले इन्द्रजितको शरीर छिया छिया पारे । इन्द्रजितले पनि उनलाई रक्तमय गरायो । यस्ता प्रकारसङ्ग दुबै वीर धेरै बेरसम्म लडे । पछि लक्ष्मणले एक अमोघ बाण हानेर इन्द्रजितलाई गिराइदिए । त्यस चोटले गर्दा त्यो उठ्न पनि सकेन । रावणपुत्र इन्द्रजित गिरेको गिर्‍यै भयो भनी राक्षसहरू छाती पिट्तै भाग्न थाले ।

यसरी मेघनाद मरेको देख्ता वानरहरू हर्षले कोही नाच्न कोही कुद्न र कोही उफ्रन लागे । श्रीरामका सारा फौजमा आनन्द फैलियो, उता महाप्रतापी इन्द्रजित लडाइँमा मरेको सुनी रावण अत्यन्त शोकाकुल भएर विलाप गर्दै मूर्छित भयो । केही बेरपछि होश हुनासाथ क्रोधपूर्ण स्वयं रावण इन्द्रजित वधको मूल कारण सीता नै हो भन्ने सम्झेर उहाँलाई मार्न भनी अशोकवाटिकातिर दौड्यो ! यसै बीचमा वृद्ध राक्षस सुपार्श्वले "सत्वसाली हजूर जस्ता पुरुषले स्त्रीवधमा उद्यत हुनुहुँदैन, बरु यसको मूल कारण रामलाई नै चाँडै सिध्याउनुपर्दछ" भन्ने इत्यादि कुराले सम्झाई रावणलाई त्यस क्रूर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्मबाट हटायो ।

सुपार्श्वको हितवचन सुनेर रावणले अब अरूबाट केही भएन, आफै जान्छु भन्ने विचारले कवच र शस्त्रादिले सुसज्जित भई रथमा चढेर रणभूमितिर प्रस्थान गर्‍यो। उहाँ पुगेर उसले खूब उच्च स्वरसङ्ग गर्जंदै भन्यो–"कोशल देशका राजकुमारहरू कहाँ छन् ? हनुमान् सुग्रीव आदि वानर कता गए ? कुलाङ्गार विभीषण कहाँ छ ? लौ आओ, तिमीहरूको संहार गर्न त्रैलोक्यविजयी रावण आइपुग्यो ।"

यति भनेर रावण वानरहरूमाथि वाणको वर्षा गर्न लाग्यो। त्यस वाणवृष्टिमा परी कँयौं वानरहरू मरे; कोही भाग्न लागे। कोही पछारिन लागे। कोही आकुल व्याकुल भएर छटपटाउन लागे। यस्ता प्रकारले आफ्नो सेनालाई छिन्न भिन्न गराएको देखेर रामचन्द्र आफै अघि सरी रावणसङ्ग लड्न लाग्नुभयो। पहिले रावणले खूब फूर्तिसाथ रामचन्द्रका शरीरमा वाणका धेरै घाउ गरायो। पछि रामचन्द्रले पनि फूर्तिसाथ रावणका शिरलाई भकुण्डो फ्याँके ऊँ काट्तै फ्याँक्तै गर्नुभयो। यता रामचन्द्र र रावणमा त्यस्तो युद्ध भइरहेको थियो, उता अरू वानर र राक्षसहरूमा पनि तुलुम संग्राम हुनलाग्यो। वीर वीर वानरका हातमा परी धेरै राक्षसहरू मरे, हुँदा हुँदा यस्तो घमासान युद्ध भयो कि दुवैतिरका सेना छिन्न भिन्न भए। आफ्नो बिरानो पनि थाहा हुन छोड्यो। रामचन्द्र र रावणका युद्धको ता बयानै छैन जसको उपमा दिन नपाउँदा बडा बडा कविले पनि भनेका छन् "रामरावणयोर्युद्ध रामरावणयोरिव" अर्थात् राम र रावणको युद्ध राम र रावणैको जस्तो भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आजसम्म त्यस्तो युद्ध कुनै वीर पुरुषको पनि भएको थिएन ।

यसरी लड्दा लड्दा रावणले श्रीरामका उपर यस्तो एक वाण छोड्यो, जुन वाण लाग्नासाथ रामचन्द्र मूर्छित भएर जमीनमा गिर्नुभयो । त्यस वेला विभीषणले नै खपिसक्नु नभई वज्रकठोर गदा उठाई रावणका छातीमा ठोके । आफ्नो भाइले आफूलाई त्यसरो हानेको देख्ता रावण रिसले चूर चूर भएर विभीषणमाथि एक अमोघ वाणको प्रहार गर्न भनी जाइलागेको थियो, यस वेला सहसा मूर्छाबाट ब्युँझनुभएको रामचन्द्रले त्यसका हातको त्यो भयङ्कर शस्त्रलाई एकै वाणले काटिदिनुभयो । फेरि उसको सारथी र घोडासमेतको रथ पनि श्रीरामले चूर्ण पारिदिनुभयो । रामचन्द्रले आफ्नो सारथी, घोडासहितको रथ चूर्ण पारेको देखी रावण झन् रिसाएर लड्न लाग्यो । यसरी युद्ध हुँदा हुँदा आखिरमा रामचन्द्रका एक वाणले गर्दा रावण परमधाममा प्राप्त भयो ।

त्यस्ता प्रकारले रावण मरेपछि सारा राक्षसहरु रणभूमिबाट भागे । वानरहरू रामचद्रको जयध्वनि गर्दै नाच्न र उफ्रन थाले । उता रावण मरे भन्ने सुन्दा अन्तःपुरका सबै स्त्रीहरू पनि मूर्छित भए ।

जस्तै अपराध होस्तापनि भ्रातृस्नेहको जड अति गम्भीर हुन्छ । यसैले आफ्ना दाज्यू विक्रमशाली लंकेश्वरलाई वीरगतिमा प्राप्त भएको देखेर क्षणभरका निम्ति विभीषणलाई पनि वडो शोक भयो । उनी यस तरहले विलाप गर्न लागे--'हा वीरशिरोमणि ! आज मैले के यस्तो देख्नु पऱ्यो ! अघिसम्म अमूल्य कुसुमशयनमा आनन्दपूर्वक रहने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तपाईंको शरीर अहिले यस भूमितलमा गिरेको छ, यी रत्नजडित अङ्गदहरुले भूषित भयका तपाईका लामा लामा बाहु निश्चेष्ट पडिरहेका छन् ., सूर्य जस्ता देदीप्यमान मुकुट पनि जमीनमा पडिरहेका छन् । हाय ! मैले अघि यसो नगर्नुहोस् सीताजीलाई रामचन्द्रका जिम्मा लगाइदिनुहोस् भनी धेरै सम्झाएँथें, सो कुरा नमान्दा आज तपाईंको यो गति भयो । दुर्बुद्धि, प्रहस्त, इन्द्रजित, आदिका दुर्विचारको र तपाईंका निरर्थक घमण्डको परिणाम आजै पूर्ण भयो । तपाईं नै यस भूतलमा गिर्नुभयो भने अब निःसत्व प्रजाको के बाँकी रह्यो । हाय ! रामचन्द्ररूप प्रचण्ड पवनका वेगमा परेर राक्षसराज्वृक्ष असमयमै ढल्यो, सारा राक्षसकुल अनाथ भइ रहेछ । हा वीर भ्राता ! यस विभीषणलाई भ्रातृविहीन गरी तपाईं कहाँ जानुभयो ! अब तपाईंलाई म कहाँ पाउँला !"

विभीषणले यसरी विलाप गरेको देखी श्रीरामले आश्वासन दिएर उनलाई भन्नुभयो– "भ्रातृभक्त विभीषण ! अझ पनि तिमीलाई दाज्यूका उपरको प्रेम छुटेको छैन ? अघि उनले दिएको लातको चोट बिर्स्यौ ? अथवा उनलाई शोचनीय सम्झन्छौ भने पनि महापराक्रमी रावणलाई तिमी मरेको नसम्झ । संग्राममा उत्साहपूर्वक प्राण दिने वीरहरू शोचनीय हुँदैनन्; उनीहरू अमरपदवीमा पुग्दछन् । यो कुरा विचार गरेर तिमी यस शोकको परित्याग गर । अहिले शोक गर्ने वेला छैन । नीतिपूर्वक प्रजाको पालन गर्नु पर्दछ । यसकारणले अब वीरगतिमा प्राप्त भएका दाज्यूको सस्कारादि कर्म गर । अन्तःपुरका राजपरिवारहरूलाई पनि सान्त्वना गर । यति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर आफ्नो राजपाट चलाऊ।'

रामचन्द्रले यसरी सम्झाउँदा विभीषणको शोक वेग हट्यो, तर उनलाई अघि गरेका निन्दित कर्महरूको संझना हुनाले, फेरि रावणका उपरको घृणा उठ्न लाग्यो। यसैले विभीषण फेरि श्रीरामसङ्ग भन्नथाले– "हे राघव! धर्मव्रत देखिन् रहित यस क्रूर, निर्लज्ज, कृतघ्न र परदारासक्त दाज्यूको संस्कार गर्न मेरो मन चाहँदैन। उसले गरेका काम सम्झेर उसको संस्कार गर्न यो दिल घृणा गर्दछ। म केही गरे पनि त्यसको यो अन्त्य क्रिया गर्न अग्रसर हुन्न।"

विभीषणको यस्तो विचार बुझेर श्रीरामले उनलाई फेरि भन्नुभयो– "धर्मज्ञ विभीषण! आफ्नो शत्रु ठूलो अथवा दीन होस् तापनि मरेपछि उसमाथि राग द्वेष गर्नु हुँदैन। गुणी हुन् अथवा निर्गुणी हुन् यदि ती आफ्ना पदबाट भ्रष्ट भएका आफ्ना जाति रहेछन् भने तिनीहरूको उचित क्रिया र तिनीहरूका दुःखमा तिमीले सहानुभूति गर्नै पर्दछ। यस उसले तिमी आफ्नो दाज्यूको कुलोचित संस्कार गर। मरेका दाज्यूसित रिस गर्नु योग्य हुँदैन। यिनको दाहादि संस्कार गर्नु तिम्रो कर्तव्य छ, यस्ता कुराले तिमीलाई शोभा दिँदैन।" श्रीरामका यस्ता युक्तिपूर्वकका वचनले विभीषणको चित्त बुझ्यो। उनी आफ्ना दाज्यूको दाहादि संस्कार गर्न गए।

त्यहाँपछि रामचन्द्रले आफ्ना भाइ र बुद्धिमान् सुग्रीव आदि वानरलाई बोलाएर भन्नुभयो– "हे वीरहो! तिमीहरूको सहायताले गर्दा आज मैले रावणलाई मारें। अब अघि विभीषणलाई लङ्काको राज्य दिउँला भनी मैले गरेको प्रतिज्ञा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूरा गराउनु पर्दछ । त्यस कामलाई म जाउँ भने पिताजीको आज्ञाले चौध वर्ष नपुगी मैले शहरमा पस्नु हुँदैन । तसर्थ तिमीहरू लङ्कामा गएर चारै समुद्रका जलले अभिषेक गरी विभीषणलाई लङ्काको राजगद्दीमा बसाओ ।"

रामचन्द्रको आज्ञा पाएर वानरहरूका सरदारहरू लङ्कामा गई विभीषणलाई ठूलो उत्सवका साथ राजगद्दीमा बसाली आए । त्यस दिनदेखिन् लडाइँमा बाँकी रहेका राक्षसहरू सबैले विभीषणलाई राजा माने । विभीषण बडा धर्मात्मा थिए यसैले उनका दुनियाँ राक्षस पनि धार्मिक हुँदै गए । किनभने 'यथा राजा तथा प्रजा' अर्थात् जस्तो राजा हुन्छ दुनियाँ पनि उस्तै हुँदै जान्छन् ।

त्यहाँपछि रामचन्द्रको शासनअनुसार हनुमान्‌ले सरासर लङ्कामा प्रवेश गरेर सीताजीलाई रावणबधादि विजयवृत्तान्त बताए। सो कुरा सुन्दा सीताजी अत्यन्त खुशी हुनुभयो । उहाँको मनको शोक पनि सबै गयो । सीताजीले त्यतिका दिनसम्मको दुःख पनि एकै छिनमा बिर्सनुभयो । सीताजी यसरी खुशी भएको देखी वीर हनुमान्‌ले उहाँसँग निवेदन गरे– "देवी ! रामचन्द्रबाट हजूरको खबर लिएर आऊ भन्ने आज्ञा पाएर यहाँ आएको हुं । हजूरलाई प्रसन्न देख्ता मलाई सय गुना हर्ष भइरहेको छ । अब उहाँ गएर यही कुरा श्रीरामचन्द्रसंग विन्ति गर्दछु ।" यति भनी हनुमान् फर्कन लागे । उसै अवसरमा सीताजीले उनलाई भन्नुभयो– "हनुमान् ! अब जसरी हुन्छ चाँडै मलाई रामचन्द्रका समीपमा पुऱ्याउने काम गर । रामचन्द्रको दर्शन पाउनामा मैले एक छिन पनि पर्खनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नपरोस् ।" सीताजीले यति भनेपछि हनुमान् त्यहाँबाट बिदा भए ।

यसरी सीताजीको खबर लिई आएर हनुमान्ले सबै कुरा श्रीरामका समीपमा जाहेर गरे । रामचन्द्रले पनि उसै वेला सीताजीलाई लिएर आऊ भनी हनुमान् विभीषणादिलाई फेरि पठाउनुभयो । उनीहरूले स्नानादि कृत्यले र उत्तम उत्तम वस्त्र र गहनाले शोभायमान गराई सीताजीलाई पालकीमा राखी लङ्काबाट लिएर आए ।

त्यस वेला हामीले महाराज रामचन्द्रकी धर्मपत्नी सीताजीको दर्शन गर्नु बढिया छ भनी बाटेदेखिन् घेरै वानरहरू पछि लागेका थिए, तर सीताजी पालकीमा पर्दाभित्र बस्नु भएकोले उनीहरूलाई उहाँको दर्शन गर्ने अवकाश मिल्दैनथ्यो । आफ्ना फौजको त्यो आशय बुझेर रामचन्द्रले सीताजीलाई पैदलै ल्याउनू, सबैले हेर्न पाऊन् भन्ने आज्ञा दिनुभयो । सोही आज्ञानुसार सीताजी पैदल हिंड्न लाग्नुभयो । सबै जनाले उहाँको दर्शन पाए ।

सीताजी आउनासाथ ससंभ्रम रामचन्द्रका पाउमा दण्डवत् गरी उहाँका नगीच गएर बस्नुभयो ! यसै अवसरमा त्यहाँ भए जति वानर र राक्षसहरूले सीतारामको दर्शन पाए ।

यति भएपछि श्रीरामचन्द्रले सीताजीका मुखमा हेरेर भन्नुभयो- "सीता ! मैले विभीषणलाई लङ्काको राज्य दिउँला भनी प्रतिज्ञा गरेको थिएँ, सो आज पूरा भयो । तिमी पनि राक्षसको बन्धनबाट छुट्यौ । अब तिमी जहाँ मन लाग्छ उहाँ जाऊ । किनभने, यतिका दिनसम्म राक्षसका घरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहेकी तिमीलाई म फेरि कसरी लिउँ ? त्यसो गर्नाले मलाई इक्ष्वाकुवंशी राजकुमार भएर पनि राक्षसले हरी लगेकी स्त्रीलाई फेरि लियो भनी लोकले निन्दा गर्नेछ । यसकारणले म यो लोकविरुद्ध काम गर्दिनँ ।”

रामचन्द्रका पूर्वोक्त वचन सुन्दा सीताको मुख मलिन भयो । उहाँले जवाब पनि केही दिन सक्नु भएन । त्यस वेला सीताको मनमा यस्तो पर्‍यो कि अब मलाई लिनाले रामचन्द्र-लाई लोकनिन्दा हुन्छ भने मैले यस संसारमा रहेर केही काम छैन । यो विचार गरेर सीताजीले दाउरा मगाई चिता तयार गर्न लाउनु भयो । जब आगो बल्न लाग्यो अनि सीताजीले त्यही चितामा प्रवेश गर्नु भयो, परन्तु निर्दोष पतिव्रता सीता-जीलाई अग्निले केही गर्न सकेनन्, सीताजी झन् झन् प्रकाश-मान हुनुभयो ।

यस्तो प्रत्यक्ष प्रमाण पाउँदा त्यहाँ आएका सारा ऋषिमुनिहरूले श्रीरामका अगाडि भने– “सीताजीको केही दोष छैन । आजसम्म उनले आफ्नो पातिव्रत्य धर्मलाई छाडेकी छैनन् । यसकारण तपाईंले सीताजीलाई त्याग गर्नु हुँदैन, लिनैपर्दछ । यसमा हाम्रो पूरा विश्वास छ ।” यस्तो सबैको सम्मति पाएपछि रामचन्द्रले सीताजीलाई ग्रहण गर्नु भयो ।

त्यहाँपछि रामचन्द्रले सुग्रीव आदि वानरहरूलाई बोलाएर भन्नुभयो–“कपीश्वरहो ! तपाईंहरूको सहायता पाएर मैले रावणलाई मारें, प्राणप्रिय सीताजीलाई पनि पाएँ । मेरा निमित्त तपाईंहरूले आजसम्म ठूलो कष्ट सहनुपर्‍यो । यसमा ममाथि क्षमा राख्नुहोला । अब तपाईंहरू आफ्ना घर गएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विरहव्याकुल परिवारलाई आनन्द गराउनुहोस् ।"

रामचन्द्रका यस्ता वचन सुनी सबै वानरहरूले श्रीराम-सँग प्रार्थना गरे–"विजयी राम ! हामी सबैलाई अयोध्यामा हजूरको राज्याभिषेकोत्सव हेर्ने अभिलाषा छ । हजूरले हाम्रो उत्कण्ठा पूरा गराउनुपर्दछ ।" वानरहरूको यस्तो वचन सुनी श्रीरामचन्द्रले खुशीसाथ उनीहरूलाई अयोध्या लैजाने निश्चय गर्नुभयो ।

यसै बीचमा रामभक्त विभीषणले लंकाबाट पुष्पक विमान लिएर आए । त्यो अति विचित्र र सबै सुखका सामग्रीले सुसज्जित थियो । कोठा, बैठक, बगैंचा, अन्नजल, फलफूल, उत्तम उत्तम वस्त्र आदि सबै चीज त्यस विमानमा तयार थिए, त्यो विमान ठूलो हुनाले धेरै मानिस बस्न लायक फराक ठाउँ पनि थियो । त्यो सारा सुनै सुनले बनेको र बीच बीचमा बहुमूल्य रत्नादिले जडिएको हुनाले सबैलाई अत्यन्त राम्रो लाग्दथ्यो । त्यस आकाशगामी विमानमा पहिले सीता र लक्ष्मणसहित श्रीराम चढ्नुभयो, अनि अरू सारा सुग्रीव आदि वानरहरू र विभीषण आदि राक्षसहरू पनि चढे । बिस्तार बिस्तार विमान आकाशमार्गले उत्तर दिशातिर उड्यो ।

बीच बीचमा जति राम्रा ठाउँ विमानबाट देखिन्थे, ती सबैको नाउँ प्रेमपूर्वक सीताजीलाई बताई रामचन्द्रले उहाँको चित्तविनोद गराउनुहुन्थ्यो । केही कालपछि विमान किष्किन्धामा पुग्यो । उहाँ सीताजीले रामसँग आज्ञा मागी सुग्रीवकी पत्नीसँग भेट गर्नुभयो । विमान फेरि त्यहाँबाट उडेर ऋष्य-मूकपर्वतमाथि पुग्यो । उहाँ पनि श्रीरामले सुग्रीबसँगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मित्रता र बालिबध आदि सम्पूर्ण काम यहीं भएको हो भनी सीताजीलाई सुनाउनुभयो ।

यस्तै तरहले गोदावरी नदीमा आफूले गरेको शोक, कबन्धलाई मारेको, रावणले जटायुलाई गिराएको ठाउँ देखाउँदै श्रीराम विमानबाट पंचवटीका उपर पुग्नुभयो । उहाँ श्रीरामले आफ्नो अघिको पर्णशाला र गोदावरी नदीको वर्णन गर्दैमा विमान चित्रकूटमा पुग्यो । त्यहाँ पनि आफूलाई भरतले फर्काउन आएको कुरा श्रीरामले सीताजीलाई संझाउनुभयो । यमुनाको तीरवर्ती भरद्वाजका आश्रममा पुगेपछि श्रीराम विमानबाट उत्रनुभयो ।

मुनिवर भरद्वाज आफ्ना शिष्यका साथ अग्निहोत्र कर्ममा लागिरहेका थिए । उनलाई देख्नासाथ श्रीरामचन्द्रले सादर प्रणाम गर्नुभयो । केही बेरपछि उहाँले मुनिसँग अयोध्यातिरको खबर सोध्नुभयो । त्यो सुनी भरद्वाजले भने–"हे रामचन्द्र ! अयोध्याको खबर सबै बेश छ । भरतले राम्रा तरहले प्रजाको पालन गरेका छन्, तर उनी रात दिन हजूरैलाई सम्झिरहन्छन् । उनी शहरबाहिरैबाट गुरु र मन्त्रीहरूका सल्लाहले हजूरका खराउको आधारमा राजकाज चलाई बसेका छन् । चौध वर्ष पूर्ण भएका दिन हजूरको दर्शन पाएनन् भने उनी प्राण त्याग गर्ने छन् । यस्तो उनको दृढ प्रतिज्ञा छ । यसकारण अब तपाईंले पनि ढीलो गर्नु उचित छैन । चाँडै नै अयोध्यामा गएर भक्त भरतलाई र सारा अयोध्यावासीहरूलाई आफ्नो दर्शनले सानन्द गराउनु नै तपाईंको मुख्य कर्तव्य छ । सबै सवारी कहिले फिर्ला भनी उत्सुक भइरहेका छन्, अब चौध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्ष पुग्नालाई पनि एक दुई दिन मात्र बांकी छ।"

भरद्वाजका यी कुरा सुनेर श्रीरामले भन्नुभयो- "मुनीश्वर! तपाईंको आज्ञा सत्य हो। मेरो मनमा पनि यही लागेको थियो। जसरी भए पनि भोलि म अयोध्यामा अवश्य पुग्दछु। यति भनेर रामचन्द्रले फेरि हनुमान्तिर फर्की भन्नुभयो- "महावीर! तिमी अहिल्यै श्रृङ्गवेरपुरको बाटो गरी गुहजी-लाई म आएको खबर देऊ र अयोध्यामा जाऊ। उहाँ भरत-लाई भोलि सुग्रीव विभीषण आदि सैन्यका साथ म आइपुग्ने छ भन्ने खवर सुनाएर उहाँको पनि हाल खवर सबै बुझेर आए। कदाचित् तिमीलाई यहीं बस भनी भरतले फर्कन दिएनन् भने उहीं बस्नू। हामी सब भोलि तिम्रो पछि पछि आइपुग्नेछौं।"

यस्तो रामचन्द्रको आज्ञा पाएर हनुमान्जी त्यहाँबाट श्रृङ्गवेरपुरमा पुगे। उहाँ उनले गुहजीसँग भेट गरेर उनलाई रामचन्द्रको हाल बताए। त्यताबाट फेरि हनुमान् अयोध्या-बाहिरको नन्दिग्राम भन्ने ठाउँमा पुगे। उहाँ भरत जटा पाली मृगको छाला ओढेर आफ्ना गुरु मन्त्रीहरूका साथ गद्दीमा पूजा गरी राखेका रामचन्द्रका खराउको नगीचैमा बसेका थिए।

जटा बल्कलादि चिन्हद्वारा हनुमान्लाई भरत यिनै हुन् भन्ने निश्चय भयो। तिनको त्यो शान्त भेष देखेर प्रणयपूर्ण भएका हनुमान्ले उनलाई प्रणाम गरी अगाडि सरेर भने- "महाराज! हजूर जुन रामचन्द्रको ध्यान गर्नुहुन्छ उही महात्मा श्रीराम आफ्नो वनवासको प्रतिज्ञा र सकुटुम्ब रावणलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सखाप पारी लक्ष्मण, सीता, सुग्रीव, विभीषण र अरू अनेक वानरसैन्यका साथ हिजो भरद्वाजका आश्रममा आइपुग्नुभयो। यहाँ श्रीरामको भोली सवारी हुनेछ। हजूरलाई आफू आइपुगेको समाचार बताउनाका निमित्त उहाँले मलाई पठाउनुभएको हो।"

हनुमान्का कुरा सुनेर एकदम हर्षले गद्गद भएका भरतजी आसनबाट उठेर उनलाई अङ्कमाल गरी भन्नलागे–"प्रिय वत्स ! यस आनन्ददायक समाचार सुनाएको बदलामा म तिमीलाई के दिउँ ? आज त्यस्तो चीज मसँग छँदै छैन, जुन दिनाले तिम्रो यस उपकारको प्रत्युपकार हुन सकोस्। हेर, दाज्यैज्यूको वनमा सवारी भएको चौध वर्ष भयो। आजसम्म रात दिन उहाँकै चिन्तामा मैले दिन बिताएको थिएँ। आज दाज्यैज्यू फर्केको खबर पाउँदा मलाई कति आनन्द भइरहेछ, यसको सीमा नै छैन। धन्य मेरो भाग्य ! आज तिम्रा मुखबाट यो शुभ समाचार सुन्न पाएँ !" इत्यादि कुरा हनुमान्संग गरेर भरतजीले उत्तिखेरै रामचन्द्र भोलि अयोध्यामा आइपुग्नुहुन्छ, शहर सब सफा गर्नु, ठाउँ ठाउँमा उत्सवहरू पनि गर्नु भन्ने उर्दी दिए।

वनपासबाट फर्केका श्रीराम भोलि यहाँ आइपुग्नुहुन्छ भन्ने समाचार पाएर सारा अयोध्यावासीहरू पनि खुशी भए। दरबारमा पनि यो खबर फैलियो। प्रिय रामचन्द्र सीता र लक्ष्मणका साथ आरामपूर्वक आइपुगे भन्ने हर्षले मुग्ध भएका कौशल्यादि रानीहरू पनि शहरबाहिरै भरत बसेका ठाउँमा आए। उनीहरू दरबारबाट निस्केपछि सारा अयो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ध्यावासीहरू पनि शहरबाट बाहिर आई बाटा बाटामा बसे। त्यस वेला भरतजीको आज्ञानुसार ठाउँ ठाउँमा मंगलोत्सवका बाजाहरू पनि बज्न लागे।

उता रामचन्द्र पनि भरद्वाज मुनिसँग विदा भएर अयोध्यातिर हिंड्नुभयो। बाटामा गुहजी उहाँसँग भेट गर्न आए, उनलाई पनि साथ लिएर श्रीराम अयोध्याका नगीचै आइपुग्नुभयो। त्यसै वेला हर्षका साथ आएका वानरहरूलाई बोलाएर रामचन्द्रले भन्नुभयो–"हेर ! हाम्रो राजधानी अयोध्या यही हो।" रामचन्द्रका यस्ता वचन सुनी सारा वानरहरू अयोध्यातिर हेर्दै खुशीले नाच्न र उफ्रन थाले।

रामचन्द्र कुन वेला आइपुग्नुहोला भनी एकटक गरी भरतजी उतैतिर हेरिरहेका थिए। हेर्दा हेर्दै सीता, रामचन्द्र, लक्ष्मण र सुग्रीव विभीषण आदि फौजले पूर्ण भएको पुष्पक विमान नगीचै आइपुग्यो। त्यो देखी हर्षले लोटपोट हुँदै झटपट भरतजी विमानका संमुख गए। बिस्तार बिस्तार भरतले रामचन्द्र र सीताका पाउमा दण्डवत् गरे। लक्ष्मणले पनि भरतलाई दण्डवत् गरे। यस्तै शत्रुघ्नले पनि राम सीता र लक्ष्मणका पाउमा परी दण्डवत् गरे। यति गरेर रामचन्द्रले भरतमिलापको आनन्द परिपूर्ण गर्नुभयो।

त्यति भएपछि रामचन्द्रले भरत र शत्रुघ्नलाई अङ्कमाल गरी प्रेमले सोध्नुभयो-"भाइ ! तिमी आनन्दसित त छौ ? माताजीहरूलाई आराम छ ? प्रजाहरू निर्विघ्न छन् ? गुरुजी आरामसाथ हुनुहुन्छ ?" यो सुनी भरतले हात जोडेर भने– "दाज्यैंज्यू ! हजूरको आशीर्वादले सब कुशल छौं। आज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हजूरको दर्शन पाउँदा यतिञ्जेलसम्मका कष्ट, शोक, विरह जति अहिल्यै हराए ।"

भरतका कुरा सुनी रामचन्द्र अत्यन्त प्रसन्न हुनुभयो । त्यसै वेला कुलगुरु वशिष्ठ र कौशल्या, सुमित्रा, कैकेयी आदि सब राजपरिवारहरू त्यहाँ आइपुगे । रामचन्द्रले र लक्ष्मणले गुरु र माताहरूलाई दण्डवत् प्रणाम गर्नुभयो । फेरि रामचन्द्रले आफूसँग आएका सुग्रीव, विभीषण, हनुमान् आदि सबलाई यी फलाना हुन्, यी फलाना हुन्, भनी एक एक गरी चिनाउनु भयो । आफूले वनवासमा गरेका कामहरूका सारा वृत्तान्त पनि सबका अगाडि सक्षेपले सुनाउनुभयो । सो सुनी सारा अयोध्यावासीहरू अत्यन्त विस्मित भए ।

त्यहाँपछि रामचन्द्रले सारा वानरहरूलाई साथमा लिई अयोध्याको परिक्रमा गर्नुभयो । उनीहरू पनि अयोध्याको अपूर्व शोभा देखी खुशी भए ।

यति भएपछि वशिष्ठ र मन्त्रीहरूका सल्लाहले रामचन्द्रको अत्यन्त हर्षका साथ राज्याभिषेकोत्सव भयो । उसमा सुग्रीव आदि वानर र विभीषण आदि राक्षसहरूलाई रामचन्द्रले उत्तम उत्तम पदार्थहरूको पारितोषिक दिनुभयो ।

युद्धकाण्ड समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तरकाण्ड ।

राज्यमा अभिषिक्त भएका श्रीरामलाई जयशब्दले अभिनन्दन गर्नाका निमित्त अगस्त्य, विश्वामित्र, असित, भृगु, अङ्गिरा, अत्रि आदि मुनीश्वरहरू राजसभामा उपस्थित भए। श्रीरामले पनि उनीहरूका यथोचित सत्कार गर्नुभयो । अनि श्रीराम र ऋषीश्वरहरूको परस्परमा वार्तालाप हुन थाल्यो । पहिले मुनिवर अगस्त्यले श्रीरामतिर हेरेर भने–"महाराज ! आज हाम्रीलाई मात्र होइन कि तीनै लोकलाई भारी आनन्द भएको छ । कारण, रावण र कुम्भकर्णादि दुराचारी राक्षसहरूको तपाईंले संहार गर्नुभयो । अब ती दुष्टहरूबाट हुने सारा उपद्रवको नामसम्म पनि कतै छैन। रावणादिको वधभन्दा पनि इन्द्रजित–वध बडो आश्चर्यजनक छ । यसले गर्दा सारा देवतावृन्द पनि सानन्द भए ।"

अगस्त्यका कुरा सुनेर श्रीरामले विस्मयपूर्वक सोध्नुभयो–"ऋषीश्वर ! महापराक्रमी रावणादिको वधभन्दा इन्द्रजितको वध प्रशंसनीय हुनाको कारण के हो ? सो कुरा मैले बुझ्न सकिन । विस्तारले आज्ञा भए मनको संदेह हट्नेथियो ।"

श्रीरामको प्रश्न सुनेर आगस्त्यले भने– "महाराज ! उहिल्यै ब्रह्मापुत्र पुलस्त्य ऋषि सुमेरुको प्रान्तवर्ती राजर्षि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तृणविन्दुका आश्रमनेर तप गर्न लागिरहेका थिए । उहाँ प्रतिदिन देवगन्धर्वादिका कन्याहरू पनि गान बजान गर्दै खेल्न आउँथे । दिन परदिन ती कन्याहरूका हाँस-खेलले पुलस्त्यको तपोनियम भंग हुन लाग्यो । एक दिन उनले क्रुद्ध भएर कन्याहरूलाई भने—"आज देखिन् जो स्त्री मेरो आश्रममा आउली त्यो सहसा गर्भिणी होली ।"

ऋषिको त्यो सराप सुनेर ती कन्याहरू अत्यन्त डराए । त्यसै दिनदेखिन् तिनीहरूले त्यहाँ जान छोडे । परन्तु यो कुरा तृणविन्दुकी कन्यालाई थाहा भएनछ र उनी घुम्दै फिर्दै उही पुलस्त्यका आश्रममा आइछन् । यसैले थोरै कालमा उनको देहमा गर्भचिह्न देखिन लाग्यो । राजर्षि तृणविन्दुलाई समेत पुत्रीको त्यो अवस्था ज्ञात भयो । अन्त्यमा उनले छोरी गर्भिणी हुनाको कारण पत्ता लगाएर उनै पुलस्त्यसँग उनको विवाहसमेत गरिदिए ।

केही कालपछि उनबाट विश्रवा नामक पुत्र पैदा भए । उनी पनि बाबु जस्तै सुशील र तपस्वी थिए । विश्रवाको शील स्वभावले प्रसन्न भएका भरद्वाजले आफ्नी कन्या देववर्णिनी उनलाई दिए । ती भरद्वाजकी पुत्रीमा विश्रवाको वैश्रवण नामक सुपुत्र जन्मे । वैश्रवण पनि केही कालसम्म तपस्यामा प्रवृत्त भए । उनको तपस्याले प्रसन्न भएका ब्रह्माजीले उनलाई धनाधीश पदवी दिनुभयो । त्यो पाएर उनी खुशीसाथ आफ्ना पिताजीको समीपमा आए । आफ्ना बाबु विश्रवालाई तपस्याबाट प्राप्त भएको सबै कुरा वर्णन गरेर उनले भने—"पिताजी ! अब कोही हिंसारहित सुरक्षित स्थान पाएदेखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उसमा आनन्दपूर्वक बसेर काल क्षेपण गर्ने थिएँ ।" छोराको यो निवेदन सुनेर विश्रावाले भने–"बाबु ! दक्षिण समुद्रका बीचमा लङ्का नामको एक द्वीप छ । त्यसमा अघि ठूला ठूला विजयी राक्षसहरू बस्तथे, त्यो हालमा शून्य छ । देवताहरूको डरले त्यहाँ रहने सारा राक्षस पातालमा गई बसेका छन् । अब उनीहरूको फर्कने सम्भावना पनि छैन । अहिले लङ्का जस्तो उत्तम नगर अन्यत्र पाउनु पनि कठिन छ ! यसउसले अब तिमी उहीं गएर बस ।"

पिताको यस्तो आज्ञा पाएर वैश्रवण लङ्कामा बसे । उहाँ उनले सारा दिन सुखैमा बिताएका थिए । एक दिन सुमाली नामको राक्षस आफ्नी कैकसी नाउँ गरेकी कन्यालाई साथमा लिएर पृथिवीतलमा आएको थियो । उसले लङ्कामा वैश्रवणको बढदो कला देखेर "अहो ! राक्षसहरूको यस्तो उन्नति अब फेरि कहिले होला ?" भनी विचार गऱ्यो । यो विचार गरेर उसले आफ्नी छोरीलाई भयो–"पुत्री ! तिमी गएर विश्रवा-सँग ऋतुदान माग । त्यसो भए तिम्रा पनि वैश्रवण जस्तै पुत्र जन्मेर राक्षसकुलको गौरव बढाउनेछन् ।"

कैकसीले पिताको उपदेशलाई लज्जापूर्वक स्वीकार गरी विश्रवामुनिको समीपमा पुगेर साँझमा ऋतुदान मागिन् । सन्ध्या समयमा गर्भाधान भएको हुनाले उनका रावण र कुम्भकर्ण नामका भयंकर दुई पुत्र जन्मे । तिनीहरू जन्मना-साथ लोकमा अनेक उत्पात हुन थाल्यो । केही कालपछि फेरि उनले शूर्पणधा नाम भएकी पुत्री पनि पैदा गरिन् । तदनन्तर नीतिज्ञ विभीषण उनबाट जन्मे । यिनीहरू दिन दिन आश्रममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बढ्दै गए। नाना प्रकारका उपद्रव पनि गर्न थाले।

एक दिन वैश्रवण आफ्ना पिताको दर्शन गर्नालाई पुष्पक विमानबाट लङ्काबाट मेरु प्रान्तमा आएका थिए। उनको त्यो उनको त्यो उन्नत अवस्था देखेर कैकसीले आफ्ना पुत्रहरूसंग भनिन्-"बाबुहो ! हेर, वैश्रवणको रवाफ कस्तो छ ? तिमीहरू पनि एकै बाबुका छोरा ह्वौ; तस्मात् तिमीहरू पनि धनाधीश जस्तै प्रभावशाली हुने यत्न गर।"

आमाको कुरा सुनेर त्यस्तै हुने आशाले रावणादि तीनै भाइ उसै दिनदेखिन् तपस्यामा प्रवृत्त भए। पछि उनीहरूले तपस्याबाट आफ्नो शक्ति पनि खूब बढाए। केही दिनमा उनीहरू वैश्रवणलाई लङ्काबाट निकालेर आफै उहाँ राज्य गर्न थाले, दिनपरदिन उनीहरू सर्वत्र विजयी हुँदै गए।

पछि रावणको मन्दोदरी नामकी पत्नीबाट एक पुत्र जन्म्यो। उसले जन्मनासाथ मेघको जस्तो गरेको हुनाले उसको 'मेघनाद' भन्ने नाम रह्यो। त्यो प्रतिदिन बाबु रावण झैं प्रतापशाली हुँदै आयो। केही कालमा उसले इन्द्रलाई समेत जितेर बन्दी गरायो। यसैले फेरि उसको 'इन्द्रजित' भन्ने नाउँ प्रसिद्ध भयो। त्यसलाई कसैले हेर्न पनि सकेको थिएन। यसैले इन्द्रजितको वध अधिक प्रशंसनीय भएको हो।"

रावणादिका पूर्व वृत्तान्त सुनाएर ऋषिहरू आफ्ना आफ्ना आश्रममा गए। श्रीराम पनि प्रसन्नतासाथ राजकाजको निरीक्षण गर्न लाग्नुभयो। उहाँको राज्यप्रवन्ध देख्ता आश्चर्य भएका सुग्रीवादि वानर विभीषणादि राक्षसहरू पनि आनन्दपूर्वक केही दिनसम्म अयोध्यामै बसे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिन रामचन्द्रले सुग्रीवादि सबैलाई भन्नुभयो-"मित्र-वर्ग ! जङ्गलदेखिन् अहिलेसम्म तपाईंहरूले मेरो ठूलो सहायता गर्नुभयो । तपाईंहरूको सहयताले नै मैले सीताजीलाई पनि पाएँ, अहिले पनि पैतृक राजगद्दीमा बसेको छु । यी सब तपाईंहरूका सहायताको फल हो । तपाईंहरूले घरबार छोडेको धेरै दिन भयो । यसकारण आज म सविनय अनुमति दिन्छु, अब तपाईंहरू आपना आपना घर गएर धेरै कालसम्म वियोगले सन्तप्त भएका आपना परिवारको ताप छुटाई आनन्दपूर्वक बस्नुहोस् ।"

रामचन्द्रको यस्तो आज्ञा भयो तापनि प्रेमवश उनीहरूको रामचन्द्रलाई छोडी फर्कने मन थिएन, तर रामचन्द्रको अनुरोधले गर्दा वानरहरू बडो कठिनसँग बिदा भएर आपना आपना घरतिर फर्के । तिनीहरूलाई फर्कने वेलामा रामचन्द्रले अनेक पुरस्कार दिनुभयो । परन्तु हनुमान् श्रीरामचन्द्रका अत्यन्त भक्त र आबालब्रह्मचारी हुनाले सदाका निमित्त रामचन्द्रसँग अयोध्यामा रहन लागे ।

यति भएपछि श्रीरामचन्द्र आनन्दपूर्वक प्रजाको पालन गरी राजकाज चलाउन लाग्नुभयो । त्यस राम-राज्य चलेको समयमा दुनियाँको यो हाल थियो:-

रामले राज्य गर्दामा तीनै लोकविषे सबै ।
थिए प्रसन्न शोकादिहरूबाट विहीन भै ॥
वैरभाव कतै केही थिएन दुनियाँभर ।
राजप्रतापले सारा थिए मित्र परस्पर ॥
वर्णाश्रम स्वधर्मादि वैदिकक्रमले गरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चल्थे रोग विपद्‌बाधा थिएनन् जगतं भरी ।।

यतिमात्र होइन, रामचन्द्रको राज्यमा स्त्रीहरू सबै पतिव्रता थिए। विधवा कोही थिएनन्। छोरा मऱ्यो भन्ने शोक कसैलाई पनि पर्दैनथ्यो। दुर्भिक्षको नाम मात्र कहीं थिएन। चोरी, असत्य, जूवा, मद्य इत्यादि खराब कामको नामतक पनि कसैले जानेका थिएनन्। जहाँ श्रीराम जस्ता धर्मात्मा न्यायी र प्रजारञ्जक राजाले राज्य गरेका थिए उहाँ दुःख शोक, भय उपद्रवहरू दुनियाँलाई किन पर्दथे !

यस्तै तरहले सारा दुनियाँलाई सबै तरहबाट आनन्दित गराएर रामचन्द्र सुखपूर्वक राजकाज चलाई बस्नुभयो।

केही कालपछि सीताजी पनि गर्भिणी हुनुभयो । सो भएको सातौं महीनामा एक दिन रामचन्द्रले कुनै गुप्तचरद्वारा दुनियाँका मुखबाट सीताजीका विषयमा आफ्नो निन्दा सुन्नुभएछ र सो लोकापवादलाई सहन गर्न नसकी श्रीरामले "सीताजीलाई तपोवनमा लगी छोडिआऊ" भनेर लक्ष्मणलाई पठाउनुभयो। उनले पनि दाज्यूको आज्ञा नाघ्न नसकी विलाप गर्दै बडो कठिनसँग गर्भिणी भाउज्यूलाई तपोवनवर्ती वाल्मीकिको आश्रमका निकट लगेर छोडिआए ।

जङ्गलमा एक्लै रोई रोई हिंडेकी सीताजीलाई वाल्मीकिले आफ्ना आश्रममा लगेर छोरी झैं पालिराखे। त्यसको तीन महिनापछि सीताजीले दुई पुत्र पैदा गर्नुभयो। वाल्मीकिले पनि ती दुई बालकहरूको संस्कारादि कर्म सब गरी लव र कुश भन्ने नाउँ राखेर अत्यन्त प्रेमले पाले। उनले तिनीहरूलाई शस्त्रास्त्रविद्या र सम्पूर्ण शास्त्रहरू पनि आफैले पढाए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लव र कुश पनि सो सब विद्यामा पूर्णतया प्रवीण भए । यत्ति मात्र होइन, ब्रह्मर्षि वाल्मीकिले ती दुई कुमारलाई स्वरचित रामायणात्मक आदिकाव्य पनि पढाएका थिए । उनीहरू त्यो काव्य गानका सुरमा मिलाएर समेत गाउन जान्दथे । यसैले गर्दा उनीहरू जङ्गलवासी सम्पूर्ण ऋषिमुनिहरूका अतिशय प्रिय थिए । तिनीहरू ऋषिका आश्रममा जन्मी बढे तापनि चाल-चलन, स्वभाव, आकार आदि सबै कुराले राजकुमार जस्तै देखिन्थे ।

उता एक दिन ऋषिमुनिहरूको मुखबाट रावणको जन्म-कर्मादि वृत्तान्त सुनेर मैले ब्रह्मवध गरेछु भन्ने तापले सो ब्रह्मवधको प्रायश्चित्तका निमित्त श्रीरामचन्द्रलाई अश्वमेघ यज्ञ गर्ने विचार भयो । परन्तु स्त्रीविना त्यो यज्ञ शास्त्रविहित थिएन । त्यस बेला सीताजी वनैमा हुनुहुन्थ्यो । यसकारण सबै गुरु भारदार र मन्त्रीहरूलाई राखी श्रीरामले मन्त्रणा गर्नुभयो । उनीहरूले रामचन्द्रलाई "अर्को विवाह गर्नुपर्छ" भन्ने सल्लाह दिए, तर त्यसमा रामचन्द्रले भन्नुभयो कि "म दोस्रो विवाह सर्वथा गर्दिनँ । सो गर्नाले मेरो एकपत्नीव्रत नष्ट हुन्छ । बरु यज्ञका निमित्त कोही उपायान्तर छ भने बताउनुहोस् । म त्यसमा सहमत छु ।" त्यस अवसरमा वशिष्ठजीले सुवर्णकी सीता बनाउने अनुमति दिए । गुरुको आज्ञानुसार सुवर्णकी सीता साथमा राखेर रामचन्द्र यज्ञ गर्ने यत्नमा लाग्नुभयो ।

अर्कातिर तपोवनमा बसेका दुवै कुमार एक एक ऋषि मुनिहरूका आश्रममा गएर सो काव्यको गान गर्दथे । एक त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मर्यादापुरुषोत्तम महाराज रामचन्द्रको परम पवित्र चरित्र, दोस्रो आदिकवि महर्षि वाल्मीकिको रसपूर्ण कविता, तेस्रो, दुई कुमारले एक स्वर गरो गाएको रसवती मनोहारिणी वाणी यति भएपछि फेरि के चाहियो ! यिनीहरूले गरेका गानको उपमा दिनलाई कोही पनि सक्तनथे । ठीक हो, सुवर्ण र सुगन्धको एकत्र समावेश भएपछि त्यसको उपमा दिन योग्य वस्तु लोकमा के पाइन्छ । अर्थात् यिनीहरूको गान अनिर्वचनीय थियो । जुन समय यी दुई भाई एक स्वर गरी यस काव्यको गान गर्दथे, उस समय मानिस ता के चाहियो सारा पशु पक्षीहरूसमेत मोहित हुन्थे । यति मात्र होइन, यिनीहरूको गान सुन्दा सुन्दै प्राणीमात्र चित्रलिखित जस्ता हुन्थे । यिनीहरूका मनोहर गान सुनेर ऋषिमुनिहरू प्रसन्नतासाथ यिनलाई नाना तरहका पारितोषिकहरू पनि दिन्थे ।

एक दिन महर्षि वाल्मीकि आफ्ना आश्रममा आनन्दपूर्वक बसेका थिए । यसै वेलामा आएर एक राजदूतले उनका करकमलमा महाराज रामचन्द्रको हस्ताक्षर भएको एक पत्र समर्पण गऱ्यो । महर्षि वाल्मीकिले सो पत्र दुई राजकुमारलाई बाँच्न दिए, गुरुको आज्ञानुसार त्यस पत्रलाई लव र कुश दुई कुमारले खोलेर बाँचे । त्यसमा महाराज रामचन्द्रले शिष्यवर्गसहित महर्षि वाल्मीकिलाई निमन्त्रणा पठाएको वृत्तान्त लेखेको थियो । सो सुन्नासाथ महर्षि वाल्मीकिले सम्पूर्ण शिष्यलाई साथमा लिएर हर्षपूर्वक अयोध्यातिर प्रस्थान गरे । त्यस शिष्यमण्डलीमा लव र कुश दुई कुमार पनि थिए । अयोध्यामा गएर ती दुई कुमारले जहाँतहीं रामायणको गान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आरम्भ गरे। महर्षिले अघिबाटै यिनीहरूलाई यस कुराको सूचना दिएका थिए कि यदि महाराज रामचन्द्रबाट तिमीहरूको गाना सुन्न चाहनुभयो भने तिमीहरूले उहाँ पनि प्रसन्नता-साथ गाना सुनाउनू। फेरि तिमीहरूलाई वहाँबाट केही धनहरू पारितोषिक दिनुभयो भने त्यस वेला तिमीहरूले यही चिन्ति गर्नु कि हामी फलफूल खोजी खाने वनवासी तपस्वी हौं, हामीलाई द्रव्यको केही प्रयोजन छैन। फेरि उहाँबाट तिमी-हरूको परिचयविषयक प्रश्न गर्नुभयो भने तिमीहरूले यत्ति मात्र भन्नु कि हामीहरू महर्षि वाल्मीकिका शिष्य हौं। हेर, राजा भनेका सबैका पिता हुन्, यसउसले उहाँका अगाडि तिमीहरूले बहुतै सभ्यताका साथ गान सुनाउनू।

आफ्ना गुरु वाल्मीकिका कथनानुसार लव र कुश दुवै कुमार जनसमूहमा गएर जहाँ तहाँ रामायणको गाना सुनाउन लागे। जो यिनीहरूको गान सुन्थ्यो सो मोहित हुन लाग्द-थ्यो। फेरि जुन ठाउँमा यिनीहरूले गानको आरम्भ गर्थे उस ठाउँमा हजारौं स्त्री पुरुषको भीड जम्मा हुन लाग्दथ्यो।

यस्तैमा महाराज रामचन्द्रबाट पनि यिनीहरूका गानाको वर्णन सुन्नुभयो र सो गाना सुन्नाका निमित्त उहाँले यी दुई कुमारलाई आफ्नो राजसभामा बोलाउनुभयो। उहाँको आज्ञा-अनुसार उनीहरूले पनि अत्यन्त योग्यतासाथ रामायण-काव्य-को गान प्रारम्भ गरे। उनीहरूको गाना सुन्नु ता परै रहोस् उनीहरूको सौन्दर्य र उनमा आफ्ना शरीरको समानता देखी महाराज रामचन्द्रको हृदय प्रेमले पूर्ण हुँदै आयो। उनीहरू-लाई देख्तैमा उहाँको नेत्रका सामने नै सीतादेवीको मूर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यक्ष नाच्न थाल्यो, यति मात्र होइन कि उहाँका मनमा यी दुई कुमार पक्का सीताजीकै पुत्र हुन् भन्ने यस्तो निश्चय समेत भयो । यसैले मुनिवेशमा रहेका ती दुई कुमारलाई देखेर रामचन्द्रका नेत्रमा अश्रुमण्डलले व्याप्त गऱ्यो । उहाँले आफ्नो प्रेमप्रवाहलाई केही गरेर पनि रोक्न सक्नुभएन । उत्तिखेरै उहांले त्यस दिनको सभा विसर्जित गरेर यी दुई कुमारलाई भन्नुभयो— "बाबुहो ! आजलाई तिमीहरूको गाना बन्द भयो । अहिले तिमीहरू जाओ, फुर्सदमा एक दिन तिमीहरूको गाना सुनौंला ।" यति भनेर फेरि श्रीरामले यिनीहरूका गानशैलीको प्रशंसा गर्दै आफ्ना कोशाध्यक्षलाई आज्ञा दिनुभयो— "यिनीहरूले मागे जति ऐश्वर्य पुरस्कार दिएर पठाऊ ।" परन्तु रामचन्द्रको त्यस्तो आज्ञा भयो तापनि ती कुमारहरूले गुरु वाल्मीकिको आज्ञानुसार उहांबाट बक्सेको धन स्वीकार गरेनन् । तिनीहरूको त्यस्तो निर्लोभता देखेर रामचन्द्र झन् विस्मित हुनुभयो । यसै अवसरमा उहाँले ती कुमारहरूसँग उनको परिचयप्राप्तिको इच्छा प्रकट गर्नुभयो । तर उनीहरूले यत्ति मात्र विनयपूर्वक निवेदन गरे—"महाराज! हामी महर्षि वाल्मीकिका शिष्य व्हौं ।" यिनीहरूको यो उक्ति रामचन्द्रलाई सन्देहजनक भयो । उहाँले यिनीहरूलाई केवल वाल्मीकिका शिष्य मात्र सम्झनुभएन । उहांको मनमा सब तरहबाट यी जानकीका पुत्र हुन् भन्ने पूरा निश्चय भयो । रामचन्द्रलाई मात्र होइन कि भरत, लक्ष्मण, शत्रुघ्न र कौशल्या आदि राजपरिवारहरूमा पनि यही कुराको निश्चय भएको थियो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो विचार र अरू सारा परिजनको समेत यही निश्चय देखेर श्रीरामले महर्षि वाल्मीकिलाई फेरि बोलाउन पठाउनुभयो। उनी आउनासाथ उहाँले भन्नुभयो–"भगवान्! यदि जानकी शुद्ध छिन् र आफ्ना सच्चरित्रताको प्रत्यक्ष परिचय दिन सक्छिन् भने शीघ्र यहां आएर मलाई लोकापवादरूप कलंकबाट मुक्त गराऊन्।"

महर्षि वाल्मीकिले रामचन्द्रको आशय बुझेर सीताजीलाई लिएर आए। त्यसपछि भोलिपल्ट फेरि सीताजीको विषयमा रामचन्द्रले सभा गर्नुभयो। उहाँ अनेक ऋषिमुनिहरू र राजाहरूसमेत उपस्थित थिए। यज्ञोत्सवको समय हुनाले सुग्रीव, विभीषण आनि मित्रवर्ग पनि अघिबाटैदेखिन् निमन्त्रित भएर आएकै थिए। उनीहरूसमेत सभामा विराजमान भए। सारा सभागृह सभासद्का पारस्परिक आलापले गुञ्जित हुन थाल्यो। यस्तै अवसरमा महर्षि वाल्मीकिले सीताजी र उहाँका दुई कुमारलाई पछि पछि लिएर त्यस सभागृहमा प्रवेश गरे। त्यस वेला जानकी गेरुवा पोशाक पहिरेकी हुनुहुन्थ्यो। यद्यपि उहाँका पवित्र गात्र स्वामीविरह र तपश्चर्याले गर्दा बहुतै दुब्लो थियो तथापि उहाँका मुखमण्डलमा पातिव्रत्य धर्मको तेज झल्किरहेको थियो। उहाँको यो अवस्था देखेर सारा सभासद्का आँखामा अश्रुप्रवाहले बाधा पार्न थाल्यो। सम्पूर्ण सभासद्गण सीतादेवीको मुखमण्डलमा टकटकी बाँधेर हेर्न लाग्यो।

सभामा पुगेर अभ्युत्थानादिका अनन्तर महर्षि आदिकवि वाल्मीकिले श्रीरामचन्द्रसँग निवेदन गरे–"महाराज! हजूरकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पतिव्रता पट्टमहिषी सीताजी यिनै हुन् । हजूरको आज्ञा हुनासाथ यिनी आफ्ना सच्चरित्रताको प्रत्यक्ष परिचय दिनका निमित्त दृढसकल्प भएकी छन् । यिनबाट पैदा भएका हजूरका पुत्ररत्न पनि यिनै हुन् । यिनीहरूको जातकर्मादि सारा संस्कार मेरै आश्रममा भएको छ । यी दुई कुमार सकल विद्याका निधान छन् । धनुर्विद्यामा पनि यिनीहरू पारगत छन् । म आजन्मको धर्मलाई लिएर शपथ गर्न सक्तछु कि सीतादेवी सर्वथा निर्दोष छिन् । यिनलाई हजूर शुद्ध सम्झेर ग्रहण गर्नुहोस् । वास्तवमा हजूरले यिनलाई त्याग गरेको कारण केवल लोकनिन्दाका भयले मात्र हो, यिनको शील स्वभाव र आन्तरिक विचार पनि हजूरमा सब जाहेरै छ । म के विन्ति गरूँ ?"

वाल्मीकिको कथनान्तर श्रीरामले भन्नुभयो- ऋषीश्वर ! तपाईंको कथन यथार्थ हो । जस्तो तपाईं आज्ञा गर्नुहुन्छ सीताजी उस्तै छिन् । अघि पनि लङ्काविजयको अन्त्यमा मैले सारा लोकको समक्षमा यिनका सच्चरित्रताको परिचय दिएथें, परन्तु के गरूँ, तपाईंलाई विदितै छ कि लोकनिन्दा प्रबल छ । यसै कारण मैले यिनलाई फेरि वनवासको आज्ञा दिएको हुँ, त्यसमा अरू कारण केही थिएन । यो कुरा अघि तपाईंबाट पनि आज्ञा भयो र अब यिनलाई निर्दोष जानेर पनि लोकनिन्दाको भयले नै म ग्रहण गर्न संकुचित हुन्छु ।"

महर्षि वाल्मीकिका साथ श्रीरामचन्द्रको सम्भाषणबाट सीताजीलाई पूर्णतया ज्ञान भयो कि अब यस असत्य लोकापवादको भयले शुद्ध ठहराए पनि मलाई श्रीरामचन्द्रले अवश्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहण गर्नुहुनेछैन । यस्तो निश्चय बुझेर सीताजीले विचार गर्नुभयो-"अब मैले यस संसारमा रहने काम केही छैन । यस भौतिक देहलाई आज यहीं विसर्जन गर्दछु । यही बिचारलाई दृढ गरी सीताजी सम्पूर्ण सभासद्का अगाडि रामचन्द्रको समीपैमा अधोमुख भएर पृथ्वीमातासँग यो प्रार्थना गर्न लाग्नुभयो:–

'हे माता भूमिदेवी ! तपाईं मेरी जननी हुनुहुन्छ । तपाईंबाट मेरो शरीर संवर्धित भएको हो । आजसम्म पनि मैले तपाईंके अङ्कमण्डलमा विचरण गरेर यो जीवन बिताएँ, अब म यस निरर्थक विचरणदेखिन् विरत हुनाको इच्छा गर्दछु । यसै कारण मेरो अन्तिम प्रार्थना तपाइको चरणकमलमा यही छ, मेरो यो देह तपाईंको विराटरूपमा लीन होओस् । हे माता ! मेरा स्वामीले नै मलाई परित्याग गर्नुभयो भने म सबतिरबाट परित्यक्ता भइसकें, अब मेरो तपाईं सिवाय अर्को आश्रय कोही छैन । यस अवस्थामा प्राप्त भएकी आफ्नी प्रिय पुत्रीको शरण लिनु नलिनु तपाईंको इच्छामा छ । तर मलाई पूर्ण विश्वास छ कि मेरो शरीर सदाका निमित्त तपाईंको अन्तरात्मामा अवश्य मिल्नेछ ।

हे पाञ्चभौतिक देह ! अब तँ किन विलम्ब गर्दछस् ? मलाई बिदा दे तँ जर्जर भइसकिस् । तेरो र मेरो सम्बन्ध अबलाई सुहाउँदैन, आजदेखिन् चिरानुभूत सम्बन्धको बन्धन तोड्नुपर्दछ ।

हे परमात्मन् ! तिमी अन्तर्यामी छौ, यदि म निर्दोष रहेछु । यदि मैले श्रीरामचन्द्रबाहेक अरू कुनै पुरुषको ध्यान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्र पनि कहिल्यै मनमा राखेकी रहिनछु, यदि श्रीराममा मेरो सच्चा भक्ति रहेछ भने, हे विश्वम्भर ! हे विश्वसाक्षी ! तिमीहरूलाई मेरो नमस्कार छ, अहिल्यै यस दुःखजालदेखि मलाई मुक्त गराओ ।"

सतीशिरोमणि सीतादेवीले यसरी प्रार्थना गर्दा जमीनमा घाँदो फाट्न थाल्यो। उहाँको प्रार्थना पूरा हुंदा नहुँदा अकस्मात् त्यस घाँदाको बीचबाट सिंहासनाकार तेजोमण्डल निस्कयो । त्यसैमा विराजमान भएर जगत्पूज्या सतीशिरोमणि सीताजी श्रीरामचन्द्र र अरू अरू सारा सभासद्हरूका समक्षमा आफ्नी जननी जन्मभूमिको अन्तरात्मामा सदाका निमित्त लीन हुनुभयो ।

भगवती परमपावनी सीतादेवीको लीला संवरण देखेर महाराज रामचन्द्र चकित हुनुभयो.। सम्पूर्ण सभ्यमण्डली पनि आश्चर्य र शोकसागरमा निमग्न भयो ।

सीतादेवी लोकान्तरित भएका केही दिनपछि महाराज श्री रामचन्द्र पनि सारा राज्यभार पुत्रहरूमा राखी आफ्ना भाइहरूका साथ स्वधाममा प्राप्त हुनुभयो । उहाँका पुत्र पौत्रादिहरू पनि आनन्दपूर्वक राजकाज चलाउन थाले । यही श्रीरामचन्द्रका चरित्रचक्रको संक्षिप्त सूत्र हो ।

यस विशाल संसारक्षेत्रमा महाराज श्रीरामचन्द्र जस्तो धीर, वीर, धर्मज्ञ, सत्यसन्ध, प्रजारञ्जक, गोब्राह्मणसेवक, पितृभक्त, नीतिज्ञ, गुणी, कृतज्ञ, दृढव्रत, सच्चरित्र, परोपकारी, विद्वान्, समर्थ, प्रियदर्शन, जितक्रोध, तेजस्वी, पृथिवीसमान क्षमाशील, कुवेर सदृश दानी र समुद्र जस्तो गम्भीर बुद्धिमान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुष कोही अवतीर्ण भएन । यस्ता जगत्पूज्य, कीर्तनीयचरित्र, श्रीरामचन्द्रको प्रतिक्षण भक्तिपूर्वक चिन्तना गरेर सम्पूर्ण लोकले निज चरित्रलाई सुधार्नामा सदा प्रयत्नवान् हुनुपर्दछ, यसैले समस्त संसारको कल्याण हुनेछ ।

राज्यश्रीसुख भोगको समयमा छाडी अयोध्या पनि
जाई जंगलमा रूँदै उहिं पनि कान्तावियोगी बनी ।
लाखौं कष्ट सहेर सागर तरी श्रीजानकी ल्याउनु
ल्याई फेरि जनापवादभयले त्यागी वियोगी हुनु ॥
यस्ता आपद राममा पनि परे प्रत्यक्ष नै देखियो
दुःखैको अखडा रहेछ दुखियो निःसार संसार यो ।
राखी धैर्य तसर्थ विज्ञ जनले दामी विपत्मा मन
आनन्दी रहनू प्रमत्त नहुनू यै भन्छ रामायण ।

उत्तरकाण्ड समाप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

DATE DUE

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

294.5922 Acc. No. 14483
Class No ... Book No CHA
Author चालिसे, चक्रपाणी
Title नेपाली संक्षिप्त रामायण

Due on	Borrower's Name	Returned on

294.5922
CHA
98852

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली संक्षिप्त रामायण

हाम्रा केही धार्मिक पुस्तकहरू

अन्तर्जगत्	३।५५	खेमराज केशवशरण
अष्टावक्र	४।७०	रामकृष्ण शर्मा
योगवाशिष्ठ विषयसार	३।–	दुर्गाप्रसाद भट्टराई
विश्वधर्मको वर्णमाला	४।–	किरण शङ्कर
नेपाली संक्षिप्त भारत	१५।–	चक्रपाणि चालीसे
नेपाली संक्षिप्त रामायण	—	चक्रपाणि चालीसे

साझा प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu